सहकारी क्षेत्रमा संकट देखिएको सत्य भएपनि बहुसंख्यक संस्था सबल छन्



ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघद्वारा प्रकाशित

# साकोस सरोकार

त्रैमासिक

"दिगो साकोस अभियानः प्रविधि, रुपान्तरण र सुशासन"

वर्ष ५, अंक १, असोज २०८३

संघको आवद्धता

## पाँचौं ललितपुर साकोस समिट २०८३



## सहकारी क्षेत्रको सुधार र नियमनमा केन्द्रित छौं

# तस्वीरमा बचत संघ




संघको ३१ औं वार्षिक साधारण सभा





लेखा सुपरिवेक्षण समिति गोष्ठी २०८२ ललितपुर





पैदल यात्रा कार्यक्रम






कर्जा लगानी तथा असुली व्यवस्थापन गोष्ठी २०८३ ललितपुर

**प्रकाशक**
ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

**संरक्षक**
रामहरि बजगाईं

**सल्लाहकार**
करूणा रत्न बज्राचार्य
लक्ष्मी शाक्य
बसन्त माली

**प्रधान सम्पादक**
श्यामकृष्ण महर्जन

**सम्पादक**
बाल मुकुन्द आचार्य (बिएम)

**सम्पादन मण्डल**
**सूचना तथा प्रकाशन उपसमिति**
उर्मिला सापकोटा शाक्य
दिपक प्रसाद घिमिरे
प्रकाश काजी डंगोल
अमृत कुमार श्रेष्ठ
ईश्वर बहादुर गुरूङ

**व्यवस्थापन**
सन्तोष बजगाईं
भिम बहादुर खड्का
दिनेश घिमिरे
सविना बजगाईं

**ले-आउट**
सम्पूर्ण प्रिन्टिङ्ग एण्ड डिजाइनिङ्ग प्रा.लि.
लगनखेल, ललितपुर
फोनः ०१-५४५१८७७

**मुद्रण**
सम्पूर्ण प्रिन्टिङ्ग एण्ड डिजाइनिङ्ग प्रा.लि.

**कार्यालय**
ल.पु.म.न.पा-५, लगनखेल, ललितपुर
फोन : ०१-५४५३००१/५४५३००७
federation.lalitpur@gmail.com
www.lalitpurbachatsangh.org.np

# सम्पादकीय

## विपद्मा सहकारीको दीगोपनाको सवाल

नेपाल प्राकृतिक जोखिमका हिसाबले अत्यन्त संवेदनशील भएकै कारण विपद्ले हरेक वर्ष जनधनको क्षति मात्र पुऱ्याएका छैनन्, देशको अर्थतन्त्रको बलियो खम्बा मानिएको सहकारी क्षेत्रलाई पनि नराम्ररी थिलथिलो बनाएका छन् । हालै भोटेकोशीमा आएको भीषण बाढीका कारण कयौं सहकारी संस्थाका कार्यालय भवन र भौतिक संरचना पूर्ण रूपमा ध्वस्त भएका छन् । अझ दुःखद विषय, विपद्का कारण धेरै सहकारीका ऋणी तथा बचतकर्ताहरूले ज्यान गुमाउनुपरेको छ । यसरी एकातिर भौतिक सम्पत्तिको विनाश र अर्कोतिर सदस्यहरूको सर्वस्व क्षति हुँदा सहकारी संस्थाहरू गम्भीर वित्तीय सङ्कट र अस्तित्वको जोखिममा परेका छन् । कतिपय संस्थाका बहुसंख्यक ऋणि सदस्यको मृत्यु भएको अवस्था समेत छ । यस अवस्थामा समुदायको आपसी सहयोग र सामाजिक, आर्थिक उत्थानका लागि स्थापित सहकारी क्षेत्र कमजोर हुनु भनेको तल्लो तहको अर्थतन्त्र नै धराशायी हुनु हो । भूकम्प, पहिरो र बाढीजस्ता अनपेक्षित विपद्बाट थलिएको सहकारी क्षेत्रलाई पुनरुत्थान गर्दै दीर्घकालीन रूपमा वित्तीय र संस्थागत रूपमा दिगो बनाउन अब परम्परागत ढाँचा बदलेर ठोस कदम चाल्नु अपरिहार्य भइसकेको छ ।

यस अवस्थामा सबैभन्दा महत्वपूर्ण विषय भौतिक रूपमा कार्यालय ध्वस्त हुँदा संस्थाका महत्वपूर्ण वित्तीय विवरण, लेखा प्रणाली र सम्पूर्ण कागजातहरू नष्ट हुने गम्भीर जोखिम रहन्छ । भोटेकोशीको बाढीजस्ता प्राकृतिक प्रकोपमा कार्यालय नै ध्वस्त हुँदा भौतिक फाइल र कम्प्युटर नै बगेर जाँदा धेरै सहकारीको हिसाबकिताब र सदस्यहरूको बचत तथा ऋणको अभिलेख नै गायब हुने अवस्था सिर्जना भयो । यस्तो समस्याबाट जोगिन अब सम्पूर्ण सहकारीले आफ्ना वित्तीय विवरण, सदस्यका कागजात र दैनिक भौचरहरूलाई डिजिटल रूपमा सुरक्षित राख्नुपर्छ । यसका लागि वित्तीय सफ्टवेयरलाई अनिवार्य रूपमा अनलाइन प्रणाली र क्लाउड सर्भरसँग जोड्न आवश्यक छ । अनलाइन र क्लाउड प्रणालीमा तथ्याङ्क सुरक्षित गर्दा भौतिक संरचना ध्वस्त भए पनि जुनसुकै स्थानबाट संस्थाको वित्तीय विवरण प्राप्त गर्न र कारोबारलाई निरन्तरता दिन सकिन्छ ।

यसैगरी सहकारी संस्था, सदस्यको बचत तथा ऋणलाई बीमासँग जोड्नुपर्दछ । संस्थाको सम्पूर्ण कर्जा र सदस्यहरूको सुरक्षणका लागि अनिवार्य बीमा प्रणाली लागु गर्न सकिएमा सदस्यको मृत्यु वा व्यवसाय नष्ट भएको खण्डमा बीमा दाबीबाट क्षतिपूर्ति पाउने व्यवस्था भएमा सहकारी र सदस्य दुवै डुबनबाट जोगिनेछन् ।

विशेषतः प्रभावित सदस्यलाई वा ऋणीहरूको अवस्था हेरेर ऋणको भाका बढाउने, ब्याज मिनाहा वा छुट दिने र पुनः व्यवसाय सञ्चालन गर्न सहुलियतपूर्ण पुनःकर्जाको व्यवस्था गरिनुपर्छ, जसमा नेपाल राष्ट्र बैंक र सरकारको प्रत्यक्ष सहयोग रहनुपर्छ । यसका साथै सहकारीमार्फत वित्तीय तथा प्रविधिगत सुरक्षाका साथसाथै संस्थागत र नीतिगत सबलीकरण पनि उत्तिकै महत्वपूर्ण छ । विपद्बाट अति प्रभावित र साना आकारका कमजोर सहकारीहरूलाई उनीहरूको पुँजीगत आधार र जोखिम वहन क्षमता बढाउन तीनै तहका सरकारले सहकारी नीतिमा विपद् जोखिम व्यवस्थापनलाई अनिवार्य शर्तका रूपमा समावेश गर्दै सङ्कटमा परेका संस्थाहरूका लागि विशेष आर्थिक प्याकेजको घोषणा गर्नुपर्छ ।

विपद् बाजा बजाएर आउँदैन, तर यसको पूर्वतयारी र सङ्कटपछिको अवस्थालाई बुद्धिमानी व्यवस्थापनले क्षति न्यून गर्न सकिन्छ । भोटेकोशीको बाढी र विगतका भूकम्पले दिएको त्रासद पाठलाई बिर्सेर फेरि परम्परागत ढङ्गले अघि बढ्नु आत्मघाति हुनेछ । सहकारीलाई वित्तीय, प्राविधिक र नीतिगत रूपमा मजबुत बनाउँदै विपद्-उत्थानशील बनाउनु आजको मुख्य आवश्यकता हो । सदस्य रहे नै सहकारी रहन्छ भन्ने मूल मर्मलाई आत्मसात् गर्दै राज्य, सहकारी संघ र स्थानीय तह मिलेर अघि बढेमा मात्र यो क्षेत्रलाई सुरक्षित, दिगो र भरपर्दो बनाउन सकिनेछ ।

# सहकारी क्षेत्रको सुधार र नियमनमा केन्द्रित छौँ



**राम कुमार महतो**
**कार्यकारी निर्देशक**
**राष्ट्रिय सहकारी नियमन प्राधिकरण**

नेपालको सहकारी क्षेत्र यतिबेला गम्भीर सङ्कट र विश्वासको सङ्कटबाट गुज्रिरहेको छ । सञ्चालकहरुको बदनियत, फितलो नियमन र बचतकर्ताको असावधानीका कारण हजारौं नागरिकको बचत जोखिममा परेको छ । यसै पृष्ठभूमिमा सहकारी क्षेत्रको सुधार, कानुनी कडाइ र वर्तमान समस्याको समाधानका विषयमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणका कार्यकारी निर्देशक रामकुमार महतोसँग सञ्चारकर्मी बालमुकुन्द आचार्यले गर्नुभएको कुराकानीको सम्पादित अंश :

**पछिल्लो समय राष्ट्रिय सहकारी नियमन प्राधिकरणको गतिविधि के-कस्तो छ ?**

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मुख्य काम सहकारी संस्थाहरूमा सुशासन कायम गर्नु हो । अहिले सहकारीमा देखिएका समस्याका कारण धेरै उजुरीहरू प्राधिकरणमा आएका छन्, जुन मूल रूपमा बचत फिर्ताका लागि हुन् । त्यसैले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मुख्य समय उजुरी व्यवस्थापनमै गइरहेको छ । बचत फिर्ताका उजुरीहरू फछ्र्यौट गर्ने काममा हामी केन्द्रित छौं र यसमा उल्लेखनीय प्रगति पनि भएको छ ।

**पछिल्लो समय कति जति संस्थाहरू प्राधिकरणमा आबद्ध भइसकेका छन ?**

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको एउटा मुख्य काम सञ्चालन इजाजतपत्र प्रदान गर्नु हो । यसका लागि गत असार मसान्तसम्मको समय थियो । सहकारी ऐनको गत असार २५ गतेको संशोधनले एक वर्षभित्र इजाजतपत्र लिनुपर्ने व्यवस्था गरेको छ । यस अनुसार अहिलेसम्म ५ हजार २०० ले इजाजतपत्र पाइसकेका छन् भने १३ हजार सहकारी संस्थाहरू आबद्ध भएका छन् । धेरैजसो सहकारी संस्थाहरूले तोकिएका विवरणहरू नभरेका र उपलब्ध नगराएका कारण इजाजतपत्र प्रदान गर्न सकिएको छैन । केही सहकारी संस्थाहरूले रीतपूर्वक पेस गरे पनि तत्काल रोकिएको अवस्था छ, किनभने सहकारी ऐनको नयाँ संशोधनले केही थप व्यवस्थाहरू गरेको छ । जस्तैः सञ्चालकहरू र प्रमुख कार्यकारी पदमा कार्यरत पदाधिकारीहरूको शैक्षिक योग्यता, अनुभव र "फिट एन्ड प्रपर टेस्ट"का कुराहरू समावेश गरिएका छन् । यसलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा प्राधिकरणको बैठकबाट मापदण्ड संशोधनका लागि तयारी गरिसकिएको छ भने बैठकबाट संशोधन पनि भएको छ, जुन सार्वजनिक हुन भने बाँकी छ । मापदण्ड जारी भइसकेपछि र प्रणालीमा पनि अद्यावधिक गरिसकेपछि छिट्टै इजाजतपत्र प्रदान गर्ने काम सुरु हुन्छ ।

**पछिल्लो समयमा सहकारी संघहरूलाई वित्तीय कारोबारमा रोक लगाइएको छ र तीन वर्षभित्र बचत तथा ऋण कारोबार सबै फिर्ता गरिसक्नुपर्ने भनिएको छ, यो गर्नुको मुख्य कारण के हो ?**

यो कानुनी व्यवस्था हो । कानुनी व्यवस्था भएकाले यसलाई म कानुनको कार्यान्वयन नै भन्छु ।

**संघहरूले वित्तीय कारोबार गरिरहेका थिए, यो व्यवस्था अन्त्य गर्नुको कारण चाहिँ के थियो ?**

यसमा हामीले मूल रूपमा के बुझ्नुपर्छ भने, सहकारी संस्थाहरूको नेतृत्वदायी संगठनको आवश्यकता महसुस भएर संघहरू बनेका हुन् । बचत तथा ऋणको कारोबार त सहकारी संस्था स्वयंले गरिरहेको छ, त्यसैले सहकारीका विषयगत संघहरूले यो गरिरहन आवश्यक छैन । हरेक बस्ती र टोलमा सहकारी संस्थाहरू खुलेका छन् र बचत तथा ऋणको कारोबार गरिरहेका छन् । सहकारी संस्थाहरूले संघहरूबाट पनि ऋण लिने र संघले पनि त्यही काम गर्दा संघहरूको नेतृत्वदायी वा छाता संगठनको भूमिका ओझेलमा पर्छ । बचत तथा ऋणको मुख्य कामबाट अलग रहेर उनीहरूले सहकारी संस्थाहरूको छाता संगठनको रूपमा काम गर्न सकून् भन्ने उद्देश्य नै यसको मुख्य कारण हो ।

**संघहरूले अन्तरलगानीको काम गरिरहेका थिए । यसलाई रोक्दा सदस्य संस्थाहरूलाई अप्ठ्यारो पर्छ कि, कस्तो मूल्याङ्कन गर्नुभएको छ ?**

अप्ठ्यारो केही पर्दैन । विषयगत संघहरू बचत र ऋणको कामबाट मुक्त भएर समग्र रूपमा सहकारी संस्थाहरूको नियमनमा ध्यान दिन सक्छन् । स्वनियमनको सिद्धान्त भएकाले संघहरूले सहकारी संस्थाहरूको नियमनमा ध्यान दिएको भए आज सहकारीमा यस्तो विकृति र भयावह स्थिति आउँदैनथ्यो होला । संघहरू आफैं बचत तथा ऋणमा केन्द्रित भएकाले सदस्यहरू पीडित र अन्यायमा परे । त्यसैले सहकारी संस्था आफैंले लोकतान्त्रिक र स्वनियमनको

अभ्यासद्वारा सुशासन कायम राख्यो भने थप नियन्त्रणको आवश्यकता पर्दैन । हिजोका दिनमा ती कुराहरू ओझेलमा परेकाले आज सहकारी संस्थामा ठूलो सङ्कट देखा पर्‍यो । त्यसैले यी संघहरू बचत तथा ऋणबाट मुक्त भएर सुपरिवेक्षण र नियमन गर्ने काममा लागे भने बचत सुरक्षित हुन र सहकारी संस्थाहरू आफ्ना उद्देश्य अनुसार अघि बढ्न मद्दत पुग्छ ।

**संघहरू जिल्ला, प्रदेश र संघीय तहमा छन् । वित्तीय कारोबारबाहेक उनीहरूको मुख्य काम नजुध्ने गरी छुट्याइदिनेबारे प्राधिकरणको केही सोच वा सल्लाह छ की ?**

सबैभन्दा पहिला त ती संघहरूसँग विकल्प दुइवटा छ, बैंकको रूपमा जाने या सहकारी संघको आफ्नै उद्देश्य अनुसार काम गर्ने । नियमनकारी निकायको रूपमा सहकारी नियमन प्राधिकरणको स्थापना भएको हो । त्यसैले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको हकमा दर्ता, नवीकरण र मापदण्ड निर्धारणका कामहरू हामीले गरेका छौं । यसले गर्दा हिजोको जस्तो विकृति आउँदैन भन्नेमा पूर्ण विश्वास लिन सकिन्छ । संघहरूको हकमा भने उहाँहरू स्वतन्त्र हुनुहुन्छ । मर्ज हुने, बैंकमा जाने वा के गर्ने भन्ने निर्णय उहाँहरू आफैंले गर्नुहुन्छ । यसमा हाम्रो तर्फबाट थप केही सुझाव छैन, उहाँहरू पूर्ण रूपमा स्वतन्त्र हुनुहुन्छ ।

> **"हरेक बस्ती र टोलमा सहकारी संस्थाहरू खुलेका छन् र बचत तथा ऋणको कारोबार गरिरहेका छन् । सहकारी संस्थाहरूले संघहरूबाट पनि ऋण लिने र संघले पनि त्यही काम गर्दा संघहरूको नेतृत्वदायी वा छाता संगठनको भूमिका ओझेलमा पर्छ ।"**

**पछिल्लो समय भोटेकोशी नदीका कारण ठूलो प्राकृतिक प्रकोप आयो । कतिपय सहकारी संस्था पुरै सकियो । सहकारी संस्थाहरूको दिगोपनाका लागि यस्ता प्रकोपबाट बचाउन के गर्न सकिएला ?**

निश्चित रुपमा यो विचारणीय विषय हो । बचतकर्ताहरूको बचत सुरक्षा र समय-समयमा हुने विपद्‌बाट हुने क्षतिको सजिलो उपाय भनेको बिमा नै हो । यसबारे हामी छलफलमा गइसकेका छौं । रजिस्ट्रार कार्यालयसँगको समन्वयमा तथ्याङ्क सङ्कलन गर्ने र छलफल गरेर विपद्‌को समयमा कसरी सुरक्षित गर्न सकिन्छ भन्नेबारे विचार गरिरहेका छौं ।

**सहकारी क्षेत्रमा अहिले देखिएको सङ्कट र निराशालाई हटाउन सदस्य र संस्थाले कसरी अगाडि बढ्नुपर्छ ?**

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था हो भने सर्वप्रथम त्यसले सञ्चालन अनुमति अर्थात् अपरेशन लाइसेन्स लिएको छ कि छैन र त्यो नवीकरण भएको छ कि छैन भन्ने कुरा सदस्यहरूले यकिन गर्नुपर्छ । विगतमा एउटै परिवार वा एकाघरका नातेदारहरू सञ्चालक समितिमा रहने र बाहिरका मानिसहरू केवल बचतकर्ता मात्र हुने परिपाटीले धेरै संस्था सङ्कटमा परेका हुन् । त्यसैले सञ्चालकहरूमा कसको प्रतिनिधित्व छ भन्ने पहिचान सदस्यहरूले गर्नुपर्छ ।

कानुनले नै अहिले कठोर नीति लिएको छ । सञ्चालकहरूले ऋण लिन नपाउने व्यवस्था छ, त्यसको पालना भएको छ कि छैन हेर्नुपर्छ । समयमा साधारण सभा र लेखापरीक्षण भएको छ/छैन यकिन गर्नुपर्छ । सञ्चालकहरू आफैं उदाहरणीय र स्वच्छ हुनुपर्छ । व्यवस्थापक र कर्मचारीहरूले पनि प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधिभन्दा बाहिर गएर काम गर्नुहुँदैन । कसैको प्रभावमा परेर गलत काम गरेमा त्यसको जवाफदेहिता वहन गर्नुपर्छ ।

**✍ सञ्चालकहरूलाई ऋण लिन रोक लगाउने कानुनी व्यवस्थाले उनीहरूलाई थप अप्ठ्यारो पारेको छैन ?**

बचतको आधारमा लिइने सामान्य कर्जाबाहेक धितो राखेर ठूला ऋण सञ्चालकहरूले लिन पाउँदैनन् । यदि कसैलाई ऋणको कारोबार नै गर्नु छ भने उहाँ सञ्चालक पदमा बस्नुभएन । विगतमा प्राय: सबै समस्याग्रस्त सहकारीहरू सञ्चालकहरू आफैं, उनीहरूका एकाघरका परिवार वा नातेदारका नाममा ठूला-ठूला ऋण लिएर नतिरेका कारण नै डुबेका हुन् । त्यसैले यो समस्या नियन्त्रण गर्न कानुनी रुपमा नै यो कडाइ गरिएको हो । पुराना ऋणी सञ्चालकहरूले ऋण चुक्ता गरेर मात्र पुन: सञ्चालकको उम्मेदवार हुन पाउने बाध्यात्मक व्यवस्था छ ।

**✍ प्राधिकरणले अहिले कसरी काम गरिरहेको छ ?**

प्राधिकरण नयाँ स्थापित संरचना भएकाले केही नीतिगत र जनशक्तिको अभाव अझै छ । तर पनि हामी सीमित स्रोत र साधनका बीच नियमित काम गरिरहेका छौं । अहिले हाम्रो मुख्य ध्यान करिब एक हजारको संख्यामा आएका उजुरीहरूको फछ्र्यौटमा केन्द्रित छ । सघन र विशेष अनुगमन, विशेष गरी उजुरी र सम्पत्ति शुद्धीकरणको कोणबाट अनुगमन गर्ने काम भइरहेको छ । उजुरी फछ्र्यौट र बचत फिर्ताको विषय प्राथमिकतामा परेकाले प्रचारप्रसार वा प्रवर्द्धनात्मक अन्तरक्रियाका कामहरूमा अहिले धेरै ध्यान दिन सकिएको छैन ।

**✍ कर्जा असुलीका सवालमा अहिले पाँच वर्षभन्दा पुराना ऋणहरूलाई ध्यान नदिंदा सहकारीको सङ्कट छिट्टै समाधान होला र ?**

प्राधिकरणले पुराना वा नयाँ जे भए पनि उजुरी आएका विषयलाई हामीले गम्भीरतापूर्वक लिएर कारबाही गरेका छौं । सञ्चालकहरूको चल-अचल सम्पत्ति, बैंक खाता, सेयर रोक्का गर्ने र विदेश यात्रामा प्रतिबन्ध लगाउने जस्ता कारबाहीबाट केही बचत फिर्ता पनि भएको छ । धेरैजसो संस्थाहरूमा सञ्चालकहरू नै फरार हुने, संस्थाको नाममा सम्पत्ति नहुने र सञ्चालकको नाममा पनि सम्पत्ति नदेखिने बदनियतपूर्ण अपराध जस्तो स्थिति देखिएको छ । यसलाई सोही अनुरूप उपचार गर्नुपर्छ ।

**✍ प्राधिकरणलाई पूर्ण रूपमा काम गर्न अहिले के-कस्ता असहजता छन् ?**

सहकारी तीनवटै तहको अधिकार क्षेत्रभित्र पर्ने भएकाले नियमनकारी निकायहरु पनि बाँडिएका छन् । संघमा सहकारी रजिस्ट्रारको कार्यालय, नियमन प्राधिकरण, समस्याग्रस्त व्यवस्थापन समिति र कर्जा असुली न्यायाधीकरण जस्ता निकाय छन् । सीमित स्रोत र साधनका बाबजुद प्राधिकरणले पाएको अधिकारभित्र रहेर काम गर्न कुनै समस्या छैन र हामीले प्रगति पनि हासिल गरिरहेका छौं ।

**✍ सहकारी संघ बैंक बन्नका लागि अन्य संघहरूसँग मर्ज भएमा पुराना ऋणको स्वामित्व कसले लिन्छ ?**

कुनै पनि संस्था अर्को रूपमा रूपान्तरण वा मर्जरमा जाँदा त्यसको सम्पत्तिसँगै दायित्व पनि हस्तान्तरण हुन्छ । जसरी राष्ट्रिय सहकारी विकास बोर्डका सबै सम्पत्ति र दायित्व प्राधिकरणमा आए, त्यसैगरी अन्य संस्थाको हकमा पनि दायित्वसहित नै नयाँ संयन्त्रले स्वामित्व लिने कानुनी प्रक्रिया हुन्छ ।

**✍ अन्त्यमा, सहकारी क्षेत्रको भविष्यलाई कसरी हेर्नुभएको छ ?**

व्यक्तिगत सम्पत्ति उकास्न, रोजगारी सिर्जना गर्न र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउन सहकारीको उल्लेखनीय भूमिका छ । हिजो अभियानका रूपमा तीव्र गतिमा अगाडि बढ्दा केही विकृतिहरु पक्कै देखिए । तर, यति हुँदैमा सहकारीको सम्भावना सकिएको होइन । सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई पालना गरेर अघि बढेमा यसलाई पुन: अर्थतन्त्रको बलियो खम्बाका रूपमा खडा गर्न सकिन्छ । यसका लागि सरकार, सहकारीकर्मी र सदस्य सबैको सकारात्मक साझेदारी आवश्यक छ ।

# सहकारी क्षेत्रमा सङ्कट देखिएको सत्य भएपनि बहुसंख्यक संस्था सबल छन्






कृष्णहरि बास्कोटा

सहकारी क्षेत्र अत्यन्त महत्वपूर्ण क्षेत्र हो । युरोपको इतिहासलाई हेर्दा पनि सबै विकासको एउटा बलियो आधार सहकारी नै हो । १६औं र १७ औं शताब्दीमा युरोपको विकास सहकारी क्षेत्रबाटै भएको कुरामा कुनै विवाद छैन । सहकारीका केही आधारभूत सिद्धान्तहरु संसारभरि नै समान छन् । ती सिद्धान्तहरुमा आधारित भएर अगाडि बढ्नु नै सहकारीको मुख्य सार हो । सहकारीमा पहिलो बिषय सहकार्यको भावना हुन्छ, जसअन्तर्गत वरीपरी बसेका मानिसहरुका बीच आपसमा आफूसँग भएको चिजको आदानप्रदान गरिन्छ । दोस्रो बिषय अनुशासन हो, जहाँ एकअर्कालाई आदर गर्ने, सबैले सबैलाई मान्ने र शान्ति कायम राख्ने सिद्धान्त पालना गरिन्छ । साथै, आफूमा भएको आर्थिक तथा प्राविधिक क्षमताहरु एकअर्कामा अगाडि बढाउने र ऐक्यवद्धता कायम गर्ने काम यसभित्र पर्छ । त्यसैले जसरी पनि सामूहिकताको भावनाबाट सामाजिक र आर्थिक सुधार गर्नु नै सहकारीको मूल मर्म हो ।

यस क्षेत्रमा सरकारले नै सहकारीको सुशासन किन गरिदिन सकेन भन्नुभन्दा पनि सहकारीकर्मीले आफैं सुशासनको खोजी गर्नुपर्छ । सरकार त एक प्रकारको नियामक निकाय मात्र हो । उसले सहकारीको सिद्धान्त पालना नभएर सुशासन कायम भएन भने कारबाही गर्ने काम गर्छ । जहिले पनि सरकारले तीन प्रकारका कामहरु गर्छ । पहिलो प्रिभेन्टिभ अर्थात् निरोधक काम हो, अर्थात् सहकारीको अनुशासन र सिद्धान्तमा कतै डगमगाउन नआओस् भनेर सरकारले सहयोग गर्छ । दोस्रो क्युरेटिभ अर्थात् उपचारात्मक हो, जसअन्तर्गत कोही सहकारीको भावना वा सुशासनभन्दा बाहिर विचलित भयो भने उसलाई दण्डित गरिन्छ । तेस्रो प्रमोसनल अर्थात् प्रवर्द्धनात्मक हो, जहाँ सहकारीको भावना अनुसार अगाडि बढ्न सरकारले प्रोत्साहित गर्ने प्रकारका कामहरु गर्छ । यसरी सहकारीमा सुशासन कायम गर्न करिब-करिब ७० लाख सहकारीकर्मी नै आफैं अगाडि सर्नुपर्छ र सरकारले होस्टेमा हैंसे गर्दै सहकारीभित्र सुशासन कायम गर्न पहल गर्नुपर्छ ।

अहिलेको संरचनात्मक अवस्थालाई हेर्दा सरकारी पक्ष र सहकारीकर्मी दुवैतर्फ केही कमजोरीहरु देखिन्छन् । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय सरकारको एकल अधिकारभित्र सहकारी भन्ने विषयलाई मुख्य प्राथमिकताका साथ राखिएको छ । यसको अर्थ सहकारीहरु अब गाउँपालिका र नगरपालिका स्तरमै सञ्चालन हुनुपर्ने, दर्ता हुनुपर्ने र नियमन हुनुपर्ने हो । स्थानीय सरकारले नै सहकारीको विकासका निमित्त लगानी गर्ने, तालिमहरु दिने, अनुदानहरु दिने, उत्पादन भएका वस्तुहरुको बजार खोजिदिने, ब्रान्डिङ गर्ने र क्षमता विकासका लागि अन्य मुलुकहरुमा भ्रमणमा पठाउने जस्ता सबै कामहरु गर्नुपर्छ ।

यो संवैधानिक व्यवस्था अनुसार सहकारीका सबै निकायहरु र छाता सङ्गठनहरु पनि स्थानीय तहमै आबद्ध हुनुपर्ने र त्यहीँ खुल्नुपर्ने हो । तर, अझै पनि हाम्रा सहकारीकर्मीहरुमा साविकको एकात्मक सरकार हुँदाको केन्द्रीय स्तरको संस्था झै शक्तिशाली भइरहनुपर्छ भन्ने भ्रम कायम छ । पहिला पाँच विकास क्षेत्र वा १४ अञ्चल हुँदा जुन स्तरमा काम हुन्थ्यो, अहिले ७७ वटा जिल्ला हुँदा पनि जिल्ला स्तरमै सहकारी खोल्ने क्रमलाई नै सहकारीकर्मीहरुले निरन्तरता दिए । अर्कोतिर सरकारले पनि संघको अधिकार छोड्न चाहेन । संघबाटै रजिष्ट्रार, नियमन प्राधिकरण, राष्ट्रिय सहकारी बोर्ड र मन्त्रालयले सबै काम नियन्त्रण गरिरहे । प्रदेशमा पनि यही कुरा दोहोऱ्याउन खोजियो ।

वास्तवमा सहकारीकर्मीहरु र यसका संरचनाहरु पालिका स्तरमै जानुपर्ने हो । त्यसो हुँदा पालिका-पालिका स्तरमा सहकारीको स्वस्थ प्रतिस्पर्धा हुन्थ्यो । एउटा पालिकाभन्दा अर्को पालिकाको सहकारी उत्कृष्ट छ वा

> **“अझै पनि हाम्रा सहकारीकर्मीहरुमा साविकको एकात्मक सरकार हुँदाको केन्द्रीय स्तरको संस्था झै शक्तिशाली भइरहनुपर्छ भन्ने भ्रम कायम छ । पहिला पाँच विकास क्षेत्र वा १४ अञ्चल हुँदा जुन स्तरमा काम हुन्थ्यो, अहिले ७७ वटा जिल्ला हुँदा पनि जिल्ला स्तरमै सहकारी खोल्ने क्रमलाई नै सहकारीकर्मीहरुले निरन्तरता दिए । अर्कोतिर सरकारले पनि संघको अधिकार छोड्न चाहेन ।”**

सुविधाहरु बढी छन् भन्ने वातावरण बन्नुपर्थ्यो । तर मुलुक संघीयतामा गए पनि हामीले त्यसलाई एकात्मक शैलीमै सञ्चालन गर्यौं । संघीय सहकारी मन्त्रालय र राजिष्ट्रार, प्रदेश सहकारी मन्त्रालय र प्रदेश रजिष्ट्रार जस्ता संरचनाहरु खडा गरिए, तर जे जस्ता बलिया संरचनाहरु पालिका स्तरमा हुनुपर्थ्यो, ती पालिका स्तरमा बनेनन् ।

यसमा सहकारीकर्मीहरूले पनि पालिका स्तरमा संरचना खोइ भनेर प्रश्न गरेनन् । संघतिरै जान पाए अलि ठूलै सहकारी भइन्छ कि भन्ने भ्रममा सहकारीकर्मीहरू पनि रहे । यसर्थ संघीय सरकार र सहकारीकर्मी दुवैको भ्रमका कारण संघ र प्रदेशमा अनावश्यक संगठनहरू स्थापना भए र सञ्चालन भइरहे । सरकार शासन गर्न उद्यत भइरहने र जनता शासित हुन इच्छुक हुने जस्तै सहकारीकर्मीहरू पनि संघले नै सञ्चालन गरिदिए लाभ पुग्छ भन्ने सोचमा रहे । संविधानले पालिका स्तरले नै नियमन गर्ने र शासन नै गर्नु परे पनि पालिकाले गर्ने, संघ र प्रदेशले होइन भन्ने भावना दिएको भए पनि त्यसलाई सरकारी पक्ष र सहकारीकर्मी दुवैले आत्मसात गर्न सकेको देखिँदैन ।

> **"जे हुनु भइसक्यो, तीनै तहका सरकारले सहकारीका माध्यमबाट मुलुकमा कसरी आर्थिक र सामाजिक रूपान्तरण गर्न सकिन्छ भन्नेमा ध्यान दिनुपर्छ । संघीय सरकारले आफूले गर्नुपर्ने मुख्य भूमिका मात्र निर्वाह गर्नुपर्छ । निश्चित रकम निश्चित कारोबार गर्ने सहकारीको नियमन मात्र केन्द्रीय स्तरको सहकारी रजिष्ट्रारले गर्नुपर्छ । त्यही विषयसँग जोडेर एउटा निश्चित मापदण्ड वा स्ट्यान्डर्ड अपरेसन प्रोसिड्युर (एसओपी) बनाएर दिनुपर्छ ।"**

अहिलेको अवस्थामा एकातिर संविधान र कानुनले एउटा कुरा बोल्ने र अर्कोतिर हामीले अर्कै संरचनाहरू बनाउने गर्दा जटिलता पैदा भएको छ । कि त संघीयताको भावना अनुसार रूपान्तरण हुनुपर्‍यो वा संविधान नै संशोधन हुनुपर्यो । अहिलेको स्थिति अनौठो बनेको छ । तैपनि सहकारीको भूमिका अत्यन्त महत्वपूर्ण छ । नेपालमा रहेका करिब ३० हजार सहकारीमध्ये १०-१२ हजार वित्तीय सहकारी होलान्, अन्य त वस्तुगत सहकारीहरू छन् । मौरी उत्पादन, मह उत्पादन, दुग्ध विकास र किसानका सहकारीहरूको ठूलो महत्व छ । महिला उत्थानका निमित्त सहकारीले ठूलो भूमिका निर्वाह गरेको छ । गाउँ-गाउँमा छरिएर रहेको पुँजीलाई एकीकृत गरेर घरेलु, लघु तथा साना उद्योग सञ्चालन गर्न सहकारीले ठूलो भरथेग गरेको छ ।

अहिले सहकारीकै माध्यमबाट मानिसहरूले हरियो तरकारी र नगदे खेती गरेर आर्थिक उन्नति गरेका छन् । सहकारीका अस्पताल, प्याथोलोजी, रेडियोलोजी र एक्स-रे मेशिनसहितका स्वास्थ्य सुविधाहरू सञ्चालनमा छन् । सहकारीले विद्यालय चलाउनेदेखि लिएर बाख्रापालन, बंगुरपालन जस्ता थुप्रै आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरेको छ । यसले समाजमा विद्यमान छुवाछूत जस्ता कुरीतिहरू तोड्दै सामाजिक रूपान्तरण पनि गरेको छ । विशेषगरी महिला जागरणका निमित्त महिलाहरूबाटै सञ्चालित ४ हजारभन्दा बढी सहकारी नेपालभर छन् । यसबाट महिलाहरूको आर्थिक अवस्था र चेतनाको स्तरमा ठूलो सुधार आएको छ । सहकारीकै माध्यमबाट महिलाहरू राजनीतिक पदमा समेत पुग्न सफल भएको छन् । अहिलेका धेरै सांसद, मन्त्री, प्रदेश सांसद, प्रदेशका मन्त्री, स्थानीय पालिकाका मेयर, उपमेयर र वडा अध्यक्षहरू अधिकांश सहकारीकर्मी छन् । एक प्रकारले सहकारी राजनीतिक जागरणको एउटा उर्वर स्थल भएको छ ।

अब जे हुनु भइसक्यो, तीनै तहका सरकारले सहकारीका माध्यमबाट मुलुकमा कसरी आर्थिक र सामाजिक रूपान्तरण गर्न सकिन्छ भन्नेमा ध्यान दिनुपर्छ । संघीय सरकारले आफूले गर्नुपर्ने मुख्य भूमिका मात्र निर्वाह गर्नुपर्छ । निश्चित रकम निश्चित कारोबार गर्ने

सहकारीको नियमन मात्र केन्द्रीय स्तरको सहकारी रजिष्ट्रारले गर्नुपर्छ । त्यही विषयसँग जोडेर एउटा निश्चित मापदण्ड वा स्ट्यान्डर्ड अपरेसन प्रोसिड्युर (एसओपी) बनाएर दिनुपर्छ । त्यही आधारमा प्रदेश सरकारहरूले कानुन बनाउन पाउने र प्रदेशको कानुनको आधारमा स्थानीय सरकारहरूले कानुन बनाउन पाउने व्यवस्था गरी तीनै तहका सरकारबीच नियमनकारी भूमिकामा एकरूपता कायम गरिनुपर्छ । सहकारीकर्मीहरूलाई काम गर्न सहज वातावरण बनाउने र तीनै तहका सरकारले सहजीकरणको भूमिका निर्वाह गर्दै अगाडि बढ्ने हो भने मुलुकको सामाजिक र आर्थिक उत्थान छिटो हुन सक्छ ।

पछिल्लो समय सहकारी क्षेत्रप्रति जनविश्वास गुमेको र सङ्कट देखिएको कुरा सत्य हो, तर मुलुकका सबै सहकारी बिग्रिएका होइनन् । बढीमा ५ सयभन्दा बढी सहकारीहरूले बाटो बिराएका छैनन् । बाटो बिराएकामध्ये केहीले बदमासी नै गरेका छन्, जसलाई दण्डको भागीदार बनाउनैपर्छ । तर, केही सहकारीहरू भने असहज परिस्थितिमा परेका हुन् । निक्षेपकर्ताको बचत रकम जहाँ लगानी गरियो, त्यो लगानी फस्यो वा ऋणीले समयमा साँवा-ब्याज तिर्न सकेनन् । खासगरी जग्गामा बढी लगानी भएको र जग्गाको मूल्य घटेका कारण समस्या आयो । निक्षेपकर्ताहरू एकैपटक रकम फिर्ता माग्न आउँदा नगद प्रवाहमा जटिलता उत्पन्न भयो ।

यसमा अलिकति अफवाह र भ्रामक प्रचारप्रसारको पनि भूमिका रह्यो । फलानो सहकारी भाग्यो वा लुट्यो भन्ने हल्ला फैलिएपछि सबै बचतकर्ताहरू एकैपटक लाइनमा बस्न पुगे, जसले गर्दा तरलताको समस्या भयो । केही सहकारीले विभागको नीति-नियम, प्रचलित कानुन र आफ्ना निश्चित उद्देश्य तथा मापदण्डभन्दा बाहिर गएर काम गर्दा यो सङ्कट आएको हो ।

यद्यपि, सहकारी आफैँमा बेथिति होइन । औंलामा घाउ भयो भन्दैमा हातै काट्न मिल्दैन । जुन औंलामा घाउ भएको छ, त्यसैको उपचार गर्नुपर्छ । बेथिति गर्नेहरूलाई सच्याउने र कानुन बमोजिम दण्डित गर्नेतर्फ जानुपर्छ । जनताको डुबेको निक्षेप फिर्ता गराउन राज्य प्रणालीले उपयुक्त विधिबाट वातावरण मिलाइदिनुपर्छ । अन्य राम्रा सहकारीका हकमा भने विश्वासको वातावरण बनाउनुपर्छ र जनतासँग भिजेर काम गर्नुपर्छ । संघीय सरकारले वार्षिक बजेट वक्तव्यमार्फत सहकारीप्रति सकारात्मक दृष्टिकोण सार्वजनिक गर्नुपर्छ । नेपाल राष्ट्र बैंकले पनि मौद्रिक नीतिमार्फत सकारात्मक ढङ्गले सम्बोधन गर्नुपर्छ । बैंक तथा वित्तीय संस्थाहरूले सहकारीलाई हेर्ने दृष्टिकोण सकारात्मक राख्नुपर्छ । सहकारी बैंक र सहकारी बोर्डहरूले नियमित रूपमा असल अभ्यासको आदनप्रदान र अनुगमन गरिदिनुपर्छ ।

सहकारी रजिष्ट्रार कार्यालयले अनुगमन गर्ने भए पनि नेपाल राष्ट्र बैंकले कसरी अनुगमन गर्दा विश्वसनीयता कायम हुन्छ भन्ने विषयमा सघाउनुपर्छ । बैंकहरूको विश्वसनीयता कायम गराउन नेपाल राष्ट्र बैंकले खेलेको भूमिका जस्तै, सहकारी रजिष्ट्रार कार्यालयलाई "सेकेन्ड टायर" नियामक निकायका रूपमा बलियो बनाउन समयसापेक्ष सहकारी ऐनमा संशोधन गरी प्रभावकारी तुल्याउनुपर्छ । "नखाएको विष लाग्दैन" भन्ने सिद्धान्त अनुसार बिराउनेलाई दण्ड र नबिराउनेलाई अगाडि बढ्ने प्रोत्साहन गर्ने वातावरण आम जनता, सञ्चारकर्मी र राज्यले बनाउनुपर्छ ।

संसारभरि नै सहकारीको सिद्धान्त भनेको सानो छरिएको पुँजीलाई एकीकृत गरेर गाउँ र टोलमा आर्थिक समुन्नति ल्याउने र अझ विकसित भएपछि बैंकिङ प्रणालीमा जाने भन्ने नै हो । सानो पुँजीबाट उत्पादन गर्ने र त्यो उत्पादन उद्योगसम्म पुर्‍याएर बिक्री वितरण गर्ने प्रणाली सहकारीले बसाउँछ । स्थानीय स्तरमा सहकारीले साक्षरता, स्वास्थ्य, शिक्षा, राजनीतिक संस्कार र सामाजिक विकृति उन्मूलन जस्ता सामाजिक रूपान्तरणका कामहरू गर्छ ।

यसर्थ: धमिलो भएको छविलाई सुधार्न सबै सहकारीकर्मीहरू मन, वचन र कर्मले अगाडि बढ्नुपर्छ । समाज, जनता, सञ्चारकर्मी र सरकारका तीनै तहले

सहकारीप्रति सकारात्मक दृष्टिकोण राखेर सहयोग गर्नुपर्छ । सरकारले वार्षिक बजेटमा रकम विनियोजन गरी सहकारीको सबलीकरण, तालिम, अनुगमन र सार्वजनिक-निजी-सहकारी (पिपिपी) मोडल वा म्याचिङ फन्डमार्फत सहकार्य गरिदिने हो भने सहकारीको साख पुन: उच्च हुनेछ ।

यसैगरी संघहरूलाई वित्तीय कारोबारमा बन्देज लगाउने नीतिगत व्यवस्था वा निर्णयका सम्बन्धमा विचार गर्दा, संघहरू भनेको सहकारी संस्थाहरू मिलेर बनेको संरचना हो । दर्ता भएका प्राथमिक सहकारी संस्थाहरूले आर्थिक कारोबार गरिरहेकै हुन्छन् । बैंकहरूकै उदाहरण हेर्ने हो भने पनि बैङ्कर्स एसोसिएसन आफैंले बैंकिङ कारोबार गर्दैन, बैंकहरूले मात्र गर्छन् । शिक्षकहरूको सङ्गठनले पढाउने स्कुल सञ्चालन गर्दैन, उनीहरू व्यावसायिक हितका लागि मात्र जुट्छन् । यस अर्थमा सहकारीहरूले कारोबार गर्ने र सहकारी मिलेर बनेको संघले पनि फेरि उस्तै आर्थिक कारोबार गर्ने कुरा प्राकृतिक न्यायको सिद्धान्त अनुसार नमिलेको हो कि भन्ने प्रश्न उठ्नु स्वभाविक हो । यसमा सहकारीकर्मीहरूले लाभहानी, पक्ष विपक्ष र स्वाट एनलाइसिस विश्लेषण गर्नुपर्छ । डेनमार्क, नर्वे, फिनल्याण्ड, बेलायतजस्ता सहकारीको राम्रो अभ्यास भएका देशहरूमा संघहरूले कारोबार गर्थे कि संस्थाले मात्र गर्थे भन्ने "बेस्ट प्राक्टिसेज" को खोजी गर्नुपर्छ ।

यदि संघबाट आर्थिक कारोबार गर्दा केही बाटो बिराएको ठहरिन्छ भने सहकारीकर्मीहरू सच्चिन तयार हुनुपर्छ । होइन, यो प्रक्रिया नै यही हो र अन्य देशमा पनि यसरी नै कन्सोर्टियमको आधारमा ठूला लगानीका लागि संघले कारोबार गर्ने चलन छ भन्ने हो भने त्यसलाई तर्कपूर्ण ढङ्गले कागजात बनाएर सरकार, अर्थशास्त्री र बुद्धिजीवीहरूलाई बुझाउनुपर्छ ।

यस विषयमा कुनै अमुक व्यक्तिको विचारभन्दा पनि सर्वमान्य विद्वान्, अर्थशास्त्री, सहकारीकर्मी र नागरिक समाजका लब्धप्रतिष्ठित व्यक्तिहरू सम्मिलित टोली गठन गरी विस्तृत अध्ययन गराउनु उपयुक्त हुन्छ । संघले गर्ने कामको उद्देश्य, तरिका, एसओपी र लाभ वितरणको पारदर्शी प्रणालीबारे अध्ययन गराई उक्त विज्ञ टोलीले जे सिफारिस गर्छ, सोही अनुसार अगाडि बढ्नुपर्छ । विज्ञ टोलीले संघबाट कारोबार गर्न मिल्ने सिफारिस गरेमा निरन्तरता दिने र नगर्नु राम्रो भन्ने सुझाव दिएमा नगर्ने गरी संघीय सरकारले नियम कानुनमा व्यवस्था गरिदिनुपर्छ ।

सुशासनका सूचकाङ्कका आधारमा विश्लेषण गर्दा सहकारी क्षेत्रमा निश्चित मापदण्डहरू बनाएको छ । ऋण प्रवाहमा जोखिम कति प्रतिशत छुट्याउने, बोनस तथा मुनाफा वितरण, सामाजिक रुपान्तरण र क्षमता विकासका लागि कति रकम राख्ने, तरलता कति राख्ने, अन्तरसहकारी ब्याजदर र निक्षेप-ऋणको ब्याजदर अन्तर कस्तो हुने भन्ने सूचकाङ्कहरू तय गरिएका छन् । ती सूचकाङ्कका आधारमा हेर्दा केही सहकारीकर्मीले बाटो बिराए पनि अधिकांश सहकारीहरू १०० मा ७०-८० नम्बर ल्याउने अवस्थामै छन् । सहकारी पूरै बिग्रिसकेको छैन ।

यद्यपि, सुशासनमा १०० मा १०० अङ्क नै ल्याउने लक्ष्य हुनुपर्छ । नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूको अनुगमन गर्दा सूचकाङ्कमा अलिकति पनि कमी आएमा तुरुन्त वार्निङ दिएर सुधार गर्न लगाउँछ । जसरी शरीरको सुगर वा ज्वरोको पारो निश्चित मापदण्डभित्र रहनुपर्छ र अलिकति तलमाथि हुने बित्तिकै औषधि उपचार चाहिन्छ, सहकारीका सूचकाङ्कलाई पनि त्यसरी नै चुस्त राखिनुपर्छ । कैयौं सहकारीहरू ९६-९७ वा ९९ को वरिपरि छन्, जसलाई १०० मा पुर्‍याउन सुशासन कायम गर्नैपर्छ ।

प्रत्येक सहकारीकर्मीले आफ्नो संस्थाको सूचकाङ्क कम आउँदा सिङ्गो सहकारी अभियानको छविमा असर पर्छ भन्ने सोचेर सजग हुनुपर्छ । यसका लागि सहकारीका अध्यक्ष, सञ्चालक समिति, व्यवस्थापक, लेखापालन समिति, सुशासन समिति र ऋण प्रवाह समितिका पदाधिकारीहरूले उच्च अङ्क आउने गरी काम गर्नुपर्छ । नेपाल राष्ट्र बैंकले नियमन गरेका

बैंक तथा वित्तीय संस्थाहरूभन्दा नेपालका सहकारीहरू सुशासन र सूचकाङ्कका दृष्टिले अब्बल छन् भनेर प्रमाणित गर्ने चुनौती अहिले सहकारीकर्मीहरूको काँधमा छ ।

सहकारीभित्र आन्तरिक लेखा परीक्षण र लेखा समितिको भूमिका कमजोर देखिनुका पछाडि केही व्यावहारिक कारणहरू छन् । प्रायः सहकारीमा अलि बढी बुझेका मानिसहरू अध्यक्ष, सञ्चालक र व्यवस्थापक बन्छन् ।

> **सहकारी क्षेत्रप्रति जनविश्वास गुमेको र सङ्कट देखिएको कुरा सत्य हो, तर मुलुकका सबै सहकारी बिग्रिएका होइनन् । बढीमा ५ सयभन्दा बढी सहकारीहरूले बाटो बिराएका छैनन् । बाटो बिराएकामध्ये केहीले बदमासी नै गरेका छन्, जसलाई दण्डको भागीदार बनाउनैपर्छ । तर, केही सहकारीहरू भने असहज परिस्थितिमा परेका हुन् ।**

तीभन्दा अलि कम जानेका मानिसहरू सुशासन वा लेखा समितिमा बस्ने गरेको पाइन्छ । कतिपय अवस्थामा अध्यक्ष वा व्यवस्थापकले नै "तपाईंलाई लेखा वा सुशासन समितिमा राखिदिएको छु" भनेर नियुक्ति गरेजस्तो प्रचलन छ । यसले गर्दा अध्यक्ष वा व्यवस्थापकको निगाहमा पद पाएको महसुस गरेर उनीहरूले गरेका कामकारबाहीमाथि प्रश्न उठाउन ती समितिहरूले सकिरहेका छैनन् । प्रधानमन्त्रीले मन्त्री नियुक्ति गरेजस्तै सहकारीमा पनि "सञ्चालक समितिले मलाई राखेको हो, उहाँहरू नै धेरै जान्ने हुनुहुन्छ" भन्ने लघुताभास लेखा समितिमा बसेकाहरूमा देखिन्छ । यस्तो हुनु कदापि ठीक होइन । शरीरका प्रत्येक अङ्गको आफ्नै महत्व भएजस्तै सहकारीमा पनि सबै समितिको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ । अध्यक्ष र सञ्चालक गरिमामय पदमा भए पनि आन्तरिक लेखा परीक्षण, सुशासन वा ऋण उपसमितिमा बसेका पदाधिकारीहरूको भूमिका कुनै पनि हिसाबले कम हुँदैन ।

त्यसैले सबै पदाधिकारीहरूले निर्भीकता र निडरताका साथ आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्छ । अध्यक्ष वा सञ्चालकहरूले गरेका कमीकमजोरी आन्तरिक लेखा परीक्षणमा प्रष्ट रूपमा देखाइदिने, अध्यक्षहरूले ती कमीकमजोरी सहर्ष स्वीकार गरेर सुधार गर्ने र भविष्यमा नदोहोऱ्याउने संस्कार बसाल्नुपर्छ । लेखा समिति लगायतका समितिहरूलाई अझ दक्ष, प्रभावकारी र ज्ञानयुक्त बनाउन उहाँहरूलाई तालिम र अन्य असल अभ्यास गरिरहेका सहकारीहरूको भ्रमण गराउनुपर्छ । ती समितिहरूलाई अध्यक्ष वा व्यवस्थापकको छत्रछायाँमा नराखी स्वतन्त्र रूपमा काम गर्न दिनुपर्छ । यो औषधि तितो भए पनि यसको परिणाम सहकारीको हितमा हुन्छ ।

आम जनतालाई सहकारीभित्र आबद्ध गराउनु नै आजको आवश्यकता हो । अल्पविकसित र विकासोन्मुख मुलुकहरूलाई विकसित बनाउने मुख्य र सशक्त माध्यम सहकारी नै हो । छरिएको पुँजी र जनशक्तिलाई एकीकृत गर्ने, समाजका विकृति विसङ्गति रूपान्तरण गर्ने, उत्पादन बढाएर मुलुकलाई आत्मनिर्भर बनाउने र निर्यात बढाउने काम सहकारीले गर्छ । अर्थतन्त्रको मेरुदण्ड र जडका रूपमा सहकारी रहन्छ ।

ललितपुर लगायत देशभरिका सहकारीकर्मीहरू यही मिसनसहित अगाडि बढ्नुपर्छ । सानातिना कमीकमजोरी, अप्ठ्यारा वा केही सहकारीले गरेका बदमासीका कारण हुने आलोचनाबाट निराश हुनुहुँदैन । सहकारीका पाँच वा सात वटा विश्वव्यापी आदर्श सिद्धान्तहरूप्रति पूर्ण रूपमा वफादार भई उच्च मनोबलका साथ अगाडि बढ्नुपर्छ । समृद्ध मुलुक निर्माण गर्न र आर्थिक सामाजिक सुधार ल्याउन सहकारी नै सशक्त माध्यम हो भन्ने कुरा सबैलाई बुझाउँदै जनविश्वास आर्जन गर्ने दिशामा सहकारी अभियान निरन्तर अघि बढ्नुपर्छ ।

निष्कर्षमा, अन्तर्राष्ट्रिय अभ्यासलाई नियाल्दा सहकारीको मूल्य मान्यता भनेको स्वावलम्बन, स्व-

उत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धता नै हो । यसैगरी सहकारीको मूल्य मान्यतामा इमान्, खुल्लापन, सामाजिक उत्तरदायित्व र अर्काको ख्याल गर्ने जस्ता बिषय पर्दछन्, जो सहकारीका नैतिक मूल्य हुन् । यी कुरा कोरा किताबमा लेखिइने विषय मात्रै होइनन्, प्रत्येक सहकारीकर्मीले आफ्नो दैनिक जीवनमा यसको पालना गर्नुपर्छ ।

मुलुकमा वर्तमान संविधानको भावनालाई आत्मसात् गर्दै साविकको सहकारी ऐनलाई बिस्थापित गरी २०७४ सालमा नयां सहकारी ऐन जारी भएको छ । यस सहकारी ऐन, २०७४ बमोजिम छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकिकृत गर्नु नै सहकारीको मूल मर्म हो । सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एंव समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्नु नै सहकारीको ध्येय हो । यसरी गाउँ, शहर, वस्ती र घरपरिवारले मुलुकको अर्थतन्त्र निर्माणमा सहकारीको माध्यमलाई आत्मसात् गर्नु उपयुक्त हुने देखिन्छ ।

सहकारी ऐन अनुसार, सहकारी संस्थाहरू अविच्छिन्न उत्तराधिकारीवाला एक स्वशासित र संगठीत संस्था हुन् । यसर्थ, यी संस्थाहरु स्वयंमा अनुशासित भएर सुशासनपूर्ण व्यबहारका साथ सञ्चालन हुनु पर्नेमा कुनै द्विविधा रहन्न । सहकारी संस्थाहरूले भाषिक, साहित्यिक, सञ्चार विशेष, कृषि, वन तथा पैदावारको उत्पादन, सञ्चय र प्रशोधन जस्ता व्यवसायिक क्षेत्रमा पनि काम गर्न सक्छन् । विश्वव्यापी अनुभवका आधारमा यूरोपेली मुलुकहरूले सहकारीकै माध्यमबाट विकशित अर्थतन्त्र निर्माण गरेको पाइन्छ । साथै, सहकारीको माध्यमबाट सामाजिक परिवर्तनका अतिरिक्त आर्थिक रुपान्तरण भएको दृष्टान्त पनि प्रशस्त भेटिन्छ । यिनै विश्वव्यापी असल अभ्यासको मार्गमा अघि बढनु सहकारी संस्थाहरुको कर्तव्य हुन आउछ । जसका लागि सहकारी संस्थाहरूले समाजमा आफ्नो छुट्टै पहिचान र छदि्टव निर्माण गर्नुपर्छ ।

कानून अनुसार सहकारी संस्थाको प्रयोजनका लागि बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सकिनेछ । सहकारी बैंकले प्रारम्भिक खर्च, अघिल्लो वर्षमा भएको नोक्सानी, पुँजी कोष, जोखिम व्यहोर्ने कोष र जगेडा कोष पूर्ति नगरेसम्म लाभांश घोषणा गर्न वा वितरण गर्न पाउँदैन । सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पुँजीको २०% भन्दा बढी हुने गरी शेयर विक्री गर्न सक्दैन । सहकारी संस्थामा एक जगेडा कोष रहनेछ । सहकारी संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष पनि हुनुपर्छ । सहकारी संस्थामा एक सहकारी प्रवर्द्धन कोष पनि रहनेछ । सहकारी संस्थाले आर्थिक वर्ष सम्पन्न भएको ३ महिनाभित्र अनिवार्य रुपमा लेखा परीक्षण गराउनुपर्छ । यी सबै कुरामा सहकारी संस्थाहरू सुशासनको कसीमा उत्कृष्ट ठहरिनु पर्छ ।

सहकारी क्षेत्रसम्बन्धी जानकारी दिने पुस्तक पुस्तिकाको अभाव छैन । सहकारी विभागद्धारा प्रकाशित एक पुस्तकमा लेखिएको छ, सहकारी अभियानमा स्वाबलम्वनको ठूलो महत्व छ । सहकारीकर्मीमा स्वाबलम्वीका दुई गुण हुनुपर्छ । पहिलो कुरा, ऊ आफ्नो भर पर्छ । दोस्रोकुरा, उसको आफ्नो भाग गर्छ । अर्काको भर नपरेपछि आफ्नो भर परिन्छ । स्वावलम्बी आत्मनिर्भर हुन्छ । आफ्नै खुट्टामा उभिन्छ । ऊ आशमा बाच्दैन, प्रयासमा बाँच्दछ । प्रयासमा बाँच्नेले पर्खदैन, थाल्दछ । अनावश्यक शङ्का गर्दैन, आवश्यक आँट गर्छ । देख्नेले के भन्लान भन्दैन, देख्नेले नि जान्लान भन्दछ । जोहो प्रयासमा बाँच्नेको आधार हो । प्रयत्नशीलले भईपरिको सोच्छ । उसले राख्दछ, जतन गर्दछ, बचत गर्दछ । यस्ता आर्दशताबाट बसिभूत सहकारीकर्मीनै आम जनताका सच्चा साथी हुन् । यसर्थ, प्रत्येक सहकारीकर्मीहरु यस भावनामा खरो उत्रिनु पर्छ । यसका लागि मुलुकभरिका करिब ७० लाख सहकारीकर्मीले सहकारीको आदर्शमार्गमा बिचरण गर्न मन, वचन र कर्मले प्रतिबद्ध हुनुपर्छ । यिनीहरुको पूर्ण सफलताका लागि हार्दिक शुभकामना छ ।

***– लेखक बास्कोटा राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख सूचना आयुक्त तथा नेपाल सरकारका पूर्व अर्थ सचिव हुनुहुन्छ ।***

# संघहरूलाई वित्तीय कारोबारबाट टाढा लैजानु खेदजनक छ






रामहरि बजगाई

पछिल्लो समय सहकारी क्षेत्रमा नियमनकारी प्राधिकरणले संघहरूलाई वित्तीय कारोबारबाट टाढा लैजाने र विशुद्ध छाता संस्थाका रूपमा सीमित गर्ने विषय अघि सारेको छ । यो कदम अत्यन्त खेदपूर्ण र दुःखद छ । प्रारम्भिक सहकारी संस्थाहरूलाई आइपर्ने समस्या समाधान गर्ने बलियो औजारका रूपमा ललितपुर जिल्ला बचत संघ मात्र नभई सम्पूर्ण जिल्ला स्थित संघहरूको भूमिका महत्वपूर्ण रहँदै आएको छ । जिल्ला संघहरूलाई विस्थापित गर्ने वा वित्तीय कारोबार गर्न नदिने गरी भइरहेको व्याख्याले प्रारम्भिक संस्थालाई थप समस्यामा धकेल्ने निश्चित छ ।

प्रारम्भिक संस्थालाई ढाडस दिने, शिक्षा तथा तालिम उपलब्ध गराउने र अन्तरलगानी मार्फत टेवा पुऱ्याउने काममा अङ्कुश लगाइएको छ । जिल्ला संघहरूकै कारण प्रारम्भिक संस्थाहरू बलिया भएका हुन् । दुर्भाग्यवश, यो वास्तविकता बाहिर जनमानस र राज्यले

बुझ्न सकेको छैन, जसले गर्दा सहकारी अभियान नै प्रताडित बन्न पुगेको छ । प्रारम्भिक संस्थाले विश्वासमा लिने र विश्वासभित्र रहने अन्तरसम्बन्ध माथिल्लो निकायभन्दा पनि जिल्ला संघहरूसँगै हुन्छ । हामी संघीयताको मोडलमा गइरहँदा स्थानीय तहसँग मिलेर जाने संरचना आवश्यक पर्छ, जुन भूमिका जिल्ला सहकारी संघले खेलिरहेका छन् ।

हामी कानुनको पालक हौं, त्यसैले कानुनलाई मान्दैनौं भन्न मिल्दैन । तर, विद्यमान कानुन संशोधनका लागि हामी निरन्तर पहल र दबाब दिइरहनेछौं । अहिले लगानी भइसकेको रकम कसरी असुली गर्ने भन्ने विषय मुख्य चुनौती बनेको छ । हामीले ५ देखि ७ वर्षको समयसीमा राखेर प्रारम्भिक संस्थामा लगानी गरेका छौं । राज्यले एकाएक कारोबार बन्द गरेर पैसा उठाइहाल्न निर्देशन दिँदा व्यावहारिक रूपमा त्यो सम्भव छैन । त्यसैले, हामीले वित्तीय कारोबार र अन्तरलगानीलाई क्रमशः कम गर्दै शिक्षा, तालिम र 'अम्ब्रेला' कार्यक्रमलाई प्राथमिकतामा राखेर अघि बढाउने रणनीति बनाएका छौं ।

> **“प्राधिकरण वा विभागअन्तर्गत संघहरूको अनुगमन र नियमन गर्न छुट्टै "डेस्क" स्थापना गरिनुपर्छ । संघहरूलाई वर्ग (क, ख, ग) मा विभाजन गरी कारोबारको सीमा (जस्तैः ५० करोड, १ अर्ब वा २ अर्ब) तोकेर काम गर्न दिनुपर्छ ।”**

ललितपुर बचत संघले आफ्नो वासलात र ऋण घटाउँदै १ अर्बभन्दा तल ल्याइसकेको छ । राज्यले तोकेको ३ वर्षको सीमाभित्र यसलाई व्यवस्थित गर्दै लैजानेछौं । यसका साथै, ललितपुर जिल्लाभित्रका प्रारम्भिक संस्थाहरूलाई बचत संघको आवश्यकता छ कि छैन भनी बुझ्न हामी सर्वेक्षण समेत गर्दैछौं । यदि बहुसंख्यक संस्थाले संघको आवश्यकता औचित्यहीन रहेको निष्कर्ष निकालेमा हामी त्यसै अनुसार सोच्न बाध्य हुनेछौं । तर, अहिले पनि अधिकांश संस्थाहरू बचत राखिदिन र ऋण उपलब्ध गराइदिन आग्रह गरिरहेका छन् । हाल नेपालमा एउटा मात्र राष्ट्रिय सहकारी बैंक छ, जसका आफ्नै सीमित दायरा र राष्ट्र बैंकको गाइडलाइनभित्र रहनुपर्ने बाध्यता छ । यस्तो अवस्थामा प्रारम्भिक संस्थालाई सङ्कटका बेला सहयोग गर्ने मुख्य आधार नै जिल्ला संघहरू हुन् ।

भावी दिनमा संघहरूको दिगोपनाका लागि शिक्षा र तालिमलाई नै मुख्य औजार बनाउनुपर्छ । जिल्ला, प्रदेश, केन्द्रीय संघ र महासंघ सबैले एउटै प्रकृतिको तालिम दिँदा त्यसको औचित्य रहँदैन । त्यसैले जिल्ला संघहरूले आफ्नो दायराभित्र रहेर विशिष्टीकृत तालिमको पाठ्यक्रम स्वीकृत गराई लागू गर्नुपर्छ भने पनि हामी त्यसमा सकारात्मक छौं ।

पालिकास्तरमा हेर्ने हो भने ललितपुर महानगरमा ३०० भन्दा बढी, गोदावरीमा १०० भन्दा बढी, महालक्ष्मी नगरपालिकामा १०० भन्दा केही कम र गाउँपालिकाहरूमा सयौं सहकारीहरू क्रियाशील छन् । तर, स्थानीय तहसँग ती संस्थालाई व्यवस्थित गर्ने, अनुगमन गर्ने वा प्राविधिक सहयोग दिने जनशक्ति छैन । न त अडिट, कानुन, सफ्टवेयर सम्बन्धी ज्ञान छ, न त सम्पति शुद्धीकरण सम्बन्धी प्रावधान कार्यान्वयन गराउने क्षमता नै छ । यस्तो अवस्थामा ललितपुर बचत संघले स्थानीय तह र प्रारम्भिक संस्थाबीच पुलको काम गर्दै अभिभावकत्व प्रदान गरिरहेको छ ।

विगतको समीक्षा गर्दा, सञ्चालक समिति र कर्मचारी व्यवस्थापन टोलीको सुमधुर सम्बन्धका कारण ललितपुर बचत संघले विषम परिस्थितिमा पनि राम्रो प्रगति गरेको छ । वित्तीय ब्यालेन्स सिट केही खुम्चिए पनि हाम्रा अन्य सबै सूचकहरू उच्च र सकारात्मक रहेका छन् । यो मेरो व्यक्तिगत भन्दा पनि संघको

सञ्चालक समितिको सक्रियताले भएको हो । हामीले विगतका वर्षहरूलाई मूल्याङ्कन गर्दा हाम्रो वार्षिक योजनाको लक्ष्यअनुसार नै कार्यान्वयन गर्न सफल भएका छौं । जति योजना निर्माण गरिएको छ, त्यसमा गतवर्ष झन् उत्कृष्ट रहेको छ । यसै सन्दर्भमा हामी यस समयमा संघको ३३औं स्थापना दिवस मनाइरहेका छौं । संस्थापक अध्यक्ष रोहिणी जोशी लगायत सम्पूर्ण संस्थापक र पूर्व नेतृत्वले यहाँसम्म आउने बाटो बनाएको छ । यो मार्ग निर्माण उहाँहरुले देखाएको मार्गनिर्देशनका कारण नै संघको साख र गरिमा कायम रहन सकेको हो ।

पछिल्लो समय सहकारी क्षेत्रको लागि सहज सन्देश छैन । त्यसैले सहकारी क्षेत्रलाई जोगाउन र व्यवस्थित बनाउन सरकार तथा नियमनकारी निकायले केही स्पष्ट कदम चाल्न आवश्यक छ:

संघहरुका लागि छुट्टै कानुन र संरचना: प्राधिकरण वा विभागअन्तर्गत संघहरुको अनुगमन र नियमन गर्न छुट्टै "डेस्क" स्थापना गरिनुपर्छ । संघहरुलाई वर्ग (क, ख, ग) मा विभाजन गरी कारोबारको सीमा (जस्तै: ५० करोड, १ अर्ब वा २ अर्ब) तोकेर काम गर्न दिनुपर्छ ।

जिल्ला डिभिजन सहकारी कार्यालयको पुनरोत्थान: कृषि र पशु कार्यालय जिल्लामा रहेजस्तै डिभिजन सहकारी कार्यालय पनि जिल्लास्तरमै राखिनुपर्छ । यसले स्थानीयस्तरमा अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउँछ ।

**अभियानको नेतृत्वमा सुधार:** अहिलेको विषम परिस्थितिमा महासंघ र छाता संघहरुको भूमिका सुस्त देखिएको छ । अभियानको नेतृत्वमा केवल पद ओगट्नेभन्दा पनि प्रारम्भिक संस्था चलाएको अनुभव भएका र सहकारी बुझेका व्यक्तिहरु आउनुपर्छ ।

**सहकार्य र ऐक्यबद्धता:** जहाँ चुनौती छ, त्यहाँ अवसर पनि हुन्छ । सहकारी क्षेत्रलाई समाजवाद उन्मुख अर्थतन्त्रको आधारस्तम्भका रुपमा विकास गर्न सरकार, राजनीतिक दल र सरोकारवाला सबैले ऐक्यबद्ध भई समस्याको निकास खोज्नुपर्छ ।

यो विषम परिस्थितिमा पनि ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड निरन्तर सुशासन, पारदर्शिता र उत्तरदायित्वका साथ लागिरहेको छ । स्थापना कालदेखि नै आफ्ना सम्पूर्ण प्रारम्भिक संस्थाहरुलाई दिगो, सुशासित र व्यवस्थित बनाउन निरन्तर महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । विक्रम संवत् २०५० मा स्थापित यो संघ स्थापना कालको हिसाबले नेपालकै पहिलो र पुरानो बचत तथा ऋण सहकारी संघ हो । संघले स्थापनाकालदेखि नै आफ्ना विविध गतिविधिहरु सञ्चालन गर्ने क्रममा २०६८ सालमा पहिलोपटक "ललितपुर साकोस समिट" को सुरुवात गरेको थियो । ललितपुरबाटै सुरु भएको यो ऐतिहासिक परिपाटीलाई निरन्तरता दिँदै प्रारम्भिक संस्थाहरुको दिगोपन, व्यवस्थित सञ्चालन र मर्यादित विकासका लागि हामी निरन्तर क्रियाशील छौं ।

> **"स्थानीय तहसँग ती संस्थालाई व्यवस्थित गर्ने, अनुगमन गर्ने वा प्राविधिक सहयोग दिने जनशक्ति छैन । न त अडिट, कानुन, सफ्टवेयर सम्बन्धी ज्ञान छ, न त सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रावधान कार्यान्वयन गराउने क्षमता नै छ । यस्तो अवस्थामा ललितपुर बचत संघले स्थानीय तह र प्रारम्भिक संस्थाबीच पुलको काम गर्दै अभिभावकत्व प्रदान गरिरहेको छ ।"**

यसै परिप्रेक्ष्यमा संघले आउँदो असोज २ र ३ गते ललितपुरको सानेपास्थित हेरिटेज गार्डेनमा "पाँचौं साकोस समिट" आयोजना गर्न गइरहेको छ । नेपालका अत्यन्त महत्वपूर्ण एवं ख्यातिप्राप्त बौद्धिक

व्यक्तित्वहरुद्वारा कार्यपत्र प्रस्तुतीकरण हुने कार्यक्रम रहेको छ ।

विगतमा हामीले कोषाध्यक्ष, अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत तथा लेखा सुपरिवेक्षण समितिका लागि छुट्टैछुट्टै गोष्ठीहरु शृङ्खलाबद्ध रुपमा आयोजना गर्दै आएका थियौं । ती सबै शृङ्खलाहरु सम्पन्न भइसकेपछि, आवधिक रुपमा आयोजना गरिने साकोस समिटको रुपमा यसलाई अगाडि बढाइएको हो । विगतका साकोस समिटहरुले संस्थागत विकासमा निकै ठूलो उपलब्धि हासिल गरेको निष्कर्ष र पृष्ठपोषण हाम्रा प्रारम्भिक संस्थाहरुबाट प्राप्त भएको छ ।

पाँचौं साकोस समिटमा मुख्यत: सातवटा विषयगत सत्रहरु रहनेछन् । यी सत्रहरुमार्फत प्रारम्भिक संस्थालाई दिगो कसरी बनाउने, संस्थाका पदाधिकारी तथा कर्मचारीको व्यक्तित्व विकास र क्षमता अभिवृद्धि कुन ढङ्गले गर्ने भन्नेबारे विस्तृत छलफल हुनेछ । साथै, हाल सहकारी क्षेत्रमा देखिएका कानुनी जटिलता, विद्यमान समस्या र तिनको व्यावहारिक समाधानका उपायहरुबारे खुला, बहसपूर्ण र अन्तरक्रियात्मक ढङ्गले निष्कर्ष निकालिनेछ ।

वर्तमान समयमा सहकारी क्षेत्रमा केही निराशा र चुनौतीहरु देखिएका छन् । एकातिर राज्यले सहकारीका समस्यालाई गम्भीरतापूर्वक नसुनिरहेको अवस्था छ भने अर्कोतिर ऐन-कानुनहरु निरन्तर परिवर्तन भइरहेका छन् । वि.सं. २०४८/४९ को कानुन, त्यसपश्चात् ७४/७५ को कानुन, सहकारी नियमन प्राधिकरणअन्तर्गतका निर्देशनहरु, राष्ट्र बैंकको गाइडलाइन तथा हालै अध्यादेशमार्फत संशोधन गरिएका कानुनहरुका कारण सहकारी संस्था सञ्चालन गर्न निकै चुनौतीपूर्ण घडीमा हामी आइपुगेका छौं ।

**"हामी कानुनको पालक हौं, त्यसैले कानुनलाई मान्दैनौं भन्न मिल्दैन । तर, विद्यमान कानुन संशोधनका लागि हामी निरन्तर पहल र दबाब दिइरहनेछौं । अहिले लगानी भइसकेको रकम कसरी असुली गर्ने भन्ने विषय मुख्य चुनौती बनेको छ । हामीले ५ देखि ७ वर्षको समयसीमा राखेर प्रारम्भिक संस्थामा लगानी गरेका छौं । राज्यले एकाएक कारोबार बन्द गरेर पैसा उठाइहाल्न निर्देशन दिँदा व्यावहारिक रुपमा त्यो सम्भव छैन ।"**

**"विगतमा हामीले कोषाध्यक्ष, अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत तथा लेखा सुपरिवेक्षण समितिका लागि छुट्टैछुट्टै गोष्ठीहरु शृङ्खलाबद्ध रुपमा आयोजना गर्दै आएका थियौं । ती सबै श्रृंखलाहरु सम्पन्न भइसकेपछि, आवधिक रुपमा आयोजना गरिने साकोस समिटको रुपमा यसलाई अगाडि बढाइएको हो ।"**

यस्तो असहज परिस्थितिमा सहकारीकर्मीहरुको आत्मबल र मनोबल उच्च बनाउनु आवश्यक छ । संस्था सञ्चालनसँगै आफ्ना प्रारम्भिक सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण गर्ने जुन मुख्य अभिभारा छ, त्यसलाई पूरा गर्न र सो सम्बन्धी सपना साकार पार्न यस्ता गोष्ठी, सेमिनार र समिटहरुको ठूलो योगदान रहन्छ ।

तसर्थ, यस पाँचौं साकोस समिटले सहभागीहरुमा आत्मविश्वास जागृत गराउनेछ । सहभागीहरुले यहाँबाट प्राप्त ज्ञान र सीपलाई आफ्नो संस्थामा प्रयोग गरी मनोबलका साथ काम गर्नेछन् भन्ने हाम्रो विश्वास छ । साथै, विद्यमान असहज कानुनहरुलाई सुधार र संशोधन गराउनका लागि राज्यलाई थप दबाब सिर्जना गर्न पनि यो समिट एउटा महत्वपूर्ण कोशेढुङ्गा साबित हुनेछ ।

*- लेखक बजगाई ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को अध्यक्ष हुनुहुन्छ ।*

# दिगो साकोस अभियानका लागि प्रविधि, रुपान्तरण र सुशासन हाम्रो मुख्य मर्म हो






**करूणारत्न बज्राचार्य**
वरिष्ठ उपाध्यक्ष
ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

नयाँ प्रविधि, सुशासन र नेतृत्व विकासका माध्यमबाट संस्थाहरुलाई दिगो बनाउने उद्देश्यका साथ ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. ले "पाँचौं साकोस समिट" आयोजना गर्ने भएको छ । उक्त समिटको पाँचौं साकोस समिटको औचित्य, तयारी, उठान गरिने विषयवस्तु र संघका शिक्षा तालिम क्षेत्रका विविध कार्यक्रम र योजनाका सम्बन्धमा संघका वरिष्ठ उपाध्यक्ष एवं शिक्षा तथा तालिम उपसमितिका संयोजक करुणारत्न बज्राचार्यसँग गरिएको विशेष कुराकानी :

**✍ ललितपुर बचत संघले पाँचौं साकोस समिटको तयारी गरिरहेको छ । यो समिटको सुरुवात कसरी भयो र अहिले कसरी आयोजना गर्दै हुनुहुन्छ ?**

ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. सहकारी क्षेत्रमा छुट्टै पहिचान बनाएको संघ हो । जिल्लास्तरमा बचत संघले नै पहिलोपटक यस्तो समिटको सुरुवात गरेको हो । प्रथम साकोस समिट

आयोजना गर्दाका बखत कतिपय क्षेत्रबाट “बचत संघको काम समिट गर्ने होइन” भन्नेजस्ता गुनासो र टीकाटिप्पणी पनि सुनिएका थिए । तर, हामीले सदस्य संस्थाहरूको संस्थागत सुदृढीकरण र दिगो विकासको स्पष्ट लक्ष्य लिएर हरेक दुई-दुई वर्षमा निरन्तर रूपमा समिट आयोजना गर्दै आयौं । फलस्वरुप, आज हामी पाँचौं संस्करणसम्म आइपुगेका छौं ।

**अहिले समग्र सहकारी क्षेत्र केही अप्ठ्यारो स्थितिबाट गुज्रिरहेको छ । यस्तो संवेदनशील समयमा समिट आयोजना गर्नुको खास उद्देश्य के हो ?**

साँचो भन्नुपर्दा, अहिले सहकारी क्षेत्रका लागि अत्यन्तै कठिन र चुनौतीपूर्ण समय छ । वर्तमान वातावरणमा सहकारी संस्थाहरू र सहकारीकर्मीहरू जसरी दबाबमा रहनुभएको छ, त्यो निराशाजनक अवस्थालाई केही हलुका बनाउनु र समस्याबाट पार पाउने व्यावहारिक मार्ग पहिल्याउनु नै यस समिटको मुख्य उद्देश्य हो । हामीले यसपटक “दिगो साकोस अभियानका लागि प्रविधि, रूपान्तरण र सुशासन“ भन्ने मुख्य नारा तय गरेका छौं । प्रतिकूल समयमै सही दिशानिर्देश गर्न सकियो भने मात्र अभियान जोगिन्छ र अघि बढ्छ भन्ने हाम्रो विश्वास हो ।

> **“सहभागी संख्याको हकमा, बहस र अन्तरक्रियालाई प्रभावकारी र नतिजामुखी बनाउन करिब २०० जना सहभागी गराउने तयारी गरेका छौं । दुई दिने समिटका लागि प्रतिकार्यक्रम लागत धेरै भए तापनि संस्थाहरूलाई आर्थिक भार नपरोस् भनेर नोमिनल शुल्क मात्र तय गरेका छौं । उक्त समिटमा अपुग रकम संघको आफ्नै कोषबाट व्यहोर्ने व्यवस्था मिलाएका छौं ।”**

**हरेक समिटमा नयाँ र फरक विषयवस्तु समेट्दै आउनुभएको छ । यसपटक कुन-कुन मुख्य विषयहरूमा बहस र छलफल हुँदै छ ?**

वर्तमान समयको मागअनुसार सहकारीका समग्र विषयलाई समेट्ने प्रयास गरेका छौं । मुख्य रूपमा संस्थाहरूमा सुशासन कसरी कायम गर्ने, प्रविधिको क्षेत्रमा आएका नयाँ-नयाँ प्रविधिहरूलाई सहकारीमा कसरी जोड्ने र अपनाउने, तथा संस्था र अभियानलाई कसरी रूपान्तरण गर्ने भन्ने विषयमा घनिभूत छलफल हुनेछ । यसका साथै, सहकारीमा नयाँ पुस्ता र सक्षम नेतृत्व जन्माउन नेतृत्व विकासका आयामहरूबारे पनि गहन रूपमा विषय केन्द्रित भएर कार्यपत्र प्रस्तुति र मन्थन हुनेछ ।

**विषयवस्तुहरू सम्बोधन र डेलिभर गर्नका लागि कस्ता विज्ञ व्यक्तित्वहरू छनोट गर्नुभएको छ ?**

ललितपुर बचत संघले आयोजना गर्ने कार्यक्रमहरूको गरिमा र गुणस्तर सधैं उच्च रहने गरेको छ । विगतका कार्यक्रमहरूमा पनि आदरणीय रिसोर्स पर्सनहरूले हामीले अपेक्षा गरेभन्दा बढी सहयोग गर्नुभएको छ । त्यसैले हाम्रा कार्यक्रमहरू सधैं प्रशंसनीय रहँदै आएका छन् । यसपटक पनि विषयवस्तुको गम्भीरतालाई ध्यानमा राखेर आ-आफ्नो क्षेत्रमा अत्यन्त सक्षम, दक्ष र अनुभवी व्यक्तित्वहरूलाई आमन्त्रित गरेका छौं । जस्तै: वित्तीय तथा व्यवस्थापकीय पक्ष स्रोत व्यक्तिको रूपमा नबिल बैंकका सिइओ मनोज ज्ञवालीको सहभागिता हुनेछ । यसैगरी नियामकीय तथा शासकीय पक्ष बागमती प्रदेशका सहकारी विभागका रजिष्ट्रा प्रदीप पौडेलले एक सत्र सञ्चालन गर्नुहुनेछ । सुशासन र पारदर्शिताका विषयमा पूर्व प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटाले प्रस्तुतकरण गर्नुहुनेछ । समिटमा सूचना प्रविधिका विज्ञहरू, सहकारीकर्मीहरूमा नयाँ ऊर्जा र उत्साह भर्नका लागि मोटिभेटर आदि विभिन्न सात वटा सत्र सञ्चालन गर्ने कार्यक्रम रहेको छ ।

**साकोस समिटका लक्षित सहभागी को हुनुहुन्छ ? कति संख्यामा सहभागी गराउने योजना छ ?**

हाम्रो प्राथमिकता र लक्षित वर्ग भनेका संघका सदस्य संस्थाहरूका सञ्चालक समिति, लेखा समिति, व्यवस्थापकहरू तथा सहकारी क्षेत्रप्रति चासो र चिन्ता राख्ने सहकारीकर्मीहरू नै हुनुहुन्छ । हामीले बचत संघका सदस्य मात्र नभई ललितपुर र वरपर सहकारी अभियानमा जोडिनुभएका सबैलाई खुला स्वागत गरेका छौं । सहभागी संख्याको हकमा, बहस र अन्तरक्रियालाई प्रभावकारी र नतिजामुखी बनाउन करिब २०० जना सहभागी गराउने तयारी गरेका छौं । दुई दिने समिटका लागि प्रतिकार्यक्रम लागत धेरै भए तापनि संस्थाहरूलाई आर्थिक भार नपरोस् भनेर नोमिनल शुल्क मात्र तय गरेका छौं । उक्त समिटमा अपुग रकम संघको आफ्नै कोषबाट व्यहोर्ने व्यवस्था मिलाएका छौं ।

> **“अहिले नयाँ आर्थिक वर्ष सुरू भएको छ र धेरै संस्थाहरूको साधारण सभा हुन बाँकी छ । यस समिटबाट निकालिने निष्कर्ष, साझा अवधारणा र घोषणापत्रलाई संस्थाहरूले आफ्नै आगामी वार्षिक नीति, बजेट तथा कार्यक्रममा समावेश गर्न सकून् भन्ने हाम्रो चाहना छ ।”**

**समिट कहिले र कहाँ आयोजना हुँदै छ ?**

यो समिट संघको ३३औं स्थापना दिवसको अवसर पारेर आयोजना गरिँदै छ । आगामी असोज २ र ३ गते (शुक्रबार र शनिबार) ललितपुरको सानेपास्थित हेरिटेज गार्डेनमा कार्यक्रम तय भएको छ ।

**देशमा प्राकृतिक विपति (बाढीपहिरो) को असर पनि देखिएको छ । यस्तो बेला समिट आयोजना गर्दा कतिको सान्दर्भिक होला भन्ने प्रश्न पनि उठेका छन् नि ?**

हो, देशमा हालै आएको बाढीपहिरो र प्राकृतिक विपत्तिले जनधनको ठूलो क्षति भएको छ । कतिपय क्षेत्रबाट “अहिलेको परिस्थितिमा समिट नगरौं कि” भन्ने सुझाव पनि आएका थिए । तर, हामी विपद्प्रति पूर्ण संवेदनशील छौं । बाढीपहिरोमा परी दिवङ्गत हुनुभएका सम्पूर्ण नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । सहकारी क्षेत्रले पनि आ-आफ्नो ठाउँबाट राहत र उद्धारमा सहयोग गरिरहेको छ । हामीले यो समिटलाई कुनै तडकभडक वा भोजभतेरको रूपमा नभई, सहकारीमा आएका चुनौतीहरूलाई अझ दरिलो ढङ्गले सामना गर्ने ज्ञान हाँसिल गर्ने मञ्च को रूपमा आयोजना गर्न लागेका हौं । त्यसैले सादगीपूर्वक, सिकाइ र समाधानमा केन्द्रित रहेर यो कार्यक्रम सञ्चालन हुनेछ ।

> **“वर्तमान समयको मागअनुसार सहकारी का समग्र विषयलाई समेट्ने प्रयास गरेका छौं । मुख्य रूपमा संस्थाहरूमा सुशासन कसरी कायम गर्ने, प्रविधिको क्षेत्रमा आएका नयाँ-नयाँ प्रविधिहरूलाई सहकारी मा कसरी जोड्ने र अपनाउने, तथा संस्था र अभियानलाई कसरी रूपान्तरण गर्ने भन्ने विषयमा घनिभूत छलफल हुनेछ ।”**

**यो साकोस समिटबाट कस्तो उपलब्धि हाँसिल हुने अपेक्षा गर्नुभएको छ ?**

अहिले सहकारी क्षेत्रमा निराशा छाएको र वातावरण सहज नभएको सत्य हो । तर, यो समिटले त्यो निराशालाई चिरेर सदस्य संस्थाहरूमा नयाँ उत्साह, उमङ्ग र दिशा प्रदान गर्नेछ भन्नेमा हामी विश्वस्त छौं । अहिले नयाँ आर्थिक वर्ष सुरु भएको छ र धेरै संस्थाहरूको साधारण सभा हुन बाँकी छ । यस समिटबाट निकालिने निष्कर्ष, साझा अवधारणा र घोषणापत्रलाई संस्थाहरूले आफ्नै आगामी वार्षिक नीति, बजेट तथा कार्यक्रममा समावेश गर्न सकून् भन्ने हाम्रो चाहना छ । यसो गर्न सकिएमा समिट व्यावहारिक रूपमै प्रभावकारी र उपलब्धिमूलक बन्नेछ ।

**अन्तमा, शिक्षा तथा तालिम उपसमितिका संयोजकको हैसियतले ललितपुर बचत संघले गरिरहेका अन्य गतिविधिबारे केही भनिदिनुहुन्छ ?**

ललितपुर बचत संघको मूल ध्येय नै "समृद्ध साकोस, दिगो संघ" हो । निरन्तर बहस, पैरवी र गुणस्तरीय सेवामार्फत सदस्य संस्थाहरूको संस्थागत विकास गर्नु हाम्रो धर्म हो । संघले शिक्षा तथा तालिम उपसमितिमार्फत सदस्य संस्थाहरूका काउन्टरमा बस्ने कर्मचारीदेखि लिएर म्यानेजर, सिइओ, सञ्चालक समिति, लेखा समिति, कोषाध्यक्ष, सचिव र अध्यक्षहरूसम्मको क्षमता अभिवृद्धिका लागि निरन्तर तालिमहरू सञ्चालन गर्दै आएको छ । हामीले स्थानीय तह तथा प्रदेश सरकारसँगको समन्वयमा नि:शुल्क तथा सशुल्क गोष्ठी, कार्यशाला र अध्ययन कार्यक्रमहरू गर्दै आएका छौं । सहकारी अभियानमा पर्ने कठिनाइहरूमा अग्रभागमा रहेर बहस र पैरवी गर्न संघ सधैं तयार छ । आगामी दिनहरूमा पनि अझ सशक्त र व्यावहारिक तालिम कार्यक्रमहरूमार्फत सदस्य संस्थाहरूको सशक्तीकरणमा जुटिरहने प्रतिबद्धता संघको रहेको छ ।

हाम्रो अहिलेको मुख्य लक्ष्य भनेको पछिल्लो समय सिर्जित प्रतिकूल वातावरण, वित्तीय तरलता तथा जनमानसमा देखिएको विश्वासको सङ्कटले समग्र सहकारी क्षेत्र चुनौतीपूर्ण मोडबाट गुज्रिरहेको छ । यस्तै जटिल र अप्ठ्यारो परिस्थितिमा सहकारी क्षेत्रमा व्याप्त निराशालाई चिर्दै उत्साह भर्ने कार्यमा हाम्रो प्रयास रहिररहेको छ ।

## साकोस गान

सहकारी अभियान उन्नतिको आधार हो सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ॥
थिए धर्म भकारी र गुठी लाखौ लाख देशमा संस्कार थियो मिलापको एकता र विकासमा ॥
अमूल्य मूल्य देशको सगर्व सँधै रही रहोस् मिलाई हातमा हात यी विचार एक रही रहोस् ॥
हजार गैंथली र यहाँ करोडौं मौरी बन्नु छ सँगाली बुँद हुँदले जिन्दगी यो बदल्नु छ ॥
साकोस क्रान्ति अघि बढोस् अघि अघि बढी नै रहोस् हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस ॥
सिद्धान्त हाम्रा अमर रहून् स्वप्नद्रष्टा अमर रहून् वसुधैव कुटुम्बकम्, आदर्श अमर रहून् ॥



रचना : प्रकाश भूर्तेल
सम्पादन : प्रा.डा. सुधन पौडेल र प्रा. केशव सुवेदी

# बचत संघको दस्तावेज नियाल्दा ...










**श्यामकृष्ण महर्जन (पचन)**

सहकारीका सातवटा सर्वमान्य सिद्धान्तहरुमध्ये चारवटा अनिवार्य र तीनवटा ऐच्छिक रुपमा पालना गर्नुपर्ने व्यवस्था छ । सहकारी क्षेत्रको पहिलो दायित्व भनेकै समुदायमा आधारित आम जनताको श्रम, सीप, पुँजी र सामूहिक हितका लागि यसलाई परिचालन गर्नु हो ।

यसैगरी सामाजिक रुपान्तरण र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि जिल्लाभित्रका बचत तथा ऋण सहकारी संस्थाहरुलाई व्यावसायिक र स्वायत्त बनाउनु आवश्यक छ । यी संस्थाहरुलाई दिगो विकासका लागि सक्षम बनाउँदै, नीति तथा विधिमा राखी शिक्षा र तालिमका माध्यमबाट बलियो र स्थापित गराउने उद्देश्य राखिएको छ । सोही उद्देश्य पूरा गर्न नेपालको जिल्ला स्तरमा बचत तथा ऋण क्षेत्रअन्तर्गतको पहिलो संघका रुपमा सहकारी ऐन २०४८ बमोजिम वि.सं. २०५० साल आश्विन ३ गते आइतबार (सन् १९९३ सेप्टेम्बर १९) मा यस संघको स्थापना भई हालसम्म सञ्चालनमा रहेको छ ।

ललितपुर जिल्लामा छरिएर रहेका प्रारम्भिक बचत तथा ऋण सहकारीहरुलाई एकताबद्ध गर्न, वित्तीय साक्षरता फैलाउन र सहकारी अभियानलाई नीतिगत रुपमा




बलियो बनाउन यो संघको जग बसालिएको देखिन्छ । स्थापनाकालमा ५ वटा संस्था र तिनै संस्थाका प्रतिनिधिहरुबाट सुरुवात भएको यस संघले हाल आफ्नो स्थापनाको तीन दशक पार गरिसकेको छ । अहिले यो जिल्लाकै एक प्रतिष्ठित र बलियो विषयगत संघका रुपमा स्थापित भएको छ । ललितपुर जिल्लामा दर्ता भएका ५६९ बचत तथा ऋण सहकारी संस्थाहरुमध्ये ५२६ वटा प्रारम्भिक संस्थाहरु यस संघमा आबद्ध छन् । तीमध्ये महिलाहरुद्वारा मात्र सञ्चालित ३९ वटा सहकारी संस्थाहरु पनि समावेश छन् । संघका हालसम्मका दस्तावेजहरु अध्ययन गर्दा धेरै महत्वपूर्ण कार्यहरु भएको पाइयो । तीमध्ये मुख्य(मुख्य कार्यहरुलाई लिपिबद्ध गरी यहाँहरु समक्ष प्रस्तुत गर्ने जमर्को गरेको छु ।

**संघ स्थापनाका लागि पहल गर्ने संस्था र प्रतिनिधी पात्रहरू**

| ऋ. सं. | संस्थाको नाम ठेगाना | प्रतिनिधी |
|---|---|---|
| १. | स्वास्तिक बचत तथा ऋण महिला सहकारी संस्था लि., कुपण्डोल | रोहिणी जोशी, अध्यक्ष |
| २. | सहकारी ऋण कोष, पुल्चोक | होमनाथ शर्मा, अध्यक्ष |
| ३. | यातायात मजदुर बचत तथा ऋण सहकारी संस्था लि., पुल्चोक | रामचन्द्र श्रेष्ठ, अध्यक्ष |
| ४. | संकल्प बचत तथा ऋण सहकारी संस्था लि. साझा प्रकाशन पुल्चोक | धीरेन्द्र खनाल, अध्यक्ष |
| ५. | पारिवारिक ऋण सहकारी संस्था लि., मानभवन | शम्भु बहादुर के.सी, अध्यक्ष |

**हाल सम्म संघको कार्यालय**

| ऋ.सं. | मिति | कार्यालय रहेको ठेगाना र स्थानहरु |
|---|---|---|
| १. | २०५० साल देखि | ल. पु नगरपालिका वडा नं. १० स्थित कुपण्डोल स्वास्तिक बचत तथा ऋण महिला सहकारी संस्था लिमिटेडको कार्यालयमा |
| २. | २०६३ भाद्र २१ गते बुधबारबाट | ल. पु उप महानगरपालिका वडा नं. २० स्थित पद्मावती बचत तथा ऋण सहकारी संस्था लिको कार्यालयमा १ वर्षका लागि संघको कार्यालय स्थानान्तरण भएको |
| ३. | २०६८ मंसिर ३ गते देखि | संघले ल.पु .उप म.न.पा ८ कनिबहालस्थित ब्यक्तिको घरमा नयाँ कार्यालय उद्घाटन गरी भाडामा सञ्चालन |
| ४. | २०७१ चैत्र १३ गतेबाट | संघको कार्यालय लगनखेल तरकारी बजारको पश्चिम पट्टी कृषि बैक लि नजिकको घरमा स्थान्तरण भई भाडामा सञ्चालन |
| ५. | २०७६ श्रावण १ गते | लगनखेल एलएमभी स्कुल नजिक जिएम कम्प्लेक्समा स्थानान्तरण भइ भाडामा हालसम्म सञ्चालन |

**संघमा स्थापनाकाल देखि हाल सम्म लेखापरीक्षण गर्नु हुने लेखापरीक्षकहरू (अडिटर)**

| क.सं. | आ.ब | लेखापरीक्षक | परिश्रमिक रकम |
|---|---|---|---|
| १ | २०५०/०५१ | श्री लक्ष्मीराज तुलाधर (घ-६०० ।०४९) | १०० ।- |
| २ | २०५१/०५२ | श्री लक्ष्मीराज तुलाधर (घ-६०० ।०४९) | १०० ।- |

| क्र.सं. | आ.ब | लेखापरीक्षक | परिश्रमिक रकम |
|---|---|---|---|
| ३ | २०५२/०५३ | श्री लक्ष्मीराज तुलाधर (घ-६०० ।०४९) | १०० ।- |
| ४ | २०५३/०५४ | एस.बि. कम्पनीका श्री सिद्धिबहादुर | १०० ।- |
| ५ | २०५४/०५५ | एस.बि. कम्पनीका श्री सिद्धिबहादुर | २०० ।- |
| ६ | २०५५/०५६ | एस.बि. कम्पनीका श्री सिद्धिबहादुर | २०० ।- |
| ७ | २०५६/०५७ | श्री लक्ष्मीराज तुलाधर (घ-६०० ।०४९) | १०० ।- |
| ८ | २०५७/०५८ | श्री लक्ष्मीराज तुलाधर (घ-६०० ।०४९) | १०० ।- |
| ९ | २०५८/०५९ | श्री लक्ष्मीराज तुलाधर (घ-६०० ।०४९) | १०० ।- |
| १० | २०५९/०६० | श्री लक्ष्मीराज तुलाधर (घ-६०० ।०४९) | २०० ।- |
| ११ | २०६०/०६१ | प्रताप थापा एण्ड कम्पनी प्रताप थापा | १०० ।- |
| १२ | २०६१/०६२ | प्रताप थापा एण्ड कम्पनी प्रताप थापा | १०० ।- |
| १३ | २०६२/०६३ | प्रताप थापा एण्ड कम्पनी प्रताप थापा | १०० ।- |
| १४ | २०६३/०६४ | ................ | |
| १५ | २०६४/०६५ | के.पि. एण्ड कम्पनीका श्री केशब पौडेल | १०० ।- |
| १६ | २०६५/०६६ | आइक्यू एण्ड कम्पनी | १००० ।- |
| १७ | २०६६/०६७ | श्री कुवेर एण्ड एसोसिएटस् | १०००० ।- |
| १८ | २०६७/०६८ | श्री बिनोद चखुँ एण्ड कम्पनी | ५००० ।- |
| १९ | २०६८/०६९ | श्री ठमनाथ ढकाल (३१-४०२६ ग) | १०००० ।- |
| २० | २०६९/०७० | श्री ठमनाथ ढकाल (३१-४०२६ ग) | १०००० ।- |
| २१ | २०७०/०७१ | श्री राजेन्द्रप्रसाद भ (१७१८ ) | १०००० ।- |
| २२ | २०७१/०७२ | श्री ठमनाथ ढकाल (३१-४०२६ ग) | १५००० ।- |
| २३ | २०७२/०७३ | श्री केशवराज काफले (१९३ ख) | २५,००० ।- |
| २४ | २०७३/०७४ | श्री केशवराज काफले (१९३ ख) | २५,००० ।- |
| २५ | २०७४/०७५ | श्री केशवराज काफले (१९३ ख) | ३५,००० ।- |
| २६. | २०७५/०७६ | सि.ए श्री क्षितिज शर्मा (९२५ क) | ७५,००० ।- |
| २७ | २०७६/०७७ | सि.ए श्री क्षितिज शर्मा (९२५ क) | १००,००० ।- |
| २८ | २०७७/०७८ | सि.ए श्री क्षितिज शर्मा (९२५ क) | १५०,००० ।- |
| २९ | २०७८/०७९ | सि.ए श्री रमेश नेपाल (७०४ क) | १५०,००० ।- |
| ३० | २०७९/०८० | सि.ए श्री रमेश नेपाल (७०४ क) | १५०,००० ।- |
| ३१ | २०८०/०८१ | सि.ए श्री रमेश नेपाल (७०४ क) | २००,००० ।- |
| ३२ | २०८१/०८२ | सि.ए श्री नरहरि अर्याल (७८२ क) | २००,००० ।- |
| ३३ | २०८२/०८३ | सि.ए श्री नरहरि अर्याल (७८२ क) | २००,००० ।- |

**संघको प्रारम्भिक, वार्षिक साधारण सभा**

| क्र.सं | मिति | सभा | स्थान |
|---|---|---|---|
| १. | २०५० कार्तिक २४ गते | प्रारम्भिक साधारण सभा | स्वास्तिक साकोसको कार्यालय कुपण्डोल |
| २. | २०५१ आश्विन २९ गते | प्रथम साधारण सभा | स्वास्तिक साकोसको कार्यालय कुपण्डोल |
| ३. | २०५३ जेष्ठ ५ गते | आ.ब ०५१।०५२ को वार्षिक साधारण सभा | स्वास्तिक साकोसको कार्यालय कुपण्डोल |
| ४. | २०५३ आश्विन १२ गते | आ.ब ०५२।०५३ को वार्षिक साधारण सभा | स्वास्तिक साकोसको कार्यालय कुपण्डोल |
| ५. | २०५५ जेष्ठ २३ गते | आ.ब ०५३।०५४ को वार्षिक साधारण सभा | स्वास्तिक साकोसको कार्यालय कुपण्डोल |
| ६. | २०५५ चैत्र २६ गते शुक्रबार | आ.ब ०५४।०५५ को वार्षिक साधारण सभा | स्वास्तिक साकोसको कार्यालय कुपण्डोल |
| ७. | २०५७ श्रावण १४ गते | आ.ब ०५५।०५६ र ०५६/०५७ को वार्षिक साधारण सभा | |
| ८. | २०५८ श्रावण २५ गते | आ.ब.०५७।०५८ को वार्षिक साधारण सभा | |
| ९. | २०५९ श्रावण ८ गते बुधबार | आ.ब.०५८।०५९ को वार्षिक साधारण सभा | स्वास्तिक साकोसको कार्यालय कुपण्डोल |
| १०. | | आ.ब ०५९।०६० को वार्षिक साधारण सभा | |
| ११. | २०६२ अषाढ २३ गते | आ.ब ०६०।०६१ को वार्षिक साधारण सभा | |
| १२. | ,, | आ.ब ०६१/०६२ को वार्षिक साधारण सभा | |
| १३ | २०६४ माघ १९ गते | संघको बिशेष साधारण सभा | श्री पद्मावती साकोसको कार्यालय पुल्चोक |
| १४ | २०६४ चैत्र २ गते | १३ औं वार्षिक साधारण सभा | |
| १५. | २०६५ श्रावण ३१ गते | १४औं वार्षिक साधारण सभा | ललितपुर उप महानगरपालिका वडा नं. ६ को कार्यालय भवन कनिबहाल |
| १६. | २०६६ श्रावण ३१ गते | १५ औं वार्षिक साधारण सभा | ललितपुर उप महानगरपालिका वडा नं.६ को कार्यालय भवन कनिबहाल |
| १७. | २०६७ श्रावण २९ गते | १६ औं वार्षिक साधारण सभा | श्री रुद्रवर्ण महाविहार ओकुबहाल |
| १८ | २०६८ भाद्र ३ गते शनिबार | १७ औं वार्षिक साधारण सभा | ल.पु उप नगरपालिका-९ स्थित च्यास मंका: खलको स्थान परिवर्तित भई पुल्चोकस्थित सीटि पार्टी प्यालेस छाबहाल |
| १९ | २०६९ मंसिर १५ गते शुक्रबार | १८ औं वार्षिक साधारण सभा | साझा पार्टी प्यालेस, लगनखेल |
| २० | २०७० मंसिर १२ गते बुधबार | १९ औं वार्षिक साधारण सभा | साझा पार्टी प्यालेस, लगनखेल |
| २१ | २०७१ माघ ४ गते | २० औं वार्षिक साधारण सभा | कोप ब्याक्वेट चकपथ, थसिखेल |
| २२ | २०७२ पौष २४ गते | २१ औं वार्षिक साधारण सभा | साझा पार्टी प्यालेस, लगनखेल |
| २३ | २०७३ पौष २९ गते शुक्रबार | २२ औं वार्षिक साधारण सभा | साझा पार्टी प्यालेस, लगनखेल |
| २४. | २०७५ फागुण १८ गते शुक्रबार | २३ औं वार्षिक साधारण सभा | साझा पार्टी प्यालेस, लगनखेल |

| | | | |
|---|---|---|---|
| २५ | २०७५ फागुण १८ गते शनिबार | २४ औं वार्षिक साधारण सभा | कोप फुडल्याड एण्ड पार्टी प्यालेस, थसिखेल |
| २६. | २०७६ कार्तिक २१ गते | २५ औं वार्षिक साधारण सभा | साझा पार्टी प्यालेस, लगनखेल |
| २७. | २०७७ मंसिर २८, २९, ३०, पौष १,२,३ र ४ गते | २६ औं वार्षिक साधारण सभा | कोभिडका कारणले क्रमश: बचत संघको हल, गोदावरी पार्टी प्यालेस, वेलकम पार्टी प्यालेस टाहखेल र बचत संघको हलमा सिमित ब्यक्तिहरुमात्र पटक पटक उपस्थित गराई सम्पन्न गरिएको । |
| २८ | २०७८ पौष ८ गते, बिहिबार | २७ औं वार्षिक साधारण सभा | साझा पार्टी प्यालेस, लगनखेल |
| २९ | २०७९ भाद्र २७ गते | २८ औं वार्षिक साधारण सभा | डिलाईट पार्टी भेन्यू महालक्ष्मीस्थान |
| ३० | २०८० कार्तिक २४ गते शुक्रबार | २९ औं वार्षिक साधारण सभा | डिलाईट पार्टी भेन्यू महालक्ष्मीस्थान |
| ३१ | २०८१ कार्तिक २५ गते आईतबार | ३० औं वार्षिक साधारण सभा | डिलाईट पार्टी भेन्यू महालक्ष्मीस्थान |
| ३२ | २०८२ कार्तिक २५ गते मंगलबार | ३१ औं वार्षिक साधारण सभा | साझा ब्यँाक्वेट, लगनखेल |



## संघका निर्णय र नीतिगत कार्यहरू

| क्र.सं. | निर्णय र नीतिगत कार्य |
|---|---|
| १ | संघमा सदस्यता प्राप्त गरेका संस्थाका अध्यक्षबाट नै साधारण सभामा प्रतिनिधित्व गरी आफ्नो संस्थाका आर्थिक लगायत अन्य गतिविधिका बिषयमा संघमा जानकारी गराउनु पर्ने २०५० पौष २५ को बैठकको निर्णयबाट |
| २ | २०५१।५।१५ को बैठकको निर्णयबाट ललितपुर जिल्लामा भएका प्रारम्भिक संस्थाहरु नेफ्स्कुनमा दर्ता गर्दा जिल्ला बचत संघ मार्फत प्रकिया गरी मात्र नेफ्स्कुनमा सदस्यता गर्नका लागि नेफस्कुनलाई अनुरोध गर्ने |
| ३. | २०५२ कार्तिक २९ गतेको बैठकको निर्णयबाट अन्तर लगानीको का लागि पहिलो पटक छलफल भएको |
| ४. | ०५२।०५३ को साधारण सभाको निर्णयबाट पहिलो पटक प्रारम्भिक संस्थाहरुलाई दुई दिने बचत तथा ऋण उत्प्रेरणा कार्यक्रम सञ्चालनको तय भएको र सो कार्यक्रमका लागि राष्ट्रिय सहकारी विकास बोर्डले हल उपलब्ध गरी बोर्डका तत्कालिन निर्देशक नेत्र प्रसाद अधिकारीज्युले सो बिषय प्रशिक्षण लिनु भएको थियो भने १७ वटा संस्थाबाट २८ जना र आयोजक परिवेक्षक र सहयोगी समेत गरी जम्मा ७० जनाको उपस्थित रही उक्त कार्यक्रमको जम्मा खर्च ९७२७।५० खर्च भई उक्त खर्च नेफ्स्कुनबाट रु ९०००।०० र बाकी रु ७२७।५० संघबाट खर्च गरी सम्पन्न भएको |
| ५. | २०५४ बैशाख २ गतेको बैठकको निर्णयबाट संघको आर्थिक स्रोत अभावका कारण संघको साइन बोर्ड बनाउन साझा यातायातलाई अनुरोध भएको र संघको लेटरप्याड र अन्य अफिसियल कागजपत्रहरुका लागि साझा प्रकाशनलाई अनुरोध भई संघको माग बमोजिम दुबै संस्थाबाट २०५४।३।२० मा बनाई संघले प्राप्त गरेको |
| ६. | २०५४ असाढ २० गते बैठकको निर्णबाट संघका अध्यक्षबाट नै संघ सञ्चालनका लागि स्रोतको खोजी जुटाउने जिम्मेवारी दिएको पाइयो । |
| ७. | २०५४ भाद्र १४ गतेको निर्णयानुसार "बचत तथा ऋण सहकारीताको विकासमा सहकारी कार्यकर्ताको भूमिका" विषयमा एक दिने कार्यशाला गोष्ठी पहिलो पटक आयोजना गरिएको |
| ८. | २०५५।१०।१६ गते आ.व.०५४।०५५ को वार्षिक साधारण सभा गणपुरक संख्या नपुगेका कारण पहिलो पटक स्थगित भई २०५५ चैत्र २६ गते पुन: सञ्चालन भएको |
| ९. | राष्ट्रिय सहकारी संघको सदस्य लिई प्रतिनिधिका रुपमा संघको तर्फबाट अध्यक्षको सहभागिताको लागि पहिलो पटक चयन गरी पठाइएको |
| १०. | संघको ०५४।०५५ को वार्षिक साधारण सभाबाट ५ सदस्य सञ्चालक समितिमा १ थप गरी ६ सदस्यीय सञ्चालक समितिको गठन |
| ११. | २०५६ श्रावण १५ गते शनिबार विभिन्न जिल्लामा गठन भएको बचत तथा ऋण जिल्ला संघको बीचमा आपसी अन्तक्रिया र कार्यक्रमहरुमा आपसी समन्वयका लागि यस संघको सक्रियतामा पहिलो पटक जिल्ला संघ समन्वय कार्यक्रम आयोजना भएको |

| क्र.सं. | निर्णय र नीतिगत कार्य |
|---|---|
| १२. | २०५७ चैत्र २८ गते सहकारी संस्थाहरूको प्रादुर्भाव, विकास तथा सञ्चालनको प्रारम्भिक अवस्थाको चरणमा सहकारीमा कर लगाउने ब्यबस्थाको पहिलो पटक विरोध गरिएको |
| १३. | संघमा सदस्यताका लागि फाइनान्स कम्पनीबाट सदस्यता माग गरेकोमा सहकारी उद्धेश्य र क्रियाकलाप भित्र नपरेकाले सदस्यता नदिने २०५८।१२।१७ गतेको निर्णय |
| १४. | २०५८।०५९ को वार्षिक साधारण सभाको निर्णय बमोजिम संघको आर्थिक कठिनाई सरकारको सहकारी संस्थाहरु प्रतिको दृष्टिकोण सम्बन्धमा छलफलका लागि पहिलो पटक संम्बन्धित निकायमा पहल गर्ने निर्णय |
| १५. | जिल्ला सहकारी कार्यालयले सहकारी ऐन ०४८ को दफा-३४ बमोजिम संघले विवरण नबुझाएकोले रु १ हजार ५०० जरिवाना सहितको पत्राचार पहिलो पटक यस संघलाई गरेको |
| १६. | राष्ट्रिय सहकारी संघ लि लाई पहिलो पटक सेवा शुल्क बापद रु २ हजार बुझाउने मिति २०५९।०७।१६ को बैठकको निर्णय |
| १७. | ललितपुर बचत तथा ऋण सहकारी संघका अध्यक्षको समन्वयमा राष्ट्रिय सहकारी बैक ललितपुर शाखा सञ्चालन गर्ने पहल भएको |
| १८. | ११ औं साधारण सभाबाट ६ सदस्य सञ्चालक समितिबाट ७ सञ्चालक र ३ लेखा समिति गठन भएको |
| १९ | नेपालगञ्जमा सम्पन्न नेफस्कुनका नव निर्वाचित पदाधिकारीहरुलाई संघद्वारा पहिलो पटक २०६४ पौष १० गते होटल एलिनाज बेकरी जावलाखेलमा सम्मानको थालनी भएको र उक्त कार्यक्रमको खर्च उपस्थित सहकारीहरूबाट दामासाहीले ब्यहोरिएको । |
| २० | २०६४।१२।०२ मा संघको १३ औं वार्षिक साधारण सभाबाट ७ सञ्चालक सदस्यबाट ९ सञ्चालक समिति गठन भएको |
| २१ | मिति: २०६४ चैत्र ५ गते बैठकको निर्णयबाट आर्थिक योजना स्वरूप अन्तर लगानी नीति अनुरुप परीक्षण स्वरूप संघको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिमा संलग्न संस्थाहरूबाट अन्तर लगानी कार्य शुरु भएको |
| २२. | २०६५।२।१० गते अनुगमन तथा निरीक्षण, प्रशासनिक तथा सांगठनिक, शिक्षा तथा तालिम र आर्थिक गरी ४ वटा क्षेत्र विभाजन गरी गठन गरिएको |
| २३. | २०६५।२।१० गतेको निर्णयबाट संघको लेटरप्याड, साइनबोर्ड लगायतका सामाग्रीहरुमा अन्तराष्ट्रिय ऐक्यबद्धताको लोगो प्रयोग गर्न पहल कदमी लिएको |
| २४. | २०६५।०४। २७ को निर्णयानुसार संघको स्थायी लेखा नम्बर (प्यान) लिने पहल गरेको |
| २५. | २०६५।०५।०४ को निर्णयबाट सदस्य संस्थाहरूको निरीक्षण र अनुगमन यथासिघ्र गरी विवरण सङ्कलन कार्य पहिलो पटक भएको |
| २६. | यस संघ समेतको पहलमा उपत्यका भित्रका सहकारी संघहरूको गतिविधि र प्रभावकारीता बढाउनका लागि २०६५।०६।०७ गते पहिलो पटक उपत्यका सहकारी संघ समन्वय समिति गठन भएको |
| २७. | कोशी पिडित राहत कोष गठन गरी उपत्यका सहकारी समन्वय समितिको नेतृत्वमा सहयोग गरेको |




| क्र.सं. | निर्णय र नीतिगत कार्य |
|---|---|
| २८. | नेफस्कुनले घर जग्गा खरिद गर्नका लागि यस संघबाट ५ हजार ५ रूपैयाँ सहयोग गरी सदस्य संस्थाहरुलाई समेत सहयोगका लागि आह्वान गरेको |
| २९. | संघ र जिल्ला सहकारी संघको संयुक्त ब्यानरमा ५२ औं सहकारी दिवस मनाइएको |
| ३० | संघको सम्पर्कमा नआएको र नभएको सदस्य संस्थाहरुलाई संघद्धारा पहिलो पटक २०६६।२।२९ मा सदस्यता रद्ध गर्ने निर्णय सहित शुरुवात भएको |
| ३१ | ललितपुर जिल्लामा नै पहिलो पटक यस संघ र जिल्ला सहकारी संघको पहलमा ५३ औं राष्ट्रिय सहकारी दिवश झाँकी र र्‍याली सहित भब्य रुपमा भएको |
| ३२. | संघद्धारा पहिलो पटक २०६९।१।२८ मा संघको पहिलो बुलेटिन प्रकाशनको थालनी र विमोचन |
| ३३. | सहकारी अभियानमा पहिलो पटक यस संघले २०६९ बैशाख २८, २९ र ३० गते धुलिखेलमा पहिलो ललितपुर कोअपरेटिभ समिट-२०१२ आयोजना भएको जसको नारा "कोअपरेटिभ इन्टरप्राइजेज विल्ड अ वेटर वर्ल्ड" तथा समिटको उदघाटन नेपाल सरकारका अर्थमन्त्री वर्षमान पुनले गर्नुभएको |
| ३४. | अन्तराष्ट्रिय सहकारी वर्ष २०१२ का उपलक्ष्यमा केन्द्रीय सञ्चार सहकारी संघका महासचिब शिव डाँगीले सर्वोच्च शिखर सगरमाथा आरोहण गरी सगरमाथाको चचुरोमा सहकारी झण्डा फहराउन सफल हुनु भएको र सो कार्यको उच्च सम्मान गर्दै शिखर चढन लागेको खर्च संघले ब्यहोर्ने निर्णय गरेको |
| ३५. | संघले प्रारम्भिक सदस्य संस्थाको भवन निर्माणका लागि कर्जा लगानी गर्ने थालनी भएको यस अर्न्तगत पहिलो पटक श्रमिक हित साकोसको भवन निर्माणका लागि सोही संस्थालाई दुई लाख रुपैया ऋण लगानी गरेको |
| ३६. | संघका निर्वतमान अध्यक्ष तथा प्रमुख सल्लाहकार श्री धर्मराज शाक्यको २०६९ भाद्र २६ गते चोभारमा असामाहिक निधन भएको |
| ३७. | जिल्ला सहकारी संघसँग महालक्ष्मीस्थानस्थित संघको भवन निर्माणका लागि जग्गा माग गर्ने २०६९ मंसिर ४ गते सोमबारको निर्णय सहित माग गरिएको |
| ३८. | संघको संयोजनमा सहकारी वर्ष २०१२ को उपलक्ष्यमा ललितपुर सहकारी महोत्सव ललितपुर मंगलबजार पाटनमा २०६९ पौष ६, ७ र ८ गते सम्पन्न भएको |

| क्र.सं. | निर्णय र नीतिगत कार्य |
|---|---|
| ३९. | इकुडोल सहकारी महोत्सवका लागि संघबाट रु. १३ हजार  आर्थिक सहयोग भएको |
| ४० | २०७० जेठ १२, १३, र १४ गते नगरकोटमा "नेतृत्वमा विशिष्टीकरण, सहकारीमा शुद्धिकरण" भन्ने मुल नाराका साथ दोस्रो ललितपुर साकोस समिट-२०७० (सहकारी सम्मेलन) आयोजना गरिएको जसको प्रमुख अतिथिको रुपमा सहकारी विकास वोर्डका सह-अध्यक्ष सरोजकुमार शर्मा रहनुभएको |
| ४१ | २० औं वार्षिक साधारण सभाबाट सदस्य संस्था र संस्थापक, सहकारी अभियानकर्मीहरुलाई सम्मान गर्ने परिपाटीको शुरुवात भएको |
| ४२ | २०७२ बैशाख १२ को भुकम्प पिडितका लागि राहत कोष गठन भई सो राहतकोषमा संघका तर्फबाट रु १ लाख आर्थिक सहयोग भएको |
| ४३. | २०७३ जेठ १४, १५, र १६ गते काभ्रे धुलिखेलमा "आर्थिक विकाससँगै राष्ट्र निर्माणका लागि सक्षम नेतृत्वसहितको सहकारी" नेतृत्वमा विशिष्टीकरण, सहकारीमा शुद्धिकरण" भन्ने मुल नाराका साथ तेस्रो ललितपुर साकोस समिट (सहकारी सम्मेलन) आयोजना, उक्त समिटको उद्घाटन नेपाल सरकारका कृषि तथा सहकारी मन्त्री हरिबोल गजुरेलद्धारा भएको । |
| ४५ | संघबाट २०७४ मंसिर २१ मा सम्पन्न प्रतिनिधि र प्रदेश सभाको निर्वाचनबाट निर्वाचितहरुलाई २०७४।९।१७ मा सम्मान गरी सो कार्यक्रमको थालनी |
| ४६ | २०७५ पुष २१ २२ मा सम्पन्न राष्ट्रिय सहकारी बैकको १५ औं साधारण सभाबाट यस संघको सचिब रामहरि बजगाई सञ्चालक पदमा निर्वाचित भई बधाई ज्ञापन |
| ४७ | २४ औं  वार्षिक साधारण सभा निर्वाचन सहितको सभा भएकोले संघले पहिलो पटक इलेक्ट्रोनिक भोटिङ्ग मेशिनको प्रयोगमा ल्याएको |
| ४८. | २०७५ चैत्र १७ गते भएको प्राकृतिक विपत्तिले प्रदेश नं. २ स्थित बारा र पर्सामा भएको मानवीय क्षतिमा संघको तर्फबाट रु ५ हजार ५५५ आर्थिक सहयोग भएको |
| ४९. | संघ २५ औं वर्ष पुरा भएको उपलक्ष्यमा संयोजक रामहरि बजगाईको संयोजकत्वमा करुणारत्न बज्राचार्य, लक्ष्मी शाक्य, श्यामकृष्ण महर्जन, दिपक घिमिरे र सरिता अवाले सहित ७ सदस्य  रजत वर्ष तयारी तथा व्यवस्थापन कार्यदल गठन भएको |
| ५०. | २०७६।१।३० गते संस्कृतिविद् वाङ्मय शताब्दी पुरुष महाविद्यावारिधी श्री सत्यमोहन जोशी सत्वार्षिकीको अवसरमा संघ लगायत प्रारम्भिक सहकारी संस्थामा विदाका आव्हान गरी ललितपुर महानगरपालिकाद्धारा आयोजित शताब्दी महोत्सव कार्यक्रममा संघबाट उल्लेख्य सहभागीता भएको |






| क्र.सं. | निर्णय र नीतिगत कार्य |
|---|---|
| ५१. | संघको रजत वर्ष मनाउनका लागि २०७६।०२।१० गते २०३ सदस्यीय मुल समारोह समितिको गठन भएको |
| ५२. | २०७६।०२।१० गतेको बैठकबाट संघको बिगत देखि हालसम्मको क्रियाकलापहरु सम्बन्धी वृत्तचित्र निर्माण गर्नका लागि कोटेशनमार्फत आमसञ्चार सहकारी संस्था लि रु. ३ लाख ७५ हजार खर्च गरिएको |
| ५३ | संघको रजत वर्ष २०७६ लाई निम्ननानुसार कार्यक्रम तय गरी रजतवर्ष भब्य र सफतापूर्वक सम्पन्न गरिएको<br>क. २०७६।०२। २९ गते रजत वर्ष प्रतिक चिह्न अनावरण तथा दीप प्रज्वलन<br>ख. २०७६।०३ ।०३ गते गोदावरी महालक्ष्मी कोञ्ज्योसोम र वागमती पालिका स्तरीय सदस्य संस्थासँग अन्तरक्रिया<br>ग. २०७६।०३।१५ गते धान दिवसको अवसरमा रोपाईं<br>घ. २०७६।०४।१७ गते महालक्ष्मीस्तरीय सदस्य संस्थासँग अन्तक्रिया<br>ङ. २०७६।०४।२० गते ललितपुर महानगरपालिका स्तरीयका सदस्य संस्थासँग अन्तक्रिया<br>च. २०७६।०४।२१ गते सहकारी दौड प्रतियोगिता<br>छ. २०७६ असोज ३ गते स्तम्भ अनावरण तथा स्मारिका विमोचन सहित रजत वर्ष समापन (स्थानीयबाट स्तम्भ निर्माणमा अवरोध भएकोले रोकिएको) |
| ५४. | २०७६।०७।२३ देखि नेपाल बुद्धिचाल संघ र मदन भण्डारी स्पोर्टस एकेडेमीबाट आयोजित बुद्धिचाल प्रतियोगितालाई संघको तर्फबाट रु ५० हजार ५५० आर्थिक सहयोग प्रदान |
| ५५. | ६ वटा स्थानिय सरकारले स्थापना गरेको आकस्मिक कोरोना महामारी नियन्त्रण तथा राहत कोषमा सहयोग स्वरूप संघबाट निम्नानुसार सहयोग भएको:<br>१. ललितपुर महानगरपालिकालाई रु. १ लाख — २. महालक्ष्मी नगरपालिकालाई रु. ७५ हजार<br>३. गोदावरी नगरपालिकालाइरु. रु. ७५ हजार — ४. बागमती गाउँपालिकालाई रु ४० हजार<br>५. महाँकाल गाउँपालिकालाई रु ४० हजार — ६. कोन्ज्योसोम गाउँपालिकालाई रु ४० हजार |
| ५६. | सदस्य संस्थामा कोरोना महामारीका कारण तरलता व्यवस्थापनमा आउन सक्ने समस्यालाई मध्यनजर गरी संघले महामारी अवधिका लागि रु. १० करोडको कारोना जोखिम कोष स्थापना गरी सो सम्बन्धी निर्देशिका पास गरी समस्यामा रहेका प्रतिसदस्य संस्थालाई रु २० लाख कर्जा उपलब्ध गराउने निर्णय भएको |
| ५७. | सहकारी संस्थाहरुको समस्या र गुनासो आई यस संघको पहलमा बागमती प्रदेश सहकारी विभागको कार्यालय वा सहकारी डेक्स ललितपुरमा राख्न सफल भएको |





| क्र.सं. | निर्णय र नीतिगत कार्य |
|---|---|
| ५८. | कोभिडका कारण २६ औं साधारण सभाका प्रतिवेदन उपर प्रस्तावहरू २०७७ पौष ११ गते शनिबार जुम मिटिङमार्फत निर्णय गरी सम्पन्न भएको |
| ५९ | संघका सल्लाहकार ठक्करप्रसाद शर्माको कलेजो उपचारका लागि संघबाट रु ५० हजार आर्थिक सहयोग प्रदान |
| ६० | संघको वित्तीय विवरण थप पारदर्शिताका लागि हरेक त्रैमासिक रुपमा राष्ट्रिय दैनिका पत्रिका, संघको वेबसाईट र सूचनापाटीमा प्रकाशित गर्ने थालनी भएको र सदस्य संस्थालाई प्रत्येक ६/६ महिनामा संस्थाको वित्तीय विवरण प्रकाशनका लागि अनुरोध गर्ने निर्णय भएको |
| ६२ | संघबाट कर्मचारी कर्जा अर्न्तगत पहिलो पटक संघमा सहायक बजार अधिकृतमा कार्यरत श्री दिनेश घिमिरेबाट कर्जा सुविधा पाउने गरी कर्जा स्वीकृत भएको । |
| ६३. | संघको आफ्नो भवन निर्माणका लागि जग्गा खरिदका लागि ३ सदस्य घरजग्गा खरिद उप समिति निर्माण भएको जसमा संयोजक श्यामकृष्ण महर्जन तथा सदस्यहरूमा दिपक घिमिरे र सन्तोष बजगाई रहनुभएको |
| ६४ | २०७८ मंसिर ८, ९, र १० गते ललितपुरको गोदावरीमा "दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी" भन्ने मूल नाराका साथ चौथो ललितपुर साकोस समिट (सहकारी सम्मेलन) आयोजना गरिएको, समिटको उद्‌घाटन नेपाल सरकार उप राष्ट्रपति नन्दबहादुर पुनबाट भएको |
| ६५. | उद्देश्य परिवर्तन गरेका र सम्पर्कमा नआएका साधारण सभामा उपस्थित नभएका संघमा आवद्ध भएका सदस्य संस्थाहरुलाई सदस्यता खारेज गर्ने निर्णय भएको |
| ६६. | २०७८ मंसिर ३ गते देखि अन्तर सहकारी सुरक्षण कोषको आयोजनामा १८ औं हस्तकला ब्यापार मेला तथा १६ औं हस्तकला प्रतियोगिताका लागि संघबाट रु २० हजार आर्थिक सहयोग भएको |
| ६७. | संघको भवन निर्माणार्थ घर जग्गा खरिद शिलबन्दी बोलपत्र मागका लागि राष्ट्रियस्तरको पत्रिकामार्फत सूचना गरी सबै भन्दा कमदर रेटको शिलबन्दी बोलपत्र प्राप्त ल.पु.म.न.पा ५ क कित्ता नं. ५१७ र ४७० को जम्मा जग्गा क्षे.फ ०-८-०-० भएको जग्गा स्वीकृत भई खरिदका लागि २०६८।०९।०७ गतेको निर्णय बमोजिम २७ औं साधारण सभामा पेश भएको |
| ६८. | संघको गोदावरी नगरपालिका अर्न्तगत २०७९।०३।१० गते पहिलो सेवा केन्द्र सञ्चालन भएको |

| क्र.सं. | निर्णय र नीतिगत कार्य |
|---|---|
| ६९. | संघको भवन निर्माणका नक्सा पास प्रक्रिया अगाडि बढाउन संघका सचिवको संयोजकत्वमा कोषाध्यक्ष सदस्य र सन्तोष बजगाई सदस्य सचिवका रुपमा ३ सदस्य भवन निर्माण उपसमिति गठन भएको |
| ७० | पदमावती साकोसले आयोजना गरेको जेष्ठ सदस्य सम्मान तथा भोजन कार्यक्रमका लागि संघबाट १५ हजार आर्थिक सहयोग गरिएको |
| ७१ | यस संघको सदस्य संस्था श्री रत्नाकर बचत तथा ऋण सहकारी संस्था लिमिटेड २५ वर्ष पुगेको उपलक्ष्यमा रजत वर्ष को उपलक्ष्यमा सदस्य संस्थाबाट २०७९।९।३० गते हुने साईकल र्‍यालीका लागि संघको तर्फबाट रु १ लाख आर्थिक सहयोग गरिएको । |
| ७२. | पदमावती बचत तथा ऋण सहकारी संस्थाले २०७९।१२।०१ मा आयोजना गरेको जेष्ठ सदस्य सम्मान कार्यक्रमका लागि संघबाट रु. १५ हजार आर्थिक सहयोग भएको |
| ७३. | सदस्य संस्था शुभेच्छा बचत तथा ऋण सहकारी संस्थाको च.नं.६०-०७९/८० २०७९/१०/१६ गतेको प्राप्त पत्र बमोजिम संस्थाको सम्पूर्ण हिसाब किताबको विस्तृत रुपमा छानविन गर्नका लागि संघबाट संघका सचिव र कोषाध्यक्षलाई संघको प्रतिनिधीका रुपमा पठाई छानविन गरी प्रतिवेदनसमेत प्राप्त भएको |
| ७४. | सदस्य संस्था दिपावती बचत तथा ऋण सहकारी संस्था लिको रजत वर्षको उपलक्ष्यमा २०८० वैशाख २८ गते देखि हुने सहकारी हाजिरी जवाफलाई सहयोग माग अनुसार संघको तर्फबाट रु ५० हजार आर्थिक सहयोग भएको |
| ७५ | २९ औं वार्षिक साधारण सभाबाट सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उप समितिलाई पहिलो पटक वैठक भत्ता निर्धारण भएको |
| ७६ | राष्ट्रिय सहकारी महासंघको “कोअपरेटिभ डिप्लोमा इन म्यानेजमेन्ट कोर्स” मा सहभागिताका लागि संघका सञ्चालक विनोद महर्जनलाई संघको लागत खर्चमा अध्ययन गर्न सिफारिस भएको |
| ७७ | २०८१ पौष ४ को निर्णयानुसार संघको स्थापना देखि र हाल सम्मका गतिविधि क्रियाकलाप समेटी संघको भिजुअल डकुमेन्ट्री निर्माणका लागि कोटेशनमार्फत टच मिडिया प्रा.लि.लाई रु. २ लाख ७५ हजार खर्च गरिएको |
| ७८. | संघको कारोबार सहजताका लागि २०८१ माघबाट बैंक क्यूआर कोड लिई पहिलो पटक प्रयोगमा ल्याएको |





| क्र.सं. | निर्णय र नीतिगत कार्य |
|---|---|
| ७९ | सहकारी सम्बन्धी ऐन संशोधनका लागि ल्याइएको अध्यादेश २०८१ र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि नेपाल राष्ट्र बैंकद्धारा जारी गरिएको निर्देशन र मापदण्डका बिषयमा ललितपुर सहकारी अभियानको साझा धारणाका लागि २०८१ माघ १८ गते वृहत सुझाव सङ्कलन कार्यक्रमको आयोजना भई सो कार्यक्रमाबाट आएका सुझावहरु सम्बन्धित निकायमा समेत बुझाइएको |
| ८० | संघका लेखा सुपरिवेक्षण समितिका सदस्य श्री कान्छा बज्राचार्यको मुटुको समस्याका कारण अस्पतालमा भर्ना हुनु भएको हुदा स्वास्थ्यलाभको कामना सहित संघबाट रु १८ हजार ५ सय र बैठकमा उपस्थितहरुबाट रु. ३७ हजार ५ सय गरी जम्मा ५६ हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरिएको |
| ८१. | बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुलाई २०८१।१२।२१ मा जारी भएको निर्देशन र मापदण्ड २०८१ र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था सञ्चालन सम्बन्धमा २०८२।०२।९ मा जारी भएको मापदण्ड २०८२ का सम्बन्धमा उक्त मापदण्ड परिमार्जन वा संसोधन गर्नका लागि सम्बन्धित निकायहरुमा विशेष पहल गरिएको |
| ८२. | श्री बसुन्धरा देवी व्रत पूजा व्यवस्थापन समिति २०८२ को २०८२।०४।२३ गतेको मागपत्र अनुसार श्री बसुन्धरा देवी व्रत पुजाका लागि संघबाट रु १५ हजार ५ सय ५५ आर्थिक सहयोग गरिएको |
| ८३. | ललितपुर दुग्ध उत्पादक सहकारी संघको २८ औं स्थापना दिवस र रजत जयन्तीको अवसरमा स्मारिका प्रकाशनका लागि संघबाट रु ५ हजार आर्थिक सहयोग प्रदान |
| ८४. | संघको स्थापनाकाल देखि हाल सम्म सञ्चालक समितिको औंपचारिक बैठक ३२५ वटा भएको छ । |
| ८५ | माथि उल्लेखित विषयबस्तुहरु बाहेक संघद्धारा सदस्य संस्थाहरुलाई नियमित रुपमा नि:शुल्क तथा स:शुल्क विभिन्न तालिमहरु, आन्तरिक अध्ययन अवलोकन भ्रमण तथा बहस पैरवी कार्यक्रम, अनुगमन गरिएको |

## संघले गरेका वृहत् कार्यक्रमहरू

| क.सं. | कार्यक्रमहरु |
|---|---|
| १. | **ललितपुर साकोस समिट**<br>पहिलो २०६९ वैशाख २८ देखि ३०, धुलिखेल<br>दोस्रो २०७० जेठ १४ देखि १६, नगरकोट<br>तेस्रो २०७३ जेठ १४ देखि १६, धुलिखेल<br>चौथो २०७८ मंसिर ८ देखि १०, गोदावरी<br>पाँचौ २०८३ असोज २ देखि ३, सानेपा |
| २ | साकोस अध्यक्ष गोष्ठी-२०८० (फागुन ४ र ५ गते, रत्नागिरी रिसोर्ट नगरकोट सम्पन्न)<br>७ बुँदे घोषणापत्र जारी गरिएको |
| ७. | साकोस कोषाध्यक्ष गोष्ठी-२०८१ (२०८१ जेठ १८ र १९ गते, मिरावल रिसोर्ट काभ्रे, धुलिखेल)<br>७ बुँदे घोषणा पत्र जारी |
| ८. | सिइओ वर्कसप ललितपुर-२०२५ (२०८१ चैत्र २१ र २२ गते, रत्नागिरी रिसोर्ट, नगरकोट)<br>५ बुँदे घोषणा पत्र जारी |
| ९ | लेखा सुपरिवेक्षण समिति गोष्ठी-२०८२ (२०८२ चैत्र १३ र १४ गते, रत्नागिरी रिसोर्ट, नगरकोट),<br>५ बुँदे घोषणा पत्र जारी |
| १० | कर्जा लगानी तथा असुली गोष्ठी-२०८३ (२०८३ वैशाख १७ गते, क्रिस्टल बैंक्वेट, मानभवन) |

## संघको सञ्चालक समितिमा बहाल रहदा नै संघभन्दा माथिल्लो निकायहरूमा निर्वाचित वा मनोनित

| संघमा आसिन्न व्यक्ति | निर्वाचित भएको संघ संस्था |
|---|---|
| अध्यक्ष रोहिणी जोशी | नेफस्कुनको सञ्चालक पदमा |
| सञ्चालक होमनाथ शर्मा | नेफस्कुनको कोषाध्यक्ष पदमा |
| सचिव रामहरि बजगाई | राष्ट्रिय सहकारी बैकको सञ्चालक पदमा |
| अध्यक्ष रामहरि बजगाई | राष्ट्रिय सहकारी बैकको पुन: सञ्चालक पदमा |

## संघमा मार्फत अन्तराष्ट्रिय भ्रमण तथा तालिममा सहभागिता

| क्र.सं. | सहभागी | भ्रमण तथा तालिम | देश |
|---|---|---|---|
| १. | संघका मुख्य सहायक बल्लभ तिमल्सिना | IFFCO को भ्रमण तथा तालिम | भारत |
| २. | संघका सञ्चालक लक्ष्मी शाक्य | ACCU Forum मा सहभागी | थाईल्याण्ड |
| ३. | **संघका कोषाध्यक्ष दिपक घिमिरे** | IFFCO को भ्रमण | भारत |
| ४. | संघका मुख्य सहायक बल्लभ तिमल्सिना | CICTAB को भ्रमण तथा तालिम | भारत |
| ५. | संघका लेखा व्यवस्थापक सन्तोष बजगाई | IFFCO को भ्रमण तथा तालिम | भारत |
| ६. | संघका मुख्य सहायक बल्लभ तिमल्सिना | ACCU CDCC TOT तालिम | थाईल्याड |

| | | | |
|---|---|---|---|
| ७. | संघका सञ्चालक लजना श्रेष्ठ र लेखा सदस्य शाशि खड्का | CICTAB को भ्रमण तथा तालिम | भारत |
| ८. | संघका सञ्चालक लजना श्रेष्ठ र लेखा सदस्य शाशि खड्का | IFFCO को भ्रमण तथा तालिम | भारत |
| ९ | संघका सञ्चालक सरिता अवाले | CICTAB को भ्रमण तथा तालिम | भारत |
| १० | संघका लेखा व्यवस्थापक सन्तोष बजगाई | ACCU Forum मा सहभागी | फिलिपिन्स |
| ११ | संघका व्यवस्थापक सन्तोष बजगाई | ILO Financial Educatio Programme मा सहभागी | ईटली |
| १२ | संघका सचिव श्यामकृष्ण महर्जन | CICTAB को भ्रमण तथा तालिम | भारत |

## हाल सम्म संघले सदस्यता लिएको

| क्र.सं. | मिति | सदस्यता लिएको |
|---|---|---|
| १. | २०५०।०६।३ | सहकारी विभागमा दर्ता |
| २. | २०५०।१०।५ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी |
| ३. | २०६६।१।२५ | जिल्ला सहकारी संघ लि |
| ४. | २०७२।५।२६ | राष्ट्रिय सहकारी संघ |
| ५. | २०७५।३।२८ | व्यवसाय दर्ता ललितपुर महानगरपालिका |
| ६. | २०७६।३।२३ | राष्ट्रिय सहकारी बैक |
| ७ | २०७८।३।३० | बागमती प्रदेश सहकारी संघ लि |
| ८ | २०७७।९।२९ | बागमती बचत तथा ऋण सहकारी संघ लि |





**संघले वित्तीय कारोबारका लागि स्थापनाकालदेखि खोलिएको बैक तथा संस्थागत खाताहरू**

| क्र.सं. | बैक वित्तीय संघ संस्था |
|---|---|
| १. | नेपाल बैक लिमिटेड कुपण्डोल शाखा |
| २. | स्वास्तिक बचत तथा ऋण महिला सहकारी संस्था लिमिटेड कुपण्डोल |
| ३. | नेशनल डेभलपमेन्ट को अपरेटिभ सोसाइटी हरिहरभवन |
| ४. | पद्मावती बचत तथा ऋण सहकारी संस्था लि. |
| ५. | शाक्य पुच बचत तथा ऋण सहकारी संस्था लि. |
| ६. | जिल्ला सहकारी संघ लि., ललितपुर |
| ७. | बैक अफ काठमाडौं लि. |
| ८. | प्राईम कमर्सियल बैक |
| ९. | सिद्धार्थ बैक लि. |
| १० | मुक्तिनाथ विकास बैंक लि., कुमारीपाटी |
| ११. | एनसिसि बैक लि. सातदोबाटो |
| १२. | ज्योति विकास बैंक लि. प्रयाग पोखरी |
| १३. | राष्ट्रिय सहकारी बैंक लि. |
| १४. | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. |
| १५ | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. |
| १६. | सनराईज बैंक लि., टौखेल शाखा |
| १७. | मुक्तिनाथ बिकास बैक लि. बाडेगाउँ शाखा |
| १८. | बेष्ट फाईनान्स कम्पनी लिमिटेड, लगनखेल शाखा |
| १९ | मञ्जुश्री फाईनान्स लिमिटेड, कुमारीपाटी शाखा |



## संघमा बिगतदेखि हाल सम्म कार्यरत कर्मचारीहरू

| क्र.सं. | शुरु पदीय जिम्मेवारी | कर्मचारीको विवरण |
|---|---|---|
| १ | सहायक | राम शाक्य |
| २. | मुख्य सहायक | बल्लभ तिमल्सिना |
| ३. | लेखा व्यवस्थापक | सन्तोष बजगाई (हाल सिइओ) |
| ४. | बजार सहायक | प्रकाश तिमल्सिना |
| ५. | बजार व्यवस्थापक | सृजना श्रेष्ठ |
| ६. | कार्यालय सहायक | विमला घिमिरे |
| ७. | सहायक बजार व्यवस्थापक | मनिष श्रेष्ठ |
| ८. | सहायक बजार व्यवस्थापक | दिनेश घिमिरे (हाल बजार अधिकृत) |
| ९. | कार्यालय सहयोगी | लिला दिवाली |
| १० | सहायक लेखापाल | निरोज महर्जन |
| ११ | लेखापाल | सिद्धार्थ देवकोटा |
| १२. | बजार सहायक | कमला हुमागाई |
| १३. | लेखापाल | सुजना चौलागाई |
| १४. | बजार अधिकृत | रमिता अवाले (हाल कर्जा अधिकृत) |
| १५. | बजार सहायक | निरोज घिमिरे (हाल बजार वरिष्ठ सहायक) |
| १६. | सहायक लेखापाल | सविना बजगाई (हाल लेखापाल) |
| १७. | सह लेखापाल | सुजाता शाक्य (हाल लेखापाल) |

| क्र.सं. | शुरु पदीय जिम्मेवारी | कर्मचारीको विवरण |
|---|---|---|
| १८ | बजार सहायक | आतिस माली |
| १९ | बजार सहायक | सागर घिमिरे |
| २० | रिसेप्सनिष्ट | दिपा बजगाई |
| २१ | लेखा तथा प्रशासन अधिकृत | सुदेश घिमिरे |
| २२. | क्यासियर | सविना दाहाल (हाल रिसेप्सनिष्ट) |
| २३. | सहायक व्यवस्थापक | भिमबहादुर खड्का |

**संघद्वारा सम्मानित र पुरस्कृत हुने व्यक्ति र संस्थाको सुची**

**आर्थिक वर्ष २०७३/०७४**

१) ललितपुर महानगरपालिकाबाट कुम्भेश्वस्थित कुम्भेश्वर महिला बचत तथा ऋण सहकारी संस्था लि.

२) महालक्ष्मी नगरपालिकाबाट सिद्धिपुरस्थित लश कुश बचत तथा ऋण सहकारी संस्था लि.

३) गोदावरी नगरपालिकाबाट टाहखेलस्थित माता विन्दवासिनी बचत तथा ऋण सहकारी संस्था लि.

४) बागमती गाउँपालिकाबाट ईकुडोलस्थित श्रमिक हित बचत तथा ऋण सहकारी संस्था लि.

५) कोन्ज्योसोम गाउँपालिकाबाट दलचोकिस्थित जन चेतना बचत तथा ऋण सहकारी संस्था लि.

६) महाङ्काल गाउँपालिकाबाट गोटिखेलस्थित गोटिखेल बचत तथा ऋण सहकारी संस्था लि.

**आर्थिक वर्ष २०७४/०७५**

१) ललितपुर महानगरपालिकाबाट ताल्छिखेलस्थित आयाम बचत तथा ऋण सहकारी संस्था लि.

२) महालक्ष्मी नगरपालिकाबाट सिद्धिपुरस्थित दिदि बहिनी बचत तथा ऋण सहकारी संस्था लि.

३) गोदावरी नगरपालिकाबाट टाहखेल पुष्पाञ्जली बचत तथा ऋण सहकारी संस्था लि.

४) बागमती गाउँपालिकाबाट भट्टेडाँडास्थित श्री सातकन्या महिला बचत तथा ऋण सहकारी संस्था लि.

५) कोन्ज्योसोम गाउँपालिकाबाट भारदेउस्थित निस्शी बचत तथा ऋण सहकारी संस्था लि.

६) महांकाल गाउँपालिकाबाट गोटिखेलस्थित शुभकामना बचत तथा ऋण सहकारी संस्था लि.

**आर्थिक वर्ष २०७५/०७६**

१) ललितपुर महानगरपालिकाबाट धोबिघाटस्थित अष्टमातृका बचत तथा ऋण सहकारी संस्था लि.

२) महालक्ष्मी नगरपालिकाबाट ठिकाथलीस्थित श्री उदय विनायक बचत तथा ऋण सहकारी संस्था लि.

३) गोदावरी नगरपालिकाबाट टौखेलस्थित सप्तरङ्गी बचत तथा ऋण सहकारी संस्था लि.

४) बागमती गाउँपालिकाबाट घुसेलस्थित श्री सिशौटार महिला बचत तथा ऋण सहकारी संस्था लि.

५) महांकाल गाउँपालिकाबाट कालेश्वरस्थित कालेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

**शेयर वृद्धि कार्यक्रममा सहभागी भई संघको शेयर वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउनेतर्फ**

१) हाम्रो बचत तथा ऋण सहकारी संस्था लि.

**सहकारी एकीकरण (मर्ज) तर्फ**

१) माता विन्दवासिनी र प्राकृतिक कृषि सहकारी एकीकरण भई प्राकृतिक साकोस भएको

२) सन्तानेश्वर साकोस र नौ धारा साकोस एकीकरण भई सन्तानेश्वर नौ धारा साकोस भएको

३) हाम्रो नमुना साकोस, हाम्रो थैली साकोस र सेवक साकोस एकीकरण भई हाम्रो साकोस भएको
४) युनिभर्सल बहुउद्देश्यीय सहकारी, आदिशक्ति सहकमारी एकीकरण भई माउन्ट नेपाल सहकारी भएको
५) आफन्त साकोस र जनप्रिय सहकारी एकीकरण भई जनप्रिय साकोस भएको
६) कर्मठ सामुदायिक साकोस र कल्पवृक्ष साकोस एकीकरण भई कर्मठ सामुदायिक साकोस भएको




**पूर्व सञ्चालकतर्फ**

संस्थापक अध्यक्ष :- रोहिणी जोशी

**आर्थिक वर्ष २०७७/०७८**

१) ललितपुर महानगरपालिकाबाट गावहालस्थित अनमोल बचत तथा ऋण सहकारी संस्था लि.
२) महालक्ष्मी नगरपालिकाबाट सिद्धिपुरस्थित साहारा बचत तथा ऋण सहकारी संस्था लि.
३) गोदावरी नगरपालिकाबाट छम्पीस्थित गणपती बचत तथा ऋण सहकारी संस्था लि.
४) ललितपुर महानगरपालिका धापाखेलस्थित गौरव बचत तथा ऋण सहकारी संस्था लि.
५) ललितपुर महानगरपालिका लो:लस्थित समता बचत तथा ऋण सहकारी संस्था लि.
६) ललितपुर महानगरपालिका ग्वार्कोस्थित आदिनाथ बचत तथा ऋण सहकारी संस्था लि.
७) महालक्ष्मी नगरपालिका ईमाडोलस्थित श्री कृष्ण प्रणामी बचत तथा ऋण सहकारी संस्था लि.
८) महालक्ष्मी नगरपालिका ईमाडोलस्थित अभियान बचत तथा ऋण सहकारी संस्था लि.

**सहकारी एकीकरण (मर्ज) तर्फ**

१) नयन साकोस र हेल्लो कञ्चनजंघघा साकोस एकीकरण भई हेल्लो नयन साकोस भएको
२) कञ्चनजंघा साकोस र सुवर्णभूमि साकोस एकीकरण भई कञ्चनजंघा साकोस भएको
३) मंगलद्विप साकोस र गोरखनाथ कृषि सहकारी संस्था एकीकरण भई मंगदद्विप साकोस भएको
४) एकिकृत, शुभलक्ष्मी र सिर्जना सहकारी एकीकरण भई सिर्जना साकोस भएको

**पूर्व सञ्चालकतर्फ**

संस्थापक उपाध्यक्ष :- होमनाथ शर्मा

**आर्थिक वर्ष २०७८/०७९**

१) ललितपुर महानगरपालिका सैबु, खोकना दोबाटोस्थित कार्यविनायक बचत तथा ऋण सहकारी संस्था लि.
२) गोदावरी नगरपालिका चापागाउँस्थित श्री सरस्वती महिला बचत तथा ऋण सहकारी संस्था लि.
३) महालक्ष्मी नगरपालिका टिकाथलीस्थित आधारशिला बचत तथा ऋण सहकारी संस्था लि.
४) महाङ्काल गाउँपालिका गोटिखेलस्थित एकता बचत तथा ऋण सहकारी संस्था लि.
५) बागमती गाउँपालिका प्युटारस्थित जोसिलो महिला बचत तथा ऋण सहकारी संस्था लि.
६) कोन्ज्योसोम गाउँपालिका चौघरेस्थित कोन्ज्योसोम महिला बचत तथा ऋण सहकारी संस्था लि.
७) ललितपुर महानगरपालिका प्रयागपोखरीस्थित हाम्रो बचत तथा ऋण सहकारी संस्था लि.
८) ललितपुर महानगरपालिका कुमारीपाटीस्थित ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.
९) ललितपुर महानगरपालिका त्यागलस्थित शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लि.
१०) ललितपुर महानगरपालिका प्रयागपोखरीस्थित प्रयाग बचत तथा ऋण सहकारी संस्था लि.
११) ललितपुर महानगरपालिका गुईटोलस्थित दिपावती बचत तथा ऋण सहकारी संस्था लि.
१२) गोदावरी नगरपालिका टौखेलस्थित नवरत्न बचत तथा ऋण सहकारी संस्था लि.

**पूर्व सञ्चालकतर्फ**

संस्थापक सञ्चालक सदस्य :- घिरेन्द्र खनाल

**आर्थिक वर्ष २०७९/०८०**

१) **उत्कृष्ट सहकारी पुरस्कार २०८०** (ललितपुर महानगरपालिकाभित्र सञ्चालित संस्थाहरु मध्ये बाट) खुत्रुकी साकोस
२) **उत्कृष्ट सहकारी पुरस्कार २०८०** (गोदावरी नगरपालिकाभित्र सञ्चालित संस्थाहरु मध्येबाट) कर्मठ सामुदायिक साकोस
३) **उत्कृष्ट सहकारी पुरस्कार २०८०** (महालक्ष्मी नगरपालिकाभित्र सञ्चालित संस्थाहरु मध्येबाट) स्वावलम्बी साकोस
४) **उत्कृष्ट व्यवसाय सहकारी पुरस्कार २०८०** परिचित साकोस
५) **उत्कृष्ट व्यवसाय सहकारी पुरस्कार २०८०** क्वेयना गणेधः साकोस

**पूर्व सञ्चालक तर्फ**: शम्भु बहादुर के.सी.

**पत्रकारतर्फ**: खिलानाथ दहाल

**कर्मचारीतर्फ**: रमिता अवाले

**आर्थिक वर्ष २०८०/०८१**

**उत्कृष्ट सहकारी पुरस्कार २०८१**

(क) ललितपुर महानगरपालिका-९, भोलगणेशस्थित : हिमनदी साकोस

(ख) गोदावरी नगरपालिका-१२, ठेचोस्थित: ठेचो महिला साकोस

**उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८१**

(क) ललितपुर महानगरपालिका-१४, ताल्छिखेलस्थित: आयाम साकोस

(ख) ललितपुर महानगरपालिका-१४, ताल्छिखेलस्थित: गन्तब्य साकोस

**पूर्व सञ्चालकतर्फ**

संस्थापक सञ्चालक सदस्य सचिव :- कुमार खत्री

**पत्रकारतर्फ**: माधव खड्का

**कर्मचारीतर्फ**: सन्तोष बजगाई

## आर्थिक वर्ष २०८१/०८२

**उत्कृष्ट सहकारी पुरस्कार २०८२**

ललितपुर महानगरपालिका २०, गावहालस्थित पद्मावती बचत तथा ऋण सहकारी संस्था लि.

गोदावरी नगरपालिका १२, ठेचोस्थित नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि.

महालक्ष्मी नगरपालिका ९, लामाटारस्थित ब्रम्हपुरी बचत तथा ऋण सहकारी संस्था लि.

**उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८२**

ललितपुर महानगरपालिका ४, बागडोलस्थित बेथेल बचत तथा ऋण सहकारी संस्था लि.

**पूर्व संचालकतर्फ**: युवराज शाक्य

**सहकारी क्षेत्रका कर्मचारी सम्मान**: चिरञ्जिवी पौडेल

**पत्रकारतर्फ**: काजी श्रेष्ठ

**कर्मचारी तर्फ**: भिम बहादुर खड्का



### वित्तीय सूचकमा संघ निम्न बमोजिम रहेको छ (मिति २०८३ असोज २९ सम्म)

शेयर पुजी: ६,९८,७७,७००।०० निक्षेप सङ्कलन: १,१७,३९,५८,८८८।७८ कर्जा लगानी: ६७,५२,३९,४६५।३६

विभिन्न कोषहरु: १५,३३,२८,६०३।४५ तरलता: ५७.५६%

सहकारी अभियानलाई सही दिशा दिन नेतृत्व र पैरवी, सामाजिक र आर्थिक रुपान्तरण, अनुगमन र सुपरिवेक्षण, क्षमता अभिवृद्धि तालिम, अन्तरलगानी व्यवस्थापन तथा एकीकरणमा यस संघले बहुआयामिक भूमिका निर्वाह गरिरहेको छ । "समृद्ध साकोस, दिगो संघ" भन्ने मूल परिकल्पनाका साथ यो संघ अगाडि बढिरहेको छ । समुदायमा छरिएर रहेका स्रोत साधनलाई परिचालन गरी राष्ट्रिय पुँजी वृद्धि गर्न र आफ्ना संस्थाका सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरण गर्दै समतामूलक र जिम्मेवारीबोधसहितको अनुशासित समाज निर्माण एवं स्वरोजगारको सिर्जना गर्दै आफ्नो समुदाय, टोल, नगर र मुलुकको विकास निर्माणलाई गति प्रदान गर्न सहकारी पद्धति अनिवार्य हुन्छ ।

तर बिडम्बना, अहिले सहकारी मुल्य, मान्यता र सिद्धान्तको अनुशरण नगरेकै कारण हाम्रो मुलुकको सहकारी क्षेत्रको विकासमा विविध समस्या र चुनौतीहरु खडा भएका छन् । संस्थाहरुबीच ब्याजदरको तीव्र र अस्वस्थ

प्रतिस्पर्धा हुनु, सहकारीको मर्मविपरीत बचत सङ्कलन गर्ने र ऋण लगानी गर्न वा लिनका लागि मात्रै सदस्य बनाउने प्रवृत्ति बढ्नु, तथा संस्था र सदस्यले एकअर्काबीच सहकारीको समग्र जानकारी नराख्नुले समस्या निम्त्याएको छ । त्यस्तै, सदस्यहरूले आफ्नो संस्थाप्रति चासो नराखी सहकारीका आदर्शभन्दा पनि ब्याजको प्रलोभनमा मात्र परी कारोबार गर्ने परिपाटीले गर्दा समग्र सहकारी क्षेत्र नै सङ्कटमा पर्दै गएको छ ।

यसमा सरकार पनि उतिकै जिम्मेवार र दोषी छ । सहकारी दर्ता गरी सञ्चालनको अनुमति दिएपश्चात् सरकारले यसलाई प्रभावकारी ढङ्गले नियमन तथा अनुगमन गर्न सकेको छैन । राम्रा र सिद्धान्तमा रही सञ्चालित सहकारी संस्थाहरूलाई उदाहरणका रूपमा ग्रहण गरी पुरस्कृत गर्न नसक्नु, विद्यालय स्तरमा नै सहकारी शिक्षा समावेश नगर्नु, सरकारद्वारा सहकारी शिक्षाको अध्ययन अध्यापन सुरु नगराउनु एवं सहकारी शिक्षा, तालिम, सूचना र दक्ष जनशक्तिको अपर्याप्तता हुनुले समस्या बढाएको छ । सहकारी आन्दोलन वा अभियानलाई कसरी व्यवस्थित बनाउन सकिन्छ भन्ने स्पष्ट ढाँचा वा योजना सरकारसँग नहुनुको परिणाम नै आज सहकारी क्षेत्रले यो हविगत भोग्नुपरेको हो ।

तसर्थ, अव्यवस्थित हुँदै गएको सहकारी क्षेत्रको उचित व्यवस्थापनका लागि सहकारीसम्बन्धी कानुनलाई आजको आधुनिक व्यवस्थापन र सहकारीको मर्मअनुसार परिमार्जन गर्नु अति जरुरी छ । संस्कार र पद्धतिलाई पूर्ण रूपमा लागू गरी व्यवस्थित रूपमा अघि बढ्ने क्षेत्र नै संस्थागत र स्थापित हुने भएकाले, बिग्रँदै गएको यस क्षेत्रलाई सुधार गर्न जिल्ला, प्रदेश र केन्द्रीय अभिभावक संघ तथा सरकारले विशेष पहल गर्नुपर्छ । सहकारी क्षेत्रलाई सम्मानजनक, लाभजन्य, उत्पादनमूलक, लक्षित तथा विकास निर्माणका कार्यक्रमहरूमा रोजगारीसहित सहभागिताका अवसरहरू वृद्धि गरी अर्थतन्त्रको मेरुदण्डका रूपमा स्थापित गराउनुपर्छ । विद्यमान असमानता र गरिबी घटाउनका लागि सहकारी क्षेत्रलाई राजनीति, राजनीतिक दलका कोटा, भागबण्डा, भ्रातृ संगठन र नेताहरूको घेराबन्दीबाट पूर्ण रूपमा मुक्त गर्नुपर्छ ।

पछिल्लो समयमा सरकारका कदमहरूले सहकारी संस्था सञ्चालनलाई कठिन मोडमा पुऱ्याई निराशा पैदा गरिदिएको छ । सरकारले केन्द्र, प्रदेश र जिल्ला संघको परिकल्पनालाई नै निमिट्यान्न पार्ने स्थिति सिर्जना गर्दा सहकारी क्षेत्रले रोजगारी सिर्जना लगायत समग्र अर्थतन्त्रमा पुऱ्याएको योगदानलाई समेत नष्ट गर्ने काम भएको छ, जसको मुल्याकंन सरकारबाट पछि पुनरावलोकन हुनेमा दुईमत छैन ।

तसर्थ: सहकारी क्षेत्र अहिलेको परिस्थितिमा दिशाहिन र गतिहीन अवस्थामा भौतारिरहेको छ । यस्तो अवस्थामा सरकार र सहकारी अभियानकर्मीहरूबाट सही दिशा र सही गति दिने नीति, कानुन र कार्यक्रमहरूमार्फत मात्र सहकारी आन्दोलनलाई मुक्ति दिलाउन सकिन्छ भन्ने कुराको हेक्का हुनुपर्छ । सधैं यो क्षेत्रलाई वा अन्य कुनै पनि क्षेत्रलाई त्रसित बनाई विस्थापित गराउने षड्यन्त्रले सहकारी आन्दोलन र सरकारले बनाउने कुनै पनि नीति तथा कार्यक्रम सफल हुन सक्दैनन् । त्यसैले हामीलाई सहकारी आन्दोलन र यो क्षेत्रलाई गहिराइबाट बुझ्ने, बाटो बिराउँदा सतर्क गराउने, अनि सहकारीबाटै मुलुकको आर्थिक विकासलाई प्रमुख एजेन्डा बनाएर सूक्ष्म ढङ्गले समाजको रुपान्तरण गरिदिने इमानदार र दूरदर्शी सहकारी नेताको खाँचो छ ।

*suyesh051@gmail.com*

*+977-9851051222*

***- लेखक महर्जन ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघका सचिव हुनुहुन्छ ।***

ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## चौथो ललितपुर साकोस समिट-२०७८

गोदावरी, ललितपुर

### साझा घोषणा पत्र-२०७८

आर्थिक विकासमा सुन्दर भविष्य र सम्भावना बोकेको ललितपुर जिल्ला भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुको बृहत्तर विकासका लागि जिल्ला बचत तथा ऋण सहकारी संघले समसामयिक चासोका विषयहरुमा विषयविज्ञहरुबाट अनुभव आदानप्रदान गरी साझा भावनाको विकास गर्न वि.सं.२०६९ देखि आयोजना हुँदै आएको ललितपुर साकोस समिटको चौथो संस्करणकोरुपमा **"साकोसमा शुद्धता, बचत संघको प्रतिबद्धता"**लाई आत्मसात गरी २०७८ मार्ग ८ देखि १० गतेसम्म ललितपुरको गोदावरीमा आयोजना भएको चौथो ललितपुर साकोस समिट-२०७८ का सहभागी हामी साकोस अभियानका स्वयम्सेवी नेतृत्वकर्ताहरु, व्यवस्थापनका कर्मचारीहरु र स्थानीय तहका प्रतिनिधिहरु जिल्लाको वित्तीय सहकारी अभियानलाई सुदृढ, दिगो एवम् मर्यादित बनाउन प्रतिबद्धता सहित यो साझा घोषणापत्र जारी गर्दछौं ।

१. पूर्ववत् ललितपुर साकोस समिटबाट जारी घोषणापत्रका बाँकी घोषणाको कार्यान्वयनमा तिब्रता सहित निरन्तरता दिनेछौं ।

२. वित्तीय सहकारीको प्रवर्द्धन, विकास, अनुगमन तथा नियमन प्रणालीलाई प्रभावकारी एवम् चुस्त बनाउन आ-आफ्नो स्थानबाट बहस तथा पैरवी गर्नेछौं साथै संघहरुले गर्ने पैरवीमा ऐक्यबद्धता प्रकट गर्दछौं ।

३. स्व-सहयोग, स्व-शासन र स्व-उत्तरदायित्वको मर्मलाई आत्मसात गर्दै संघहरु मार्फत विद्यमान कानुन र सहकारीका मूल्यमा आधारित अनुगमनको दायरामा रहि स्तरीकृत एवम् प्रमाणिकृत संस्था सञ्चालन गर्नेछौं ।

४. वित्तीय कारोबार गर्ने सहकारी संस्थाको महत्वपूर्ण पारदर्शिता प्रबर्द्धनको लागि संघहरुमा नियमित मासिक प्रतिवेदनहरु प्रेषण गर्नुका साथै अग्रतापूर्ण खुलाशाको व्यावहारिक अभ्यासस्वरुप अर्धवार्षिकरुपमा संस्थागत वित्तीय विवरणहरु सार्वजनिक गर्नेछौं ।

५. बचत तथा ऋण सहकारी संस्थाहरुलाई अन्तर्राष्ट्रिय विशिष्टता र राष्ट्रिय कानुनहरुको सापेक्षित प्रयोगको आधारमा सञ्चालन एवम् आफ्ना सदस्यहरुलाई सुसूचित गर्दै ललितपुर जिल्लाको साकोस अभियानको स्वनियमनमार्फत सुशासन प्रबर्द्धनको लागि स्थानीय तहसँग समन्वय गरी साझा अभियान सञ्चालन गर्नेछौं ।

६. ललितपुर जिल्लामा सञ्चालित साकोसहरुमा विनियम, आन्तरिक कार्यविधिहरु र प्रविधिमा एकरुपताको लागि संघ मार्फत सञ्चालन गर्ने अभियानलाई आफ्नो संस्थामा कार्यान्वयन गर्नेछौं ।

७. साकोस क्षेत्रको सुशासन व्यवस्थापनको लागि संख्यात्मक विकासलाई गुणात्मक विकासमा रुपान्तरण गर्न सहमत भई समान कार्यक्षेत्र र दोहोरो सदस्यता रहेका संस्थाहरुलाई प्राथमिकताका साथ एकीकरण गर्न अगुवाई एवम् सहजीकरण गर्नेछौं ।

८. साकोस अभियानको स्रोत अभियानको सञ्जाल मार्फत परिचालन गरी **"एकका लागि सबै, सबैका लागि एकको सहकारी"**को मर्मलाई व्यवहारिक कार्यान्वयन गर्नेछौं ।

९. आवधिक रणनीतिक व्यावसायिक योजना तर्जुमा गरी नविनतम प्रविधि आन्तरिकीकरण, युवा पुस्ता आकर्षण गर्दै नेतृत्व विकास एवम् हस्तान्तरण प्रभावकारी बनाउनेछौं ।

१०. पर्ल्स अनुगमन प्रणाली लागु गरी वित्तीय कारोबारहरुको नियमित र विशेषत: मासिकरुपमा पूर्ण विश्लेषण गर्दै जोखिमको पहिचान गरी ऋण जोखिम व्यवस्थाको माध्यमबाट लगानी सुरक्षित बनाउने कार्यको थालनी गर्नेछौं ।

११. ललितपुर जिल्लामा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरुको एकीकृत सूचना प्रणालीको लागि संघले सञ्चालन गर्ने प्रणालीमा तोकिएको प्रणालीमार्फत संस्थागत सूचना एवम् तथ्याङ्कहरु उपलब्ध गराउनेछौं ।

माथि उल्लेखित बुँदाहरुको अक्षरश: पालना गर्न सामुहिक प्रतिबद्धता सहित यस घोषणा पत्रमा हस्ताक्षर गर्दछौं ।




















ललितपुर जिल्ला बचत तथा
LALITPUR DISTRICT FEDERATION OF SAVING & CREDIT


04/07/2012


017
015
Himstar




06/06/2012


ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

# दैवी प्रकोपमा सहकारी संस्थाको व्यवस्थापन र चुनौती






उर्मिला सापकोटा

नेपाल दैवी प्रकोपको उच्च जोखिममा रहेको मुलुक हो । दैवी प्रकोप भन्नाले मानिसको नियन्त्रणभन्दा बाहिरका आकस्मिक घटनाबाट ठूलो धनजनको क्षति हुने अवस्था भन्ने बुझिन्छ । दैवी प्रकोपलाई सामान्य भाषामा प्राकृतिक विपद् पनि भन्ने गरिन्छ । दैवी प्रकोप अर्थात् प्राकृतिक विपदि भित्र भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ, हावाहुरी, अतिवृष्टि, अनावृष्टि, हिमपहिरो र ज्वालामुखी विस्फोट आदि पर्दछन् । यस्ता विपदले हाम्रो देशमा वर्षेनी ठूलो धनजनको क्षति पुऱ्याउँदै आएका छन् । जसको उदाहरणको रूपमा भोटेकोशी नदी र त्रिशुली नदीमा आएको बाढी अर्थात् हिमाली सुनामी रसुवा, नुवाकोट, धादिङ, गोरखादेखि चितवनसम्म असर पारेको देखिन्छ । जसले असर मात्रै होइन बजार बस्ती सबै ध्वस्त बनाउँदा कतिपय सहकारी संस्थाका सञ्चालक, बचत सदस्य, ऋणी सदस्यले ज्यान गुमाएका मात्रै छैनन् ती सहकारीको अवशेष पनि नभेटिने अवस्थामा पुगेको देखिन्छ ।

बेलाबेलामा हुने गरेका यी र यस्ता विपदका समयमा सरकारी तथा गैह्रसरकारी संस्थासँगै सहकारी संस्थाको भूमिका पनि अत्यन्त महत्वपूर्ण रहेको हुन्छ । सहकारी संस्था केवल बचत तथा ऋणको कारोबार गर्ने वित्तीय संस्था मात्र नभई आफ्ना सदस्य, परिवार र समुदायसँग प्रत्यक्ष जोडिएको सामाजिक, आर्थिक संस्था पनि हो ।

दैवी प्रकोपका कारण सहकारीका सदस्यको आर्थिक अवस्था कमजोर हुँदा सहकारी संस्थाको वित्तीय कारोबारमा प्रत्यक्ष असर पर्न सक्छ । अर्कोतर्फ यस्तो सङ्कटको समयमा सदस्यलाई आर्थिक तथा सामाजिक सहयोग उपलब्ध गराउने जिम्मेवारी पनि सहकारी संस्थामाथि आउँछ । त्यसैले विपद्को समयमा सहकारी संस्थाको व्यवस्थापन सामान्य अवस्थाको भन्दा अझ बढी संवेदनशील, जिम्मेवार, पारदर्शी र योजनाबद्ध हुन आवश्यक छ ।

> **“विपद्का कारण सहकारी संस्थाको कार्यालय भवन, कम्प्युटर अभिलेख, विद्युत तथा सञ्चार प्रणालीमा क्षति पुग्न सक्छ । कर्मचारी स्वयं पनि प्रभावित हुन सक्छन् । यस्तो अवस्थामा नियमित कार्यालय सञ्चालन र सदस्यलाई सेवा प्रवाह गर्न कठिनाइ उत्पन्न हुन्छ । यसका लागि सहकारी संस्थाले व्यवसाय निरन्तरता योजना (बिजनेश कन्टिन्यूटी प्लान) तयार पार्नुपर्दछ ।”**

## विपद्को समयमा सहकारी संस्थाको भूमिका

सहकारी संस्थाको मुख्य उद्देश्य भनेको सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक हित प्रवर्द्धन गर्नु हो । विपद्को समयमा यही उद्देश्य अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ । सबैभन्दा पहिले सहकारी संस्थाले विपद्मा परेका आफ्ना सदस्यहरूको अवस्था पहिचान गर्नुपर्छ । बाढी, पहिरो, भूकम्प वा अन्य प्रकोपबाट प्रभावित सदस्यको घर, व्यवसाय, आयस्रोत तथा सम्पत्तिमा भएको क्षतिको तथ्याङ्क सङ्कलन गरी प्राथमिकताका आधारमा सहयोग व्यवस्था गर्न सकिन्छ ।

## विपत्मा राहत

त्यस अवस्थामा सहकारी संस्थाका प्रभावित सदस्यहरूलाई तत्काल आवश्यक पर्ने राहत सामग्री, स्वास्थ्य सहायता, अस्थायी आवास, खाद्यान्न तथा अन्य आवश्यक सहयोगमा सहकारी संस्थाले आफ्नो क्षमता र कानुनी सीमाभित्र रहेर योगदान गर्न सक्छ । संस्थाको सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन गरिने यस्ता कार्यक्रमले सदस्यमा आफ्नो सहकारीप्रतिको विश्वास अझ बलियो बनाउन सहयोग पुग्छ ।

## सहकारी संस्थामा वित्तीय व्यवस्थापनको चुनौती

दैवी प्रकोपका समयमा सहकारी संस्थाले सामना गर्ने प्रमुख चुनौतीमध्ये वित्तीय व्यवस्थापन महत्वपूर्ण हो । विपद्का कारण सदस्यको आम्दानी घट्न वा व्यवसाय पूर्ण रूपमा बन्द हुन सक्छ । यसले ऋणको किस्ता तथा ब्याज भुक्तानीमा समेत समस्या सिर्जना गर्छ । फलस्वरूप संस्थाको तरलता, नगद प्रवाह र ऋण असुलीमा दबाब पर्न सक्छ । यस्तो अवस्थामा संस्थाले प्रभावित सदस्यहरूलाई एकैपटक कठोर असुलीको दबाब दिनुभन्दा जोखिम मुल्याकङ्नका आधारमा उचित सहुलियत, पुनर्तालिकीकरण वा अन्य कानुनी रूपमा उपलब्ध विकल्पको प्रयोग गर्नुपर्दछ । तर सहुलियत प्रदान गर्दा संस्थाको दीर्घकालीन वित्तीय स्थायित्वलाई समेत ध्यान दिनुपर्दछ । विपद्को समयमा निक्षेपकर्ताले आफ्नो रकम झिक्न खोज्ने सम्भावना पनि बढ्छ । त्यसैले पर्याप्त तरलता व्यवस्थापन, आकस्मिक कोषको अवस्था र जोखिम न्यूनीकरण योजना सहकारीका लागि अति आवश्यक हुन्छ ।

**संस्थामा कार्यालय सञ्चालन र सेवा निरन्तरताको चुनौती**
विपद्का कारण सहकारी संस्थाको कार्यालय भवन, कम्प्युटर अभिलेख, विद्युत तथा सञ्चार प्रणालीमा क्षति पुग्न सक्छ । कर्मचारी स्वयं पनि प्रभावित हुन सक्छन् । यस्तो अवस्थामा नियमित कार्यालय सञ्चालन र सदस्यलाई सेवा प्रवाह गर्न कठिनाइ उत्पन्न हुन्छ । यसका लागि सहकारी संस्थाले व्यवसाय निरन्तरता योजना (बिजनेश कन्टिन्यूटी प्लान) तयार पार्नुपर्दछ । संस्थाका महत्वपूर्ण कागजात तथा डिजिटल तथ्याङ्कको नियमित ब्याकअप, वैकल्पिक कार्यालय वा सेवा केन्द्र, वैकल्पिक सञ्चार माध्यम तथा आवश्यक उपकरणको व्यवस्था गर्नुपर्दछ । विशेषगरी डिजिटल अभिलेखको सुरक्षित ब्याकअप राख्नु आजको समयमा अत्यन्त महत्वपूर्ण छ । संस्थाको भौतिक अभिलेख नष्ट भए पनि सुरक्षित डिजिटल प्रतिलिपिबाट संस्थाको महत्वपूर्ण वित्तीय तथा प्रशासनिक कामलाई निरन्तरता दिन सकिन्छ ।

**सहकारी संस्थामा मानव स्रोतको व्यवस्थापन**
विपद्को समयमा कर्मचारी स्वयं पनि प्रभावित हुन सक्छन् । आफ्नै र घरपरिवारको समस्या सामना गरिरहेका कर्मचारीबाट सामान्य अवस्थामा जस्तै कामको अपेक्षा गर्न कठिन हुन्छ । त्यसैले व्यवस्थापनले कर्मचारीको सुरक्षालाई पहिलो प्राथमिकता दिँदै आवश्यक सहयोग र लचकता प्रदान गर्नुपर्छ । साथै विपद् व्यवस्थापन, प्राथमिक उपचार, सुरक्षित उद्धार, डिजिटल प्रणालीको प्रयोग तथा आकस्मिक अवस्थामा सेवा सञ्चालनसम्बन्धी कर्मचारीलाई नियमित तालिम दिनुपर्दछ । जिम्मेवारीको वैकल्पिक व्यवस्था गरिएमा कुनै एक कर्मचारी अनुपस्थित हुँदा पनि सेवा अवरुद्ध नहुन सक्छ ।

सहकारी संस्थामा सुशासन र पारदर्शिताको आवश्यकता
विपद्को समयमा संस्थाको स्रोत सीमित हुन्छ र सहयोगको माग बढ्छ । यस्तो अवस्थामा स्रोत तथा राहत वितरणमा पारदर्शिता र निष्पक्षता कायम गर्नु ठूलो चुनौती हो । संस्थाको कुन सदस्यलाई किन सहयोग दिइयो, कति रकम वा सामग्री उपलब्ध गराइयो र त्यसको स्रोत के हो भन्ने विषयमा स्पष्ट अभिलेख राखिनुपर्छ । सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन तथा कर्मचारीबिच स्पष्ट जिम्मेवारी बाँडफाँड हुनुपर्छ । सङ्कटको समयमा पनि संस्थाको निर्णय प्रक्रिया कानुन, विनियम, कार्यविधि तथा सहकारीका मुल्य-मान्यता अनुसार हुनुपर्दछ । आपत्कालीन अवस्थालाई देखाएर वित्तीय अनुशासन र सुशासनमा सम्झौता गर्नु दीर्घकालीन रूपमा संस्थाका लागि जोखिमपूर्ण हुन सक्छ ।

**दैवी प्रकोपमा देखिएका चुनौतीहरू**
दैवी प्रकोपको समयमा सहकारी संस्थाले निम्न चुनौतीहरूको सामना गर्नुपर्दछ:

- मानवीय र संस्थागत मानव संशाधनको क्षति
- सदस्यको ऋण असुली प्रक्रियामा कमी आउनु
- संस्थाको तरलतामा दबाब पर्नु
- कार्यालय तथा भौतिक संरचनामा क्षति हुनु
- महत्वपूर्ण कागजात तथा अभिलेख नष्ट हुने जोखिम बढ्नु
- कर्मचारी तथा सञ्चालक स्वयं प्रभावित हुनु
- सदस्यको बढ्दो आर्थिक तथा सामाजिक सहायताको अपेक्षा हुनु
- डिजिटल प्रणाली तथा सञ्चार सेवा अवरुद्ध हुनु
- राहत तथा सहयोग वितरणमा पारदर्शिता कायम गर्ने चुनौती हुनु
- संस्थाको वित्तीय स्थायित्व र सदस्य हितबिच सन्तुलन कायम गर्न कठिन हुनु
- विपद्पछिको व्यवस्थापन तथा पुनर्निर्माणका लागि पर्याप्त स्रोतको अभाव हुनु आदि

## विपद् व्यवस्थापनका लागि आवश्यक रणनीति

कुनै पनि सहकारी संस्थाले विपद् आएपछि मात्र तयारी गर्ने होइन, सामान्य अवस्थामा नै जोखिम व्यवस्थापन योजना बनाउनुपर्छ । यसका लागि संस्थाले विपद् पूर्वतयारी, तत्कालीन प्रतिक्रिया र विपद्पछिको पुनर्स्थापना गरी तीन चरणमा योजना बनाउन सक्दछ ।

> **दैवी प्रकोपका समयमा सहकारी संस्थाले सामना गर्ने प्रमुख चुनौतीमध्ये वित्तीय व्यवस्थापन महत्वपूर्ण हो । विपद्का कारण सदस्यको आम्दानी घट्न वा व्यवसाय पूर्ण रूपमा बन्द हुन सक्छ । यसले ऋणको किस्ता तथा ब्याज भुक्तानीमा समेत समस्या सिर्जना गर्छ ।**

**क) विपद् पूर्व तयारी**

सहकारी संस्थाले सम्भावित जोखिमको पहिचान गरी आकस्मिक कार्ययोजना तयार गर्नुपर्दछ । आवश्यक आकस्मिक कोष, बिमा, डिजिटल ब्याकअप, वैकल्पिक सञ्चार प्रणाली तथा कर्मचारीको जिम्मेवारी निर्धारण गर्नुपर्दछ ।

**ख) विपद्को समयमा तत्काल प्रतिक्रिया**

विपद् आएपछि पहिलो प्राथमिकता मानव जीवनको सुरक्षा हुनुपर्छ । त्यसपछि कार्यालय, अभिलेख तथा सदस्य सेवाको अवस्था मुल्याकङ्न गरी आवश्यक सेवामा निरन्तरता दिनुपर्छ । विपद्बाट प्रभावित सदस्यको वास्तविक क्षतिको तथ्याङ्क सङ्कलन गरी प्राथमिकताका आधारमा सहयोग गर्नुपर्दछ ।

**ग) विपद्पछिको पुनर्स्थापना**

प्राकृतिक विपद् सकिएपछि संस्थाले क्षतिको विस्तृत मुल्याङ्कन गर्नुपर्छ । प्रभावित सदस्यको आर्थिक पुनर्स्थापना सहजीकरण गर्दै ऋण व्यवस्थापन, व्यवसाय पुन: सञ्चालन र आयआर्जनका कार्यक्रम सञ्चालन गर्न सकिन्छ । संस्थाले आफ्नो वित्तीय अवस्थाको पुनरावलोकन गरी भविष्यका जोखिमका लागि थप तयारी गर्नुपर्दछ ।

**निष्कर्ष:**

दैवी प्रकोप सहकारी संस्थाका लागि केवल आर्थिक क्षतिको विषय होइन, यो संस्थाको व्यवस्थापकीय क्षमता, वित्तीय अनुशासन, सुशासन, सामाजिक उत्तरदायित्व र सदस्यप्रतिको प्रतिबद्धताको परीक्षा पनि हो ।

विपद्को समयमा सहकारी संस्थाले सदस्यलाई सङ्कटमा साथ दिनुपर्छ तर त्यस्तो सहयोग संस्थाको वित्तीय स्थायित्वलाई कमजोर बनाउने किसिमको हुनुहुँदैन । सदस्य हित र संस्थागत स्थायित्वबिच सन्तुलन कायम गर्दै पारदर्शी, उत्तरदायी र योजनाबद्ध ढङ्गले अगाडि बढ्नुपर्छ । त्यसैले प्रत्येक सहकारी संस्थाले विपद् आउनुअघि नै जोखिम पहिचान, आकस्मिक कोष, बिमा, डिजिटल अभिलेख, व्यवसाय निरन्तरता योजना, कर्मचारी तालिम र स्पष्ट आपत्कालीन कार्यविधि तयार गर्नु आवश्यक छ ।

विपद् आएपछि व्यवस्थापन गर्ने होइन । विपद् आउनुअघि नै व्यवस्थापनका लागि तयार हुने संस्कारको विकास गर्न सकेमा सहकारी संस्था सङ्कटको समयमा पनि आफ्ना सदस्य र समुदायको भरपर्दो आर्थिक तथा सामाजिक सहयात्री बन्न सक्छ ।

*- लेखक सापकोटा ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को सञ्चालक सदस्य हुनुहुन्छ ।*


**सूचना ! सूचना !! सूचना !!!**

**हरेक सहकारीका लागि वित्तीय कागजात महत्वपूर्ण हुन्छ । त्यसैले वित्तीय सफ्टवेयरलाई अनिवार्य रूपमा अनलाइन प्रणाली र क्लाउड सर्भरसँग जोडौं । यसो गर्दा विपद्बाट भौतिक संरचना ध्वस्त हुँदा जुनसुकै स्थानबाट संस्थाको वित्तीय विवरण प्राप्त गर्न सकिन्छ ।**

**ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**

ल.पु.म.न.पा-५, लगनखेल, फोन नं. ०१-५४५३००१, ५४५३००७, Email: federation.lalitpur@gmail.com

# सहकारी : आजको आवश्यकता र सबल संस्थाको आधार





कृष्णप्रसाद घिमिरे

सहकारी भन्नाले समान आर्थिक तथा सामाजिक उद्देश्य भएका व्यक्तिहरू स्वेच्छाले एकताबद्ध भई आफ्ना साझा आवश्यकता पूरा गर्न स्थापना गरेको सदस्य केन्द्रित संस्था हो । सहकारीमा सदस्यहरू नै संस्थाका मालिक, सेवाग्राही र निर्णय प्रक्रियाका सहभागी हुन्छन् । त्यसैले सहकारीलाई केवल बचत सङ्कलन र ऋण लगानी गर्ने संस्थाका रूपमा मात्र नभई सदस्यको आर्थिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने माध्यमका रूपमा बुझ्न आवश्यक छ ।

आजको बदलिँदो आर्थिक परिवेशमा सहकारीको आवश्यकता अझ बढेको छ । स-साना बचतलाई एकीकृत गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, स्थानीय पूँजीलाई स्थानीय आवश्यकतामा प्रयोग गर्ने, उद्यमशीलता विकास गर्ने तथा रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्ने महत्वपूर्ण माध्यम सहकारी बन्न सक्छ । विशेषगरी कृषि, पशुपालन, साना तथा घरेलु

उद्योग, व्यापार र विभिन्न उत्पादनमूलक व्यवसायमा सदस्यको पूँजी परिचालन गर्न सके सहकारीले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

सहकारीको वित्तीय गतिविधिमा बचत र ऋण लगानीबिच प्रत्यक्ष सम्बन्ध हुन्छ । सदस्यबाट सङ्कलित बचतलाई सुरक्षित राख्दै उचित प्रतिफल प्राप्त हुने गरी उत्पादनशील क्षेत्रमा ऋण लगानी गर्नु सहकारीको महत्वपूर्ण जिम्मेवारी हो । तर ऋण लगानी जति महत्वपूर्ण छ, त्यति नै जोखिमपूर्ण पनि हुन सक्छ । ऋणीले समयमा किस्ता तथा ब्याज नतिर्नु, ऋणको

**ऋण लगानी जति महत्वपूर्ण छ, त्यति नै जोखिमपूर्ण पनि हुन सक्छ । ऋणीले समयमा किस्ता तथा ब्याज नतिर्नु, ऋणको रकम तोकिएको उद्देश्यभन्दा अन्यत्र प्रयोग गर्नु, व्यवसायमा घाटा हुनु, पर्याप्त धितो वा सुरक्षण नहुनु, कमजोर कर्जा मूल्याङ्कन हुनु तथा बजारको अवस्था परिवर्तन हुनुजस्ता कारणले ऋण असुलीमा समस्या आउन सक्छ ।**

रकम तोकिएको उद्देश्यभन्दा अन्यत्र प्रयोग गर्नु, व्यवसायमा घाटा हुनु, पर्याप्त धितो वा सुरक्षण नहुनु, कमजोर कर्जा मूल्याङ्कन हुनु तथा बजारको अवस्था परिवर्तन हुनुजस्ता कारणले ऋण असुलीमा समस्या आउन सक्छ ।

त्यसैले ऋण लगानी गर्दा "पहिले अध्ययन, त्यसपछि लगानी" भन्ने सिद्धान्तलाई व्यवहारमा लागु गर्नुपर्छ । ऋणीको आम्दानीको स्रोत, व्यवसायको अवस्था, ऋण तिर्न सक्ने क्षमता, विगतको कारोबार, ऋणको उद्देश्य, धितो तथा सुरक्षणको अवस्था र सम्भावित जोखिमको गहिरो अध्ययन गरेर मात्र ऋण स्वीकृत गर्नुपर्छ । ऋण प्रवाह गरेपछि पनि त्यसको सदुपयोग भइरहेको छ कि छैन भन्ने विषयमा नियमित अनुगमन गर्नुपर्छ । ऋण असुलीलाई अन्तिम समयमा मात्र सम्झिने होइन, ऋण स्वीकृत गर्दादेखि नै असुलीको स्पष्ट योजना बनाउनु आवश्यक हुन्छ ।

यस प्रक्रियामा सहकारीका कर्मचारीको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । कर्मचारी संस्था र सदस्यबीचको प्रत्यक्ष सम्पर्कको माध्यम भएकाले उनीहरू जिम्मेवार, इमानदार, दक्ष र सेवामुखी हुनुपर्छ । सदस्यको वास्तविक आवश्यकता बुझ्ने, बचत तथा ऋणसम्बन्धी सही जानकारी दिने, कर्जा प्रस्तावको आवश्यक अध्ययन गर्ने, कागजात तथा अभिलेख व्यवस्थित राख्ने, ऋणको सदुपयोग र अवस्थाको नियमित अनुगमन गर्ने तथा समयमै असुलीका लागि सदस्यसँग समन्वय गर्ने जिम्मेवारी कर्मचारीको हुन्छ । कर्मचारीले संस्थाको नीति, नियम र प्रचलित कानुनी व्यवस्थाको पालना गर्दै व्यक्तिगत सम्बन्ध वा दबाबभन्दा संस्थाको हित र सदस्यको क्षमतालाई आधार मानेर काम गर्नुपर्छ ।

कर्मचारीको व्यवहारले संस्थाप्रतिको सदस्यको विश्वासमा प्रत्यक्ष प्रभाव पार्छ । त्यसैले कर्मचारीले सदस्यसँग सम्मानजनक, पारदर्शी र समान व्यवहार गर्नुपर्छ । सदस्यको गोपनीयता कायम राख्दै सही सूचना उपलब्ध गराउनु, गुनासो सुन्नु र समाधानका लागि पहल गर्नु पनि कर्मचारीको महत्वपूर्ण दायित्व हो । दक्ष र जिम्मेवार कर्मचारी भएको संस्था मात्र प्रभावकारी रूपमा सञ्चालन हुन सक्छ । त्यसैले सहकारीले कर्मचारीको क्षमता विकास, नियमित तालिम, कार्यसम्पादन मूल्याङ्कन र आवश्यक प्रोत्साहनमा पनि ध्यान दिनुपर्छ ।

त्यसैगरी सहकारीको लगानी उत्पादन र आयआर्जन बढाउने क्षेत्रमा केन्द्रित हुनुपर्छ । सदस्यले ऋण लिएर व्यवसाय विस्तार गर्न, उत्पादन बढाउन वा रोजगारी

सिर्जना गर्न सकेमा सदस्यको आम्दानी बढ्छ, ऋण नियमित रूपमा फिर्ता हुन्छ र संस्थाको वित्तीय अवस्था पनि बलियो बन्छ । यसरी सदस्यको आर्थिक समृद्धि नै संस्थाको दीर्घकालीन समृद्धिको आधार बन्न पुग्छ ।

सहकारीमा जोखिम व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण पक्ष हो । एउटै क्षेत्रमा अत्यधिक ऋण लगानी नगर्ने, ऋणीको क्षमता र जोखिमअनुसार कर्जा सीमा निर्धारण गर्ने, पर्याप्त सुरक्षणको व्यवस्था गर्ने, नियमित अनुगमन तथा वर्गीकरण गर्ने र समयमै असुलीका लागि प्रभावकारी प्रणाली बनाउने कार्य आवश्यक हुन्छ । जोखिमलाई पूर्ण रूपमा हटाउन नसकिए पनि सही पहिचान, मूल्याङ्कन र व्यवस्थापनमार्फत त्यसलाई नियन्त्रण गर्न सकिन्छ ।

सबल सहकारी निर्माणका लागि सुरक्षित ऋण लगानी मात्र पर्याप्त हुँदैन । सक्षम नेतृत्व, दक्ष कर्मचारी, स्पष्ट नीति तथा कार्यविधि, प्रभावकारी आन्तरिक नियन्त्रण, नियमित लेखापरीक्षण, पारदर्शी कारोबार, वित्तीय अनुशासन, प्रविधिको उचित प्रयोग र जवाफदेही व्यवस्थापन आवश्यक हुन्छ । सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन, कर्मचारी र सदस्यबीच जिम्मेवारी स्पष्ट हुनुपर्छ । संस्थाको निर्णय व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सदस्यको हित र संस्थाको दीर्घकालीन स्थायित्वलाई केन्द्रमा राखेर गरिनुपर्छ ।

सहकारीलाई सबल बनाउन सदस्यको भूमिका पनि महत्वपूर्ण हुन्छ । सदस्यले नियमित बचत गर्ने, ऋणको सही उद्देश्यका लागि मात्र प्रयोग गर्ने, समयमै किस्ता तथा ब्याज भुक्तानी गर्ने र संस्थाको नीति तथा नियम पालना गर्ने संस्कार विकास गर्नुपर्छ । साथै संस्थाले आफ्ना सदस्यलाई वित्तीय साक्षरता, व्यवसाय व्यवस्थापन र ऋणको सदुपयोगसम्बन्धी जानकारी निरन्तर प्रदान गर्नुपर्छ । सचेत सदस्य, जिम्मेवार कर्मचारी र सक्षम व्यवस्थापन मिलेर मात्र विश्वासिलो सहकारी निर्माण गर्न सक्छन् ।

अन्ततः सहकारी केवल बचत सङ्कलन गर्ने र ऋण लगानी गर्ने संस्था मात्र होइन, यो "एकका लागि सबै र सबैका लागि एक" भन्ने भावनामा आधारित सामूहिक आर्थिक अभियान हो । आजको आवश्यकता धेरै सहकारी संस्था मात्र होइन, सबल, पारदर्शी, सुशासित, उत्पादनमुखी, प्रविधिमैत्री र सदस्यकेन्द्रित सहकारी हो । सुरक्षित ऋण लगानी, प्रभावकारी जोखिम व्यवस्थापन, समयमै असुली, दक्ष तथा जिम्मेवार कर्मचारी, सुशासन, वित्तीय अनुशासन र सदस्यको आर्थिक समृद्धिलाई प्राथमिकतामा राख्न सके सहकारी संस्था दीर्घकालसम्म सबल, सक्षम र विश्वसनीय बन्न सक्छ ।

त्यसैले सबल सहकारीको आधार बलियो बचत मात्र होइन; सुरक्षित ऋण लगानी, जिम्मेवार असुली, प्रभावकारी जोखिम व्यवस्थापन, दक्ष कर्मचारी, सुशासन र सदस्यको समृद्धि हो । यही आधारमा अघि बढ्न सके सहकारीले आफ्ना सदस्य मात्र होइन, समग्र समुदाय र देशको आर्थिक विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ ।

> **"एउटै क्षेत्रमा अत्यधिक ऋण लगानी नगर्ने, ऋणीको क्षमता र जोखिमअनुसार कर्जा सीमा निर्धारण गर्ने, पर्याप्त सुरक्षणको व्यवस्था गर्ने, नियमित अनुगमन तथा वर्गीकरण गर्ने र समयमै असुलीका लागि प्रभावकारी प्रणाली बनाउने कार्य आवश्यक हुन्छ । जोखिमलाई पूर्ण रूपमा हटाउन नसकिए पनि सही पहिचान, मूल्याङ्कन र व्यवस्थापनमार्फत त्यसलाई नियन्त्रण गर्न सकिन्छ ।"**

*- लेखक घिमिरे कर्मठ सामुदायिक साकोसका व्यवस्थापक हुनुहुन्छ*

# ५ बुँदे संस्थागत निगरानी सङ्कल्प सहित लेखा सुपरीवेक्षण समिति गोष्ठी सम्पन्न




ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को आयोजनामा दुई दिने आवासीय "लेखा सुपरीवेक्षण समिति गोष्ठी २०८२" सम्पन्न भएको छ । पाँच बुँदे साझा संस्थागत निगरानी सङ्कल्प जारी गर्दै गोष्ठी सम्पन्न भएको हो ।

गत २०८२ चैत्र १३ र १४ गते आयोजित उक्त गोष्ठीले वर्तमान समयमा सहकारी अभियानलाई सुशासित, सुरक्षित र दिगो रुपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

संघका अध्यक्ष रामहरि बजगाईंको सभापतित्वमा सम्पन्न गोष्ठीमा ललितपुर जिल्लाभरका ८५ भन्दा बढी बचत तथा ऋण सहकारी संस्थाका लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्यहरुको उत्साहजनक सहभागिता रहेको थियो ।

सहकारी संस्थामा कार्यरत सदस्यहरुको ज्ञान एवं क्षमता विकास गर्ने र वर्तमान कठिन परिस्थितिमा सहकारीहरुमा सुशासन कायम गर्न लेखा समितिलाई एक सबल अङ्गाका रुपमा स्थापित गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो ।

दुई दिनसम्म चलेको आवासीय गोष्ठीमा पूर्व अर्थसचिव शिशिर कुमार ढुङ्गाना, राष्ट्रिय सहकारी नियमन प्राधिकरणका विज्ञ सदस्य डा. रमेश प्रसाद चौलागाईं, उत्प्रेरक रामजी अधिकारी, सहकारी विज्ञ कुवेर निरौला र सिए सन्जीव ढकालले प्राविधिक तथा व्यावहारिक प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा ललितपुर महानगरपालिकाका वरिष्ठ अधिकृत चन्द्रलाल डंगोल र सहकारी व्यवस्थापन शाखा प्रमुख दयाराम खत्रीको विशेष उपस्थिति रहेको थियो ।

पारित पाँच बुँदे सङ्कल्पलाई समापनका क्रममा सबै सहभागीहरु आ-आफ्नो संस्थामा अक्षरस: कार्यान्वयन गर्ने गराउने र पाँच बुदैं सङ्कल्पले साकोस अभियानलाई थप सुशासित, पारदर्शी र जिम्मेवार बनाउन महत्वपूर्ण भूमिका खेल्ने संघले अपेक्षा लिएको छ ।

# सहकारी दिवसमा सहकारी पैदल यात्रा सम्पन्न



६९ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा ललितपुरमा "सहकारी पैदल यात्रा" हाइकिङ सम्पन्न भएको छ । ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. र महालक्ष्मी नगरपालिकाको संयुक्त संयोजनमा सो पैदल यात्रा कार्यक्रम सम्पन्न भएको हो ।

लामाटार ढुङ्गिन बसपार्कबाट सुरु भएको उक्त पैदल यात्रा रमणीय पर्यटकीय क्षेत्र लाकुरी भञ्ज्याङस्थित मनमोहन मेमोरियल पार्क पुगेर समापन भएको थियो । सहकारी दिवसको उल्लास बढाउन, सहकारीकर्मीहरुबीच आपसी सद्भाव प्रगाढ बनाउन र स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित हाइकिङमा जिल्लाभरका सहकारी अभियन्ता, व्यवस्थापक तथा कर्मचारीहरुको उत्साहजनक सहभागिता रहेको थियो ।

ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष रामहरि बजगाईंको सभापतित्वमा सम्पन्न कार्यक्रम महालक्ष्मी नगरपालिकाका नगर प्रमुख हरि गोविन्द श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको थियो ।

कार्यक्रममा महालक्ष्मी नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष जयकृष्ण बोगटी, वडा सदस्य कुमार बयलकोटी र जिल्ला सहकारी संघ लिमिटेड ललितपुरका सचिव अनिलविर बज्राचार्य लगायतका विशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन संघका सचिव श्यामकृष्ण महर्जनले गर्नुभएको थियो ।

## सूचना ! सूचना !! सूचना !!!

यस संघबाट प्रकाशित हुने साकोस सरोकारमा आफ्नो संस्थाको सूचना, कार्यक्रमबारे जानकारी, संस्था परिचय एवं सहकारी सम्बन्धी लेख, रचना प्रकाशित गर्न इच्छुक संघ संस्था एवं महानुभावहरूलाई निम्न ठेगानामा सम्पर्कको लागि हार्दिक आव्हान गरिन्छ ।

**सूचना तथा प्रकाशन उपसमिति**

**ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**

लगनखेल, ललितपुर, फोन नं. ०१-५४५३००१, ५४५३००८, Email: federation.lalitpur@gmail.com

# सहकारीमा कर्जा लगानी र असुली सम्बन्धी गोष्ठी सम्पन्न



ललितपुर महानगरपालिकाको आयोजना र ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको संयोजनमा "कर्जा लगानी तथा असुली व्यवस्थापन गोष्ठी" सम्पन्न भएको छ ।

मानभवनस्थित क्रिष्टल ब्याङ्वेटमा संघका अध्यक्ष रामहरि बजगाईंको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा ललितपुर महानगरपालिका भित्रका सहकारी संस्थाहरूको विकास, प्रवर्द्धन र वर्तमान समयमा सहकारी अभियानलाई थप सुदृढ, सुरक्षित तथा मर्यादित बनाउने विषयमा गहन छलफल भएको थियो ।

कार्यक्रममा कर्जा असुली न्यायाधिकरणका सूचना अधिकारी नविन मैनाली, अधिवक्ता शिव अधिकारी र चार्टर्ड एकाउन्टेन्ट राजकुमार फुयालले मुख्य सहजकर्ताको रूपमा प्राविधिक एवं कानुनी विषयहरूमा सहजीकरण गर्नुभएको थियो । गोष्ठीबाट प्राप्त ज्ञान र सीपले सहकारी संस्थाहरूमा व्यवस्थित कर्जा लगानी र प्रभावकारी असुली प्रक्रियालाई सघाउनुका साथै वित्तीय जोखिम न्यूनीकरण गरी संस्थाहरूलाई दिगो रूपमा सञ्चालन गर्न महत्वपूर्ण टेवा पुग्ने विश्वास संघले लिएको छ ।

संघका सचिव श्यामकृष्ण महर्जनले सञ्चालन गर्नुभएको सो कार्यक्रममा जिल्ला सहकारी संघ ललितपुरका सचिव अनिलविर बज्राचार्य, ललितपुर महानगरपालिकाका वरिष्ठ अधिकृत चन्द्रलाल डंगोल र सहकारी व्यवस्थापन शाखा प्रमुख दयाराम खत्रीको आतिथ्यता रहेको थियो । गोष्ठीमा कर्जा लगानी तथा असुली प्रक्रियाका कानुनी व्यवस्थाहरूका साथै कर्जा असुली न्यायाधिकरणमार्फत गरिने असुलीका प्राविधिक पाटाहरूबारे विस्तृत जानकारी गराइएको थियो ।

# सहकारी सञ्चालकहरूका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न




ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड र ललितपुर महानगरपालिकाको सहकारी शाखाको संयुक्त आयोजनामा सञ्चालक समिति क्षमता अभिवृद्धि विषयक दुई दिने तालिम सम्पन्न भएको छ । संघमा आवद्ध ३७ वटा सहकारी संस्थाको सहभागिता रहेको उक्त तालिममा सञ्चालकहरूको सक्षमता अभिवृद्धि गरी वर्तमान चुनौतीहरूसँग सामना गर्दै संस्थालाई दिगो र सुरक्षित बनाउने विषयमा केन्द्रित रहेर छलफल गरिएको थियो ।

वरिष्ठ प्रशिक्षक तेज प्रसाद बजगाईंले सहजीकरण गर्नुभएको उक्त तालिममा सहकारीको समग्र विकास र सुधारका लागि स्पष्ट योजनासहित अघि बढ्ने तरिकाहरू सिकाइएको थियो ।

तालिमको उद्‌धाटन सत्रमा बोल्दै ललितपुर महानगरपालिकाका सहकारी व्यवस्थापन शाखा प्रमुख दयाराम खत्रीले कतिपय सहकारी संस्थाले सदस्यकेन्द्रित कारोबार नगरी सञ्चालकहरू गैह्र-सदस्यहरूसँगको कारोबारमा लाग्दा समस्या उत्पन्न भएको बताउनुभयो । उहाँले सहकारीहरू बचत तथा ऋणको नियमित कारोबारमा मात्र सीमित नभई उत्पादनमूलक क्षेत्रमा जोडिनुपर्ने र "एक सहकारी, एक उत्पादन" को अवधारणालाई अनिवार्य रूपमा लागू गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष करुणारत्न बज्राचार्यले सहकारी सञ्चालक समितिको वास्तविक भूमिका र सुरक्षित ऋण लगानीका विधिहरूबारे प्रकाश पार्नुभएको थियो। तालिममा सहभागी प्रतिनिधिहरूले तालिमबाट धेरै नयाँ व्यावहारिक ज्ञान र कौशल सिक्ने अवसर मिलेको बताउँदै प्राप्त ज्ञानलाई आफ्ना संस्थाहरूमा लागू गरी सहकारी सुधारमा प्रभावकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन् ।

# वार्षिक योजना तथा बजेट निर्माण तालिम सम्पन्न




ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड र ललितपुर महानगरपालिकाको सहकारी शाखाको संयुक्त आयोजनामा दुई दिने "वार्षिक योजना तथा बजेट निर्माण" तालिम सम्पन्न भएको छ । संघमा आवद्ध ३७ वटा सहकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त तालिम गत जेठ २६ र २७ गते सञ्चालन भएको थियो ।

प्रशिक्षक कुवेर निरौलाले सहजीकरण गर्नुभएको तालिमको समापन सत्रमा बोल्दै संघका वरिष्ठ उपाध्यक्ष करुणारत्न बज्राचार्यले सहभागीहरूलाई अनुमानका भरमा नभई सिकेका सूचक र विधिको प्रयोग गरेर वास्तविक बजेट निर्माण गर्न आग्रह गर्नुभयो । आगामी दिनमा पनि सदस्य संस्थाहरूको आवश्यकता अनुसार लेखा व्यवस्थापन, पर्ल्स अनुगमन विधि, क्षमता अभिवृद्धि तथा करसम्बन्धी थप प्रभावकारी तालिमहरू सञ्चालन गर्दै जाने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

तालिममा सहकारी संस्थाहरूका लागि वार्षिक योजनाको महत्व, योजना निर्माण गर्दा ध्यान दिनुपर्ने विषयहरू, रणनीतिक योजनाको कार्यढाँचा, बजेट तर्जुमाका आधारहरू र योजना तथा बजेटबिचको सम्बन्धबारे व्यवहारिक प्रशिक्षण दिइएको संघका व्यवस्थापक सन्तोष बजगाईंले जानकारी दिनुभयो । सहकारी संस्थाहरूले आफ्नो व्यवसायको आकार र उपलब्ध स्रोतको सही पहिचान गरी बजेट बनाउने विधि र उपायहरूमा तालिम केन्द्रित रहेको उहाँले बताउनुभयो ।



# कार्यविनायक साकोसको दुई दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न



कार्यविनायक सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.को आयोजनामा दुई दिने क्षमता अभिवृद्धि तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । जिल्ला बचत तथा ऋण सहकारी संघ, ललितपुरको सहयोगमा धुलिखेल भिलेज रिसोर्ट, धुलिखेलमा संचालित गत चैत्र २७ र २८ गते आयोजना गरिएको हो ।

तालिममा संस्थाका सञ्चालक, विभिन्न समिति, उप-समिति तथा कर्मचारी गरी जम्मा ३५ जनाको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रमको प्रशिक्षकको रुपमा सहकारी प्रशिक्षक तथा हाम्रो सोलुसन प्रबन्ध निर्देशक तेज प्रसाद बजगाईंले रहनुभएको थियो ।

कार्यक्रमको उद्घाटनका समारोहमा सम्बोधन गर्दैसंस्थाका अध्यक्ष अष्टराम महर्जनले यस प्रकारको तालिमले सहकारीको संस्थागत विकासका साथै सहभागीहरुको व्यक्तित्व विकासमा महत्वपूर्ण टेवा पुग्ने धारणा व्यक्त गर्नुभयो ।

सहभागीहरुको अपेक्षा सङ्कलनबाट सुरु भएको प्रशिक्षण अवधिभर उद्घाटनदेखि समापनसम्म नै सहकारी क्षेत्रमा भइरहेका गतिविधि, देखिएका समस्या, नयाँ नियम-कानुन तथा सहकारीको मूल मर्मका विषयमा गहन छलफल र अन्तरक्रिया गरिएको थियो ।

दुई दिनसम्म चलेको प्रशिक्षणमा वित्तीय अनुशासन, संस्थागत सुशासन, जिम्मेवार नेतृत्व, प्रभावकारी व्यवस्थापन, सदस्यको बचतको सुरक्षा, ऋण लगानीमा सावधानी, समयमै असुली, अभिलेख व्यवस्थापन र सदस्यप्रतिको उत्तरदायी व्यवहारका विषयमा व्यवहारिक ज्ञान प्रदान गरिएको थियो । यसैगरी संस्थाका कमजोरीहरुलाई लुकाउनुको सट्टा पहिचान गरी सुधार गर्दै जाने र व्यक्तिगत स्वार्थ त्यागेर सामूहिक निर्णयलाई प्राथमिकता दिनुपर्ने विषयमा तालिम केन्द्रित रहेको थियो । सहभागीहरुले आफ्ना अनुभव र जिज्ञासा प्रस्तुत गर्दै रमाइलो वातावरणमा प्रत्यक्ष अन्तरक्रिया गरेकाले कार्यक्रम सञ्चालन गरिएको थियो ।

समारोहको समापन सत्रमा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै शिक्षा समितिका संयोजक बेखारत्न महर्जनले सहकारी क्षेत्रमा निरन्तर परिवर्तन भइरहने नियम, कानूनी व्यवस्था र कार्यशैलीबारे अध्यावधिक हुन यस्ता प्रशिक्षणहरु अपरिहार्य रहेको बताउनुभयो ।

कार्यक्रमको सहजीकरण संस्थाका सचिव पुष्कर खत्रीले गर्नुभएको थियो ।

# संयुक्त रक्तदान कार्यक्रममा ३५ जना सहभागी



प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सामाजिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको संयुक्त आयोजनामा ललितपुरको लगनखेलमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । "उद्यमशीलता र पारदर्शिता: सहकारीको प्राथमिकता" भन्ने नाराका साथ ६९ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत गत २०८२ चैत्र १४ गते शनिबार सो कार्यक्रम आयोजना गरिएको हो ।

"रक्तदान जीवनदान" भन्ने भावनालाई आत्मसात् गर्दै सञ्चालित उक्त कार्यक्रममा संस्थाका सदस्यहरू, स्थानीय बासिन्दा तथा समाजसेवीहरूको उत्साहजनक उपस्थिति रहेको थियो । कार्यक्रममा कुल ३५ जनाले रक्तदान गरेका छन् ।

मानव जीवनको रक्षा गर्न तथा समाजमा रक्तदानप्रति सचेतना अभिवृद्धि गर्ने उद्देश्यले दुवै संस्थाले हरेक वर्ष संयुक्त रुपमा यो कार्यक्रम गर्दै आएका छन् । सहकारी केवल आर्थिक कारोबारमा मात्र सीमित नरही सामाजिक जनचेतना र मानवीय सहकार्य अभिवृद्धिमा समेत महत्वपूर्ण रहने विश्वास संस्थाहरूले लिएका छन् ।

आगामी दिनहरूमा पनि शैक्षिक, आत्मनिर्भरता तथा नेतृत्व विकास जस्ता सामाजिक कार्यहरूलाई निरन्तरता दिने प्रतिबद्धता दुवै साकोसले व्यक्त गरेका छन् ।

# हाम्रो गौरव सहकारी



एक, एक पाईला सरी बढौं अघि अघि ।
गाउँ समाज सहकार्य जय सहकारी ।।

मर मेरो मात्र होईन, हामी हाम्रो लागी ।
साना साना पूजी बचत, भोलिको हो साथी ।।

एकको दु:ख साझा हाम्रो,बाडौं सरिबरी ।
हातेमालों गरी बढौं,दु:ख छ सयौं थरी ।।

एकता नै शक्ति हाम्रो, तराई पहाड हिमाल ।
सहकारी अभियान, गाऊँ शहर नेपाल ।।

श्रमिक, किसान, महिला पुरुष छैन भेदभाव ।
साझा लक्ष्य, सपना अनि, साझा दृढ लगाव ।।

सहकारीका सिध्दान्त समान अपनत्व यो ।
व्यक्तित्व विकास समृद्धि, शुभ एकता नै हो ।।

सदस्य हित पारदर्शी, ईमान यस्को ज्यान ।
हाम्रो गौरव सहकारी, थालौं महाअभियान ।।

**बाबु कृष्ण डंगोल-खोकना**

**संयोजक, लेखा सुपरिवेक्षण समिति**
**शुभेक्षा बचत तथा ऋण सहकारी संस्था लि.**
**ल.पु.म.न.पा.- १८, सैबु, खोकना दोबाटो**

# सहकारी दिवसमा सातमुहाने देउराली सहकारीको सरसफाइ कार्यक्रम



ललितपुरको धोबिघाटस्थित सातमुहाने देउराली बचत तथा ऋण सहकारी संस्था लि.ले ६९ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत सरसफाइ कार्यक्रम सम्पन्न गरेको छ । सहकारीको मूल्य र मान्यता अनुसार सामाजिक उत्तरदायित्व वहन गर्दै "सफा र स्वच्छ समाज राम्रो, जिम्मेवारी तपाई अनि हाम्रो" भन्ने मूल नाराका साथ उक्त कार्यक्रम आयोजना गरिएको हो ।

गत चैत २० गते आयोजना गरिएको कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सम्पूर्ण उपसमितिका सदस्यहरु तथा कर्मचारीहरुको सहभागिता रहेको थियो । नेप्सेम्याक, लायन्स क्लब अफ बनस्थली काठमाडौं र सिद्धार्थ कटेज सहकार्यमा संचालित कार्यक्रममा कुल ३५ जनाको सक्रिय सहभागिता थियो । सरसफाइ अभियानका क्रममा स्थानीय बासिन्दा तथा संस्थाका सदस्यहरुले समेत स्वस्फूर्त रुपमा जोडिएर साथ र सहयोग पु¥याएका थिए । हरेक वर्ष निरन्तर आयोजना हुने भएकाले यो कार्यक्रम सबैको मनमस्तिष्कमा बस्न सफल भएको छ भने स्थानीयहरुले सहकारीको यो सामाजिक कार्यको उच्च प्रशंसा गरेको आयोजकले जनाएको छ ।

सातमुहाने देउराली सहकारीले आफ्ना सदस्यहरुको हितका लागि आर्थिक, सामाजिक, शिक्षा र स्वास्थ्य सम्बन्धी विविध वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । संस्थाले विशेष गरी महिला सदस्यहरुका लागि अचार, धूप तथा सेलरोटी बनाउने तालिमका साथै एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मान, स्वास्थ्य शिविर, वृक्षारोपण, आधारभूत प्लम्बिङ र इलेक्ट्रिसियन तालिम, सहकारी शिक्षा र रक्तदान जस्ता सामाजिक कार्यहरु निरन्तर गर्दै आएको छ । संस्थाले आगामी दिनहरुमा पनि यस्ता समुदायकेन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपमा निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।



# ठेचो महिला जागरण साकोसको दन्त शिविर सम्पन्न



ठेचो महिला जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा सम्पन्न भएको छ । संस्थाको वार्षिक कार्ययोजना अनुसार ठेचोस्थित सेन्ट पल स्कुलमा आयोजित उक्त शिविरमा मा कुल ३४२ जना स्थानीयले दन्त परीक्षण गरेका छन् ।

समाज डेन्टल जावलाखेलको प्राविधिक सहयोगमा सञ्चालित उक्त शिविरमा दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परामर्श, दाँत निकाल्ने, सफा गर्ने र एक्स-रे सेवा उपलब्ध गराइएको थियो ।

डाक्टर तथा प्राविधिक गरी ११ जनाको टोलीले सेवा प्रदान गरेको उक्त शिविर बिहान ८ बजेदेखि १२ बजेसम्मका लागि तय गरिएको कार्यक्रम सेवाग्राहीको बाक्लो उपस्थितिलाई ध्यानमा राख्दै दिउँसो १ बजेसम्म सञ्चालन गरिएको हो ।

बिरामीहरूलाई आवश्यकता अनुसार औषधिजन्य सामग्री वितरण गरिनुका साथै सहभागी सबैलाई समाज डेन्टलबाट थप उपचारमा २० प्रतिशत छुटको समेत व्यवस्था गरिएको थियो ।





# आयाम साकोसद्वारा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न



ललितपुर महानगरपालिका वडा नं. १४ ताल्छिखेलस्थित आयाम बचत तथा ऋण सहकारी संस्था लिमिटेडले गत २०८२ चैत्र २८ गते बृहत खुल्ला रक्तदान कार्यक्रम आयोजना गरेको छ ।

समुदायप्रतिको चासो र सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान नै जीवनदान भन्ने भावनालाई आत्मसात् गर्दै सञ्चालन गरिएको संस्थाले जनाएको छ ।

उक्त कार्यक्रममा महिला तथा पुरुष गरी कुल ७१ जना रक्तदाताले रक्तदान गरेका थिए । कार्यक्रमका अवसरमा संस्थाका अध्यक्ष गणेश प्रसाद नेपालले मानव जीवनको रक्षा गर्न र बजारमा व्याप्त रगतको अभावलाई कम गर्न योगदान पुऱ्याउने उद्देश्यले यो कार्यक्रम गरिएको बताउनुभयो । समाजमा रक्तदानप्रतिको सचेतना अभिवृद्धि गर्न सहकारीले हरेक वर्ष सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता कार्यक्रम निरन्तर गर्दै आइरहेको जानकारी पनि अध्यक्ष नेपालले दिनुभयो ।

कार्यक्रमका सहभागीहरुले सहकारी संस्थाहरु केवल आर्थिक कारोबारमा मात्र सीमित नभई सामाजिक र मानवीय सेवामा पनि उत्तिकै उत्तरदायी हुनुपर्ने कुरामा जोड दिएका थिए । संस्थाले आयोजना गर्ने यस्ता सामाजिक गतिविधिले समाजमा मानवता, एकता र सहकार्यको भावना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिएको छ । आयाम साकोसले आगामी दिनहरुमा पनि सहकारी शिक्षा, स्वास्थ्य, संस्कृति र वातावरण जस्ता सामाजिक उत्तरदायित्वका विभिन्न क्षेत्रमा आफ्ना रचनात्मक कार्यक्रमहरुलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

सो कार्यक्रममा संस्थाका सदस्य, स्थानीय बासिन्दा, सरोकारवाला संघसंस्थाका प्रतिनिधि तथा समाजसेवीहरुको बाक्लो उपस्थिति रहेको थियो ।

३३औं
स्थापना
दिवस

# हार्दिक आभार

विगत ३२ वर्षदेखि तपाई सम्पूर्ण सदस्य संस्थाहरुले हामीप्रति देखाउनुभएको विश्वास, माया र साथप्रति हामी हृदयदेखि हार्दिक सम्मान तथा कृतज्ञता व्यक्त गर्दछौं । साथै आगामी दिनहरुमा पनि तपाईहरुको आकांक्षा परिपूर्तिका निमित्त समर्पित भई उत्कृष्ट सेवा प्रदान गर्ने वाचा गर्दछौँ ।

रामहरि बजगाई
अध्यक्ष तथा
ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. परिवार

**ललितपुर जिल्ला**
**बचत तथा ऋण सहकारी संघ लिमिटेड**

federation.lalitpur@gmail.com    www.facebook.com/BachatSangh    www.lalitpurbachatsangh.org.np

# तस्वीरमा बचत संघ



संघको ३२ औं स्थापना दिवस






सञ्चालक समिति क्षमता अभिवृद्धि तालिम






वार्षिक योजना तथा बजेट निर्माण तालिम

# संयुक्त राष्ट्र संघ
# दिगो विकास लक्ष्य

सन् २०१६–२०३०

१ गरिवीको अन्त्य

२ भोकमरीको अन्त्य

३ स्वास्थ्य र समुन्नत समाज

४ गुणस्तरीय शिक्षा

५ लैङ्गिक समानता

६ स्वच्छ पानी तथा सरसफाई

७ स्वच्छ ऊर्जामा सहज पहुँच

८ मर्यादित रोजगार तथा आर्थिक वृद्धि

९ उद्योग पूर्वाधार र नविन सिर्जना

१० असमानता न्यूनीकरण

११ दिगो शहर र समुदायहरू

१२ जिम्मेवारीपूर्ण उपभोग तथा उत्पादन

१३ जलवायु परिवर्तनमा तत्काल पहल

१४ जलमुनीको जैविक विविधताको संरक्षण

१५ जमिनमाथिको जैविक विविधताको संरक्षण

१६ शान्ति, न्याय र सशक्त निकाय

१७ लक्ष्य प्राप्तिको लागि साझेदारी